# अरुण गाउँपालिकाको

१० वर्षे

# शिक्षा क्षेत्र योजना (२०८२-२०९१)

अरुण गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

प्याउली, भोजपुर, कोशी प्रदेश

**संरक्षक :**

१ श्री शालिकराम खत्री - गाउँपालिका अध्यक्ष

२ श्री बिनिता ढकाल - गाउँपालिका उपाध्यक्ष

३ श्री जितमान जिमी - प्रमुख प्रशासकीय अधिकृत

**योजना निर्माण सदस्यहरू :**

१ श्री शालिकराम लुईटेल - अधिकृत सातौं; योजना शाखा

२ श्री मोहन सिह साउद - शिक्षा अधिकृत सातौं; शिक्षा, युवा तथा खेलकुद शाखा

३ श्री गणेश बस्नेत - प्राविधिक सहायक; शिक्षा, युवा तथा खेलकुद शाखा

**योजना लेखन कार्यदल सदस्यहरू :**

| | | |
|---|---|---|
| **१** | **भवानी श्रेष्ठ** | **संयोजक** |
| **२** | **गुणराज खनाल** | **सदस्य** |
| **३** | **बेदनाथ ढकाल** | **सदस्य** |
| **४** | **राजन खडका** | **सदस्य** |
| **५** | **घनश्याम भण्डारी** | **सदस्य** |
| **६** | **बबिन्द्र प्रसाद भण्डारी** | **सदस्य** |
| **७** | **भोगेन्द्र पुलामी** | **सदस्य** |
| **८** | **निधिकान्त निरौला** | **सदस्य** |
| **९** | **दिपक अधिकारी** | **सदस्य** |
| **१०** | **नेत्र प्रसाद ढकाल** | **सदस्य** |
| **११** | **रामरिझन मण्डल** | **सदस्य** |
| **१२** | **कमला कार्की** | **सदस्य** |

**तयारकर्ता**
**प्रकाशक** : अरुण गाउँपालिका, भोजपुर

**प्रकाशन प्रति** :

**सर्वाधिकार** : प्रकाशकमा

**मुद्रण** :

**प्रमाणित मिति**: २०८३

**प्रकाशन मिति** : २०८३

## सम्पर्क

website:www.arunmun.gov.np
Municipality Email:arunrmun@gmail.com,
Education Department Email: edu.arunrmun1@gmail.com

**नोट** : अरुण गाउँपालिका भोजपुरले तयार पारेको यो १० वर्षे शिक्षा योजनाले यस गाउँपालिकाको शिक्षा क्षेत्रको समग्र विकासको लागि उल्लेखनिय सपनाहरू बोकेको छ। यि सपनाहरू पुरा गरी शिक्षा क्षेत्रमा अपेक्षित सुधार ल्याउन उपलब्ध भएका श्रोत साधनलाई कुशलतापूर्ण तवरले प्रयोगमा ल्याई समयमा नै लक्ष्य हासिल हुने अपेक्षा राखिएको छ । यस योजनालाई समय सापेक्ष तथा आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ।

# अरुण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**प्याउली, भोजपुर**

**पत्र सङ्ख्या:** २०८२/०८३ **(कोशी प्रदेश,नेपाल)**
**चलानी नं:** **मितिः** २०८२/ १२/ २५

शिक्षा समृद्ध समाज, सक्षम नागरिक र दिगो विकासको आधार हो । गुणस्तरीय, समावेशी, समतामूलक तथा जीवनोपयोगी शिक्षामार्फत सक्षम मानव संसाधन उत्पादन गर्नु स्थानीय सरकारको प्रमुख दायित्व हो । यसै दायित्वलाई आत्मसात् गर्दै **अरुण गाउँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना (२०८२–२०९१)** तयार गरिएकोमा अत्यन्त हर्ष लागेको छ ।

संविधान, प्रचलित कानुन तथा राष्ट्रिय शिक्षा नीतिको मर्मअनुसार स्थानीय आवश्यकता र सम्भावनालाई समेटेर तयार **गरिएको यो योजना** गाउँपालिकाको **शिक्षा विकासको** महत्वपूर्ण आधार बन्ने विश्वास लिएको छु । योजनाको सफल कार्यान्वयनका लागि जनप्रतिनिधि, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थी, कर्मचारी, समुदाय तथा विकास साझेदारहरूको सक्रिय सहभागिता, समन्वय र सहकार्य अपरिहार्य रहनेछ ।

योजना निर्माणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुर्‍याउनुहुने सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । योजनामा उल्लेखित लक्ष्य र उद्देश्य हासिल गर्न गाउँपालिका आवश्यक स्रोत–साधनको व्यवस्थापन, प्रभावकारी कार्यान्वयन तथा नियमित अनुगमन र मूल्याङ्कनप्रति पूर्ण प्रतिबद्ध रहने विश्वास दिलाउन चाहन्छु ।

धन्यवाद !

शालिकराम खत्री
गाउँपालिका अध्यक्ष

# अरुण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर

**पत्र सङ्ख्या:** २०८२/०८३ **(कोशी प्रदेश,नेपाल)**
**चलानी नं:** **मितिः** २०८२/ १२/ २५

गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा प्रत्येक नागरिकको मौलिक अधिकार हो। यस अधिकारलाई व्यवहारमा सुनिश्चित गर्न दीर्घकालीन सोच, स्पष्ट नीति र प्रभावकारी कार्यान्वयन आवश्यक हुने भएकाले अरुण गाउँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना तयार गरिएकोमा म हार्दिक खुशी व्यक्त गर्दछु।

यस योजनाले गाउँपालिकाको शिक्षाको वर्तमान अवस्था, चुनौती, सम्भावना तथा आवश्यकतालाई विश्लेषण गरी आगामी दस वर्षका लागि स्पष्ट लक्ष्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना निर्धारण गरेको छ। विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि, प्रारम्भिक बालविकास, शिक्षकको पेशागत क्षमता विकास, सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग, समावेशी शिक्षा, विद्यालय सुशासन, सुरक्षित सिकाइ वातावरण तथा स्थानीय आवश्यकता र सम्भावनाअनुकूल सीपमूलक शिक्षाको विकासलाई यस योजनाले विशेष प्राथमिकता दिएको छ।

योजना निर्माणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दै योजनाको सफल कार्यान्वयनका लागि सबैमा सहयोग, समन्वय र प्रतिबद्धताको हार्दिक अनुरोध गर्दछु।

**धन्यवाद!**

बिनिता ढकाल
गाउँपालिका उपाध्यक्ष

# अरुण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**प्याउली, भोजपुर**

**(कोशी प्रदेश,नेपाल)**

**पत्र सङ्ख्याः** २०८२/०८३

**चलानी नंः**

**मितिः** २०८२/ १२/ २५

मानव विकास, सामाजिक रूपान्तरण तथा समृद्धिको प्रमुख आधार शिक्षा हो। संविधानले प्रत्याभूत गरेको शिक्षाको मौलिक अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै गुणस्तरीय, समावेशी, समतामूलक र जीवनोपयोगी शिक्षाको सुनिश्चितता गर्नु स्थानीय सरकारको महत्वपूर्ण दायित्व हो। यही दायित्वलाई आत्मसात् गर्दै **अरुण गाउँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना (२०८२–२०९१)** तयार गरिएकोमा मलाई अत्यन्त खुशी लागेको छ।

योजनाले गाउँपालिकाको शिक्षा क्षेत्रको वर्तमान अवस्था, चुनौती, सम्भावना तथा आवश्यकतालाई विश्लेषण गरी आगामी दस वर्षका लागि स्पष्ट लक्ष्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना निर्धारण गरेको छ। यस योजनाले विद्यालय शिक्षामा पहुँच, गुणस्तर, सान्दर्भिकता र संस्थागत क्षमताको अभिवृद्धिमा विशेष प्राथमिकता दिएको छ।

यस योजनाको सफल कार्यान्वयनका लागि गाउँपालिकाका भित्र शिक्षा क्षेत्रमा क्रियाशिल सरोकारवालाहरुको प्रभावकारी समन्वय, सहकार्य र उत्तरदायित्व आवश्यक छ। गाउँपालिकाको प्रशासनिक संयन्त्र योजनामा उल्लिखित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, नियमित अनुगमन तथा मूल्याङ्कनप्रति पूर्ण रूपमा प्रतिबद्ध रहने विश्वास दिलाउन चाहन्छु।

यस योजना निर्माणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण जनप्रतिनिधि, शिक्षा क्षेत्रका विज्ञ, शिक्षक, कर्मचारी, सरोकारवाला निकाय तथा विकास साझेदारहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद !

जितमान जिमी

(प्रमुख प्रशासकीय अधिकृत)

# अरुण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**प्याउली, भोजपुर**

**पत्र सङ्ख्या:** २०८२/०८३ **(कोशी प्रदेश,नेपाल)**
**चलानी नं:** **मितिः** २०८२/ १२/ २५

**अरुण गाउँपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना (२०८२–२०९१)** तयार भई कार्यान्वयनको चरणमा प्रवेश गर्नु गाउँपालिकाको शिक्षा विकासका लागि महत्वपूर्ण उपलब्धि हो। शिक्षा राष्ट्र निर्माणको आधार र दिगो विकासको प्रमुख माध्यम हो। गुणस्तरीय, समावेशी, समतामूलक तथा जीवनोपयोगी शिक्षाको सुनिश्चितताका लागि दीर्घकालीन योजना अपरिहार्य हुन्छ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan, 2022/23-2031/32)** स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी यस अरुण गाँउपालिका भोजपुरले पनि यो १० वर्षे शिक्षा योजना निर्माण गरेको छ।

यस योजना निर्माण प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, जनप्रतिनिधि, शिक्षक, प्रधानाध्यापक, कर्मचारी, शिक्षा क्षेत्रका विज्ञ, सरोकारवाला निकाय सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु।

धन्यवाद !

मोहन सिह साउद
शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख
(शिक्षा अधिकृत सातौं)

## योजनाको सारांश

- अरुण गाउँपालिका कोशी प्रदेश अन्तर्गतका १४ जिल्लाहरू मध्य भोजपुर जिल्लाको पूर्वमा रहेको छ । यस गाउँपालिकाको सदरमुकाम प्याउलीमा रहेको छ।
- यो गाउँपालिका भौगोलिक हिसावले मध्य पहाडी भेगमा पर्दछ । यहाँको हावापानी मध्यम खालको रहेको छ । भौगोलिक विविधतायुक्त यस गाउँपालिकाले ऐतिहासिक महत्व पनि राख्दछ।
- मध्य पहाडी राजमार्गले छोएको हुँदा नेपालको राजधानीसम्म आवागमन गर्न सहज हुने सम्भावना रहेको यस गाउँपालिका पर्यटकीय हिसावले पनि अत्यन्तै सुन्दर एवं मनमोहक देखिन्छ।
- समुन्द्र सतहवाट १५३ मिटर देखि १४५२ मिटर उचाईसम्म फैलिएको यस गाउँपालिकाको क्षेत्रफल १५४.७६ वर्ग कि मी रहेको छ ।
- राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसङ्ख्या १४,५९१ रहेको छ। जस मध्ये पुरुषको प्रतिशत ४८.९० र महिलाको प्रतिशत ५१.१० रहेको छ।
- लैङ्गिक अनुपात ९५.६९ प्रतिशत रहेको छ।
- यस गाउँपालिकाको जनगणना २०७८ अनुसार जातिगत रुपमा विश्लेषण गर्दा सबै भन्दा बढी बाहुल्यता जनजातिको प्रतिशत ६२.८७ रहेको छ भने त्यस पश्चात ब्राह्मण क्षेत्रीको बाहुल्यता रहेको छ।
- दलित समूहको जनसङ्ख्या ९.७३ प्रतिशत रहेको छ।
- यस गाउँपालिकाको जनगणना २०७८ अनुसार भाषाको आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी नेपाली भाषा बोल्ने मानिसहरूको बहुल्यता छ भने नेपाली भाषाको बोल्नेको ५३.३८ रहेको छ।
- यस गाउँपालिकाभित्र ३५ वटा सामुदायिक र २ वटा संस्थागत गरी ३७ वटा विद्यालयहरू छन् जहाँ २८६ जना शिक्षकहरू, ४४ जना कर्मचारीहरू र २९२० जना विद्यार्थीहरू रहेका छन्।
- यस योजनाको कार्यान्वयन पश्चात प्रारम्भिक बालविकास देखि माध्यमिक शिक्षाको समन्यायीक पहुँचमा वृद्धि भएको हुनेछ ।
- विद्यालय शिक्षाको सबै कक्षाको सिकाइ उपलब्धिमा वृद्धि भई गुणस्तरीय शिक्षाको विकास भएको हुनेछ।
- स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको पूर्ण रुपमा कार्यान्वयन भएको हुनेछ।
- शिक्षकको पेसागत विकास तथा सहायता प्रणाली लागु भएको हुनेछ।
- विद्यार्थीमैत्री मूल्याङ्कन प्रणालीको व्यवस्था भएको हुनेछ ।
- विद्यालय व्यवस्थापनमा सुशासन कायम गर्न नेतृत्व व्यवस्थापन, पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वमा सुधार भएको हुनेछ।
- प्राविधिक, व्यावसायिक तथा प्रविधियुक्त शिक्षाको आधार तयार भएको हुनेछ।
- आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित भएको हुनेछ।
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरूमा विस्तार भएको हुनेछ।
- प्रारम्भिक कक्षामा सिकाई उपलब्धि बढाउन स्थानीय तहको लगानिमा वृद्धी भएको हुनेछ।
- सिकाइ क्रियाकलाप सञ्चालनको लागि न्यूनतम सिकाइ वातावरणको स्थापनामा अभिवृद्धि भएको हुनेछ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न समुदाय तथा अभिभावकको सहभागिता वृद्धि भएको हुनेछ।

## विषय


१. विषय प्रवेश ........................................ १

*२. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य* ........................................ १

*३. शिक्षा योजना निर्माणको औचित्य,* ........................................ २

*४. शिक्षा योजना निर्माणका आधारहरू* ........................................ २

*५ शिक्षा योजना निर्माण प्रक्रिया* ........................................ ३

*६ योजनाको लेखाजोखा* ........................................ ३

*७ योजनाको दस्तावेजको स्वरूप* ........................................ ४

**परिच्छेद १ : परिचय** ........................................ ५

*१.१ वर्तमान अवस्था* ........................................ ५

क. भौगोलिक अवस्थितिको विश्लेषण ........................................ ५

ख. जनसांख्यिक संरचनाको विश्लेषण ........................................ ७

ग. सामाजिक तथा सांस्कृतिक अवस्था ........................................ ८

घ. आर्थिक अवस्थाको विश्लेषण ........................................ १०

ङ. शैक्षिक अवस्थाको विश्लेषण ........................................ १२

*१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण* ........................................ २२

**परिच्छेद २ : दूर दृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** ........................................ २४

*२.१ शिक्षा योजना निर्माण गर्दा लिईएका आधारहरू* ........................................ २४

*२.२ दूरदृष्टि (दीर्घकालीन सोच)* ........................................ २५

*२.३ लक्ष्य* ........................................ २५

*२.४ उद्देश्य* ........................................ २५

२. ५ रणनीति ........................................ २५

*२.६ कार्यनीति* ........................................ २७

२.७ अपेक्षित उपलब्धि ........................................ ३३

२.८ मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण ........................................ ३५

**परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्रहरू** ........................................ ३६

*३.१ प्रारम्भिक बालविकास तथा शिक्षा* ........................................ ३६

३.१.१ वर्तमान अवस्था ........................................ ३६

३.१.२ उद्देश्य ........................................ ३६

३.१.३ रणनीति ........................................ ३७

३.१.४ प्रमुख उपलब्धि तथा नतिजा ........................................ ३७

३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........................................ ३८

*३.२ आधारभूत शिक्षा* ........................................ ३९

३.२.१ वर्तमान अवस्था ........................................ ३९

३.२.२ उद्देश्य ........................................ ४०

३.२.३ रणनीति ........................................ ४१

३.३.४ प्रमुख उपलब्धि तथा नतिजा ........................................ ४३

३.२.५ प्रमुख क्रियापलाप तथा परिमाणात्मक लक्ष्य ........................................ ४४

*३.३ माध्यमिक शिक्षा* ...................................................... ४५
३.३.१ वर्तमान अवस्था ...................................................... ४५
३.३.२ उदेश्यहरू ...................................................... ४६
३.३.३ रणनीति...................................................... ४६
३.३.४ उपलब्धि तथा प्रमुख नतिजाहरू...................................................... ४७
३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ...................................................... ४९
*३. ४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम* ...................................................... ५०
३.४.१ वर्तमान अवस्था ...................................................... ५०
३.४.२ उद्देश्य ...................................................... ५०
३.४.३ रणनीति...................................................... ५१
३.४.४ उपलब्धि तथा प्रमुख नतिजाहरू ......................................................५१
३.४.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ...................................................... ५३
*३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ*...................................................... ५४
३.५.१ वर्तमान अवस्था- ...................................................... ५४
३.५.२ उद्देश्य ...................................................... ५४
३.५.३ रणनीति...................................................... ५४
३.५.४ प्रमुख उपलब्धि र नतिजा...................................................... ५५
३.५.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ...................................................... ५६
**परिच्छेद ४ : अन्तरसम्बन्धित क्षेत्रहरू** ...................................................... ५७
*४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन*...................................................... ५७
४.१.१ वर्तमान अवस्था ...................................................... ५७
४.१.२ उद्देश्य ...................................................... ५८
४.१.३ रणनीति...................................................... ५८
४.१.४ प्रमुख उपलब्धि तथा नतिजा ...................................................... ५९
४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...................................................... ६१
*४.२ शिक्षक व्यवस्थापन तथा विकास*...................................................... ६२
४.२.१ वर्तमान अवस्था ...................................................... ६२
४.२.२ उद्देश्य ...................................................... ६७
४.२.३ रणनीति...................................................... ६८
४.२.४. प्रमुख उपलव्धी तथा नतिजा...................................................... ६८
४.२.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...................................................... ६९
*४.३ शिक्षामा समता तथा समावेशीकरण*...................................................... ७१
४.३.१ वर्तमान अवस्था ...................................................... ७१
४.३.२ उदेश्य ...................................................... ७१
४.३.३ रणनीति...................................................... ७१
४.३.४ प्रमुख उपलब्धि तथा नतिजा ...................................................... ७२
४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...................................................... ७३
*४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम* ...................................................... ७४

४.४.१ वर्तमान अवस्था ..... ७४
४.४.२ उद्देश्य ..... ७४
४.४.३ रणनीति..... ७५
४.४.४ प्रमुख उपलब्धि तथा नतिजा ..... ७५
४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... ७७
४.५ *विद्यालय सुरक्षा बिपद् न्यूनीकरण तथा उत्थानशीलता* ..... ७८
४.५.१ वर्तमान अवस्था ..... ७८
४.५.२ उद्देश्य ..... ७८
४.५.३ रणनीति..... ७८
४.५.४ प्रमुख उपलब्धि तथा नतिजा..... ७९
४.५.५ प्रमुख क्रियापलाप र परिमाणात्मक लक्ष्य ..... ८०
४.६ विद्यालयको भौतिक पूर्वाधार विकास ..... ८१
४.६.१ परिचय..... ८१
४.६.२ उद्देश्य ..... ८२
४.६.३ रणनीति..... ८२
४.६.४ प्रमुख उपलब्धि तथा नतिजा ..... ८३
४.६.५ प्रमुख क्रियापलाप तथा लक्ष्य ..... ८४
४.७ *विद्यालयमा सूचना तथा सञ्चार प्रविधि* ..... ८५
४.७.१ वर्तमान अवस्था ..... ८५
४.७.२ उद्देश्य ..... ८५
४.७.३ रणनीति..... ८६
४.७.४ प्रमुख उपलब्धि तथा नतिजा .....८६
४. ७ .५. प्रमुख क्रियापलाप र परिमाणात्मक लक्ष्य ..... ८७
**परिक्षेद ५: अन्य उपक्षेत्रहरू** ..... ८८
५.१ *छात्रवृत्ति*..... ८८
५.१.१ वर्तमान अवस्था ..... ८८
५.१.२ उद्देश्य ..... ८८
५.१.३ रणनीति..... ८८
५.१.४ प्रमुख उपलब्धि तथा नतिजा ..... ८९
५.१.५ प्रमुख क्रियापलाप तथा लक्ष्यहरू ..... ८९
५.२ उच्च शिक्षा .....९०
५.२.१ वर्तमान अवस्था .....९०
५.२.२ उद्देश्य .....९०
५.२.३ रणनीति .....९०
५·२·४ प्रमुख उपलब्धि र नतिजा..... ९१
५·२·५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ..... ९१
**परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन** ..... ९२
६.१ *शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास* ..... ९२

६.१.१ वर्तमान अवस्था ............ ९२
६.१.२ उद्देश्य ............ ९२
६.१.३ रणनीति ............ ९२
६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप ............ ९३
६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ............ ९४
६.२ *स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध* ............ ९५
६.२.१ वर्तमान अवस्था ............ ९५
६.२.२ उद्देश्यहरू ............ ९५
६.२.३ रणनीति ............ ९५
६.२.४ प्रमुख उपलब्धि तथा नतिजा ............ ९६
६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ............ ९६
**परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन** ............ ९७
७.१ वर्तमान अवस्था ............ ९७
७.२ उद्देश्य ............ ९८
७.३ रणनीति ............ ९८
७.४ प्रमुख उपलब्धि ............ ९८
७.५ प्रमुख क्रियाकलाप र लक्ष्य ............ ९९
७.६ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया ............ १०२
७.७ योजना कार्यान्वयनको लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन ............ १०३
**परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन** ............ १०४
८.२ उद्देश्य ............ १०४
८.३ रणनीति ............ १०४
८.४ प्रमुख उपलब्धि तथा नतिजा ............ १०५
८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ............ १०६
अनुसूचीहरू

## १. विषय प्रवेश

नेपालको संविधान २०७२ ले शिक्षालाई मौलिक हकको रुपमा ब्यवस्था गरेको छ। संविधानत: प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ। प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ। अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन वमोजिम नि:शुल्क उच्च शिक्षा पाउने हक हुनेछ। दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन वमोजिम नि:शुल्क शिक्षा पाउने हक हुनेछ। नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली सनुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ भनी शिक्षा सम्बन्धी मौलिक हकको ब्यवस्था गरेको छ।

नेपालको संविधानमा सङ्घीय, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचनाको व्यवस्था गरेसँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रमहरू स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन्। शैक्षिक सेवालाई प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। हाल नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि ***विद्यालय शिक्षा क्षेत्र योजना SESP*** (२०७९–२०८८) कार्यान्वयनमा रहेको छ। स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने व्यवस्था भएकाले यस अरुण गाँउपालिकाले यो दश बर्षीय ***अरुण शिक्षा योजना*** **(२०८२–२०९१)** निर्माण गरेको छ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकासका लक्ष्यहरू, सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यालय शिक्षा क्षेत्र योजनाले दिशानिर्देश गरेबमोजिम शिक्षा क्षेत्रको विकास गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यक देखिएको छ। विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

नेपालको संविधानको अनूसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११ ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ। यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ। यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan, 2022/23-2031/32)**

स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी यस अरुण गाँउपालिका भोजपुरले पनि यो १० वर्षे शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

## ३. शिक्षा योजना निर्माणको औचित्य

१) सङ्घ, प्रदेश र स्थानीय तहमा बन्ने शिक्षा योजनाकाबिच लम्बीय र क्षितिजीय सहसम्बन्ध स्थापित गर्न
२) तीन ओटै तहबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न,
३) कार्यक्रम सञ्चालनमा देखिएको स्रोतको अभाव, दोहोरोपना एवं स्रोत परिचालनमा आउने समस्यालाई न्यूनीकरण गर्न,
४) साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,
५) शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रियस्तरमा गरीएका प्रतिबद्धताहरू हासिल गर्न सहयोग पुऱ्याउन,
६) शिक्षाको विकासका लागि विभिन्न संघ सस्था एवं दातृ निकायहरूसँग सहकार्य गर्न,
७) शिक्षा सरोकारवालाहरूको भूमिका र सहभागिता सुनिश्चित गर्न,
८) यस अरुण गाँउपालिका भित्र देखिएका मुख्य शैक्षिक समस्याहरू र समस्याका कारणहरूको पहिचान गरी समाधानका उपायहरू कार्यान्वयन गर्न।

## ४. शिक्षा योजना निर्माणका आधारहरू

यस अरुण गाँउपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई सन्दर्भ सामग्रीका रुपमा प्रयोग गरिएको छ

क) नेपालको संविधान
ख) सोह्रौँ आवधिक योजना (२०८१/०८२– २०८५/०८६)
ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
ङ) शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९
च) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
छ) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan, 2022/23-2031/32)
ज) सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना कार्यान्वयन सहजीकरण पुस्तिका, २०७९
झ) राष्ट्रिय शिक्षा नीति, २०७६ तथा शिक्षाको सोचपत्र २०७९
ञ) दिगो विकास लक्ष्य, राष्ट्रिय कार्यढाँचा
ट) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ड) दोस्रो आवधिक योजना (२०८१/०८२– २०८५/०८६) कोशी प्रदेश
ढ) अरुण गाउँपालिकाको शिक्षा ऐन, २०८०
ण) विद्यालय सुधार योजना, नमुना विद्यालय विकास योजना र अन्य सरकारी र गैरसरकारी सङ्घ संस्थाका शिक्षा सम्बन्धी कार्यक्रम

त) अरुण गाउँपालिकाको शैक्षिक पार्श्वचित्र २०८१

थ) अरुण गाउँपालिकाको प्रोफाइल / वस्तुगत विवरण २०७७।

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

योजना निर्माण गर्नु एउटा चुनौतिपूर्ण कार्य हो। विगतको अनुभव र वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले अन्य योजनामा जस्तै यस अरुण गाँउपालिकाको शिक्षा योजनाको निर्माणमा स्थानीय तहले सहभागितामूलक प्रक्रिया नै अवलम्बन गरेको छ। यस अरुण गाँउपालिकाको शिक्षा योजना निर्माण गर्न मुख्य रुपमा तपसिलका चरण र प्रकृयाहरू अपनाइएका थिए।

क) मिति २०८१।०५।१२ को बैठकले गाउँपालिका अध्यक्ष श्री शालिकराम खत्री ज्यूको संयोजकत्वमा गाँउ शिक्षा योजना निर्माणका लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न भई १४ सदस्य भएको एक योजना लेखन समिति बनेको।

ख) मिति २०८१।०५।१२ योजना निर्माणको लागि युएसएआइडी प्रारम्भिक कक्षाक सिकाइको प्राविधिक सहयोगमा शिक्षा समिति र लेखन कार्यदलको एक दिने समीक्षा बैठक सत्र्चालन तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको।

ग) शिक्षा सरोकारवालाहरूसंग छलफल तथा अन्तरक्रीया

घ) स्थानीय तहको शिक्षा क्षेत्रको अवस्था विश्लेषण।

ङ) योजनाको मस्यौदा तयारी।

च) मस्यौदामाथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण।

छ) योजनाको अन्तिम खाका लेखन।

ज) बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा तथा सुझाव समायोजन।

झ) शिक्षा समितिद्वारा गाउँकार्यपालिकामा पेश।

ञ) गाउँकार्यपालिकाबाट मिति २०८३/०३ / गते योजनाको स्वीकृति र कार्यान्वयन।

६. योजनाको लेखाजोखा

यस अरुण गाँउपालिका शिक्षा योजना निर्माण गरीसकेपछि यो योजना विश्वसनीय, वस्तुनिष्ठ र लगानीयोग्य छ कि छैन भनि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिएको छ, जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो। निर्माण भएको योजनाको लेखालोखा कार्यलाई **स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शनले** तोकेका लेखाजोखाका ***१. नेतृत्व तथा सहभागिता २. पर्याप्तता र सान्दर्भिकता ३. समता सक्षमता तथा गुणस्तर ४. अन्तर्सम्बन्ध र तादात्म्यता ५. सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता ६. स्रोतको प्रवन्ध ७. संस्थागत क्षमता ८. कार्यान्वयनमा तत्परता ९. तथ्याङ्क विस्लेषण र प्रक्षेपण र १०. अनुगमन र प्रतिवेदन*** पक्षहरूका आधारमा समबन्धित स्थानीय तहले आन्तरिक र बाहिरका विभिन्न विषय क्षेत्रका विज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य बिवरण तोकी सम्पन्न गरिएको थियो।

**७. योजनाको दस्तावेजको स्वरूप**

यो योजनाको स्वरुप *स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन*, २०७९ (परिमार्जित संस्करण ,२०८१) को **अनुसूची १** ले तोकेको निम्नुसारको ढाँचामा निर्माण गरिएको छ।

**योजनाको सारांश** १. विषय प्रवेश २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य ३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य ४. शिक्षा योजना निर्माणका आधार ५. शिक्षा योजना निर्माण प्रक्रिया ६. योजनाको लेखाजोखा ७. योजनाको दस्तावेजको स्वरूप।

**परिच्छेद १ : परिचय**

१.१ वर्तमान अवस्था १.२ मुख्य समस्या तथा चनुौतीको विश्लेषण १.३ शिक्षा क्षेत्र का चनुौतीको SWOT विश्लेषण १.४ अवसर।

**परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण**

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनपुर्ने आधार २.२ दूरदृष्टि २.३ लक्ष्य २.४ उद्देश्य २.५ रणनीति २.६ कार्यनीति २.७ अपेक्षित उपलब्धि २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण।

**परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र**

३.१ प्रारम्भिक बालविकास र शिक्षा ३.२ आधारभूत शिक्षा ३.३ माध्यमिक शिक्षा ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ।

**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र**

४.१ पाठ्यक्रम, पाठ्यपसुतक, सिकाइ सामग्री तथा मूल्याङ्कन ४.२ शिक्षक व्यवस्थापन र विकास ४.३ शिक्षामा समता र समावेशीकरण ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ४.५ विद्यालय सुरक्षा, बिपद् न्यूनीकरण तथा उत्थानशीलता ४.६ विद्यालय भौतिक पूर्वाधार विकास ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि।

**परिच्छेद ५ : अन्य उपक्षेत्र**

५. १ छात्रवृत्ती ५.२ उच्च शिक्षा।

**परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन**

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध।

**परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन**

**परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन**

**अनुसूची**

# परिच्छेद १ : परिचय

## १.१ वर्तमान अवस्था

वर्तमान नेपालको संविधानअनसुार राज्यको पुनसंरचना भई एकात्मक राज्य व्यवस्थावाट संघीय गणतन्त्रात्मक राज्य व्यवस्थामा परिवर्तन भएको छ । जसअनुसार हाल देशमा सङ्घीय, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । संविधानले समग्रमा समतामूलक समावेशी समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ । संघीय स्वरुपको राज्य ब्यवस्थामा राज्यका सबै तहका सरकार बिचको आपसी समन्वय र सहकार्यबाट नै राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न सकिन्छ ।

मानव संसाधनको विकासबाट मलुक को उपलब्ध प्राकृतिक श्रोतसाधन र अवसरहरूको समुचित परिचालन हुन गई नेपाल सरकारले राखेको २५ वर्षे दीर्घकालीन सोच *"समृद्ध नेपाल, सुखी नेपाली"* सहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट योगदान पुर्याउन सकिन्छ ।

नेपालको संविधान, २०७२ ले आधारभूत तह सम्मको शिक्षालाई अनिवार्य र निःशुल्क गरेको छ भने माध्यमिक तह सम्मको शिक्षालाई निःशुल्क हुने सुनिश्चत गरेको छ । त्यसैगरी, अपाङ्गता भएका तथा आर्थिक रुपले पिछाडिएका बालबालिकाहरूको शिक्षामा कानुन बमोजिम निःशुल्क गर्ने कुराको समेत सुनिश्चत गरेको छ । संघीय स्वरुपको राज्य ब्यवस्था भएअनुरुप तिनै तहका सरकारहरू स्थापना भइ क्रियाशिल अवस्थामा छन् । शिक्षा क्षेत्रको विकासका लागि तीन वटै सरकारहरूवीच समन्वय, सहकार्य तथा सहयोगबाट नीति,योजना तथा कार्यक्रमहरू कार्यान्वयन भइरहेका छन् ।

त्यसैगरी शिक्षाको संवैधानिक अधिकार कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षा व्यवस्थानका लागि शिक्षाका २३ वटा अधिकारहरूको कार्यान्वयन गर्ने व्यवस्था गरेको छ । स्थानीय तहका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ (२४) मा स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्ने नीतिगत व्यवस्था गरेको छ । समावेशी, समतामूलक, गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूलाई प्रोत्साहित गरी गाउँपालिकाको समग्र शिक्षा विकास र परिवर्तनका लागि लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप यस शिक्षा योजनाले निर्धारण गरेको छ । आवधिक योजनाका आधारमा स्थानीय सरकारले बार्षिक बजेट तथा कार्यक्रम तयार गर्नु पर्ने हुन्छ र आगामी दिनमा एकमुष्ट संघीय सरकारबाट बजेट प्राप्त हुने र त्यसबाट स्थानीय सरकार आँफैले बार्षिक कार्यक्रम बनाउनु पर्ने व्यवस्था रहेको छ । कोभिड १९ महामारीले शिक्षा क्षेत्रमा पारेको प्रभाव एवम् गाउँपालिकामा भएका सिमित स्रोत साधनका अधारमा शिक्षा क्षेत्रको सुधारका असिमित आवश्यकता तथा समस्याहरूको सम्बोधनका लागि पनि ब्यवहारिक रुपमा कार्यान्वयन योग्य योजनाको विकास तथा कार्यान्वयनको विकल्प नभएको हालको अवस्था रहेको छ । यसै सन्दर्भमा राज्यको शिक्षा सम्बन्धी नीति, कार्यक्रम, लक्ष्य, तथा उद्देश्यसंग समन्वय तथा तालमेल गरी यस गाउँपालिकाका आवश्यकताहरू पुरा गर्न पनि गाउँपालिकाको आफ्नो परिवेश अनुसारको शिक्षा क्षेत्रको योजना तयार गर्नु आजको आवश्यकता रहेकोले यस अरुण गाउँपालिकाले समग्र शैक्षिक विकास तथा सुधारका लागि यो १० वर्षीय शिक्षा योजना तयार गरेको छ ।

### क. भौगोलिक अवस्थितिको विश्लेषण

नेपालको कोशी प्रदेश अन्तर्गत भोजपुर जिल्लाका नौ ओटा स्थानीय तहहरू मध्ये अरुण गाउँपालिका अरुण नदीको काखमा जिल्लाको पूर्वी भागमा अवस्थित छ । अरुण गाउँपालिकाको सदरमुकाम प्याउलीमा रहेको छ । यो

गाउँपालिका भौगोलिक हिसावले मध्य पहाडी भेकमा पर्दछ। यहाँको हावापानी मध्यम खालको रहेका छ। भौगोलिक विविधतायुक्त यस गाउँपालिकाले ऐतिहासिक महत्व पनि राख्दछ। मध्य पहाडी राजमार्गले छोएको हुँदा नेपालको राजधानीसम्म आवागमन गर्न सहज रहेको यस गाउँपालिका पर्यटकीय हिसावले पनि अत्यन्तै सुन्दर एवं मनमोहक रहेको छ।

| विवरण | अरुण गाउँपालिका |
|---|---|
| **पालिकाको क्षेत्रफल (कि.मि.)** | १५४.७६ |
| **अक्षांश** | २७° २०' उत्तरी अक्षांश |
| **देशान्तर** | ८७° १५' पूर्वी देशान्तर |
| **समुद्र सतहदेखि उचाई** | १५३ मिटर देखि १४५३ मिटर सम्म फैलिएको छ। |
| **साविकका गा. वि. स.** | याङपाङ, चम्पे, प्याउली,चरम्बी, याकु र जरायोटार |
| **केन्द्र** | प्याउली |

**वडागत संरचना**

| हालको वार्ड | साविक वार्ड नं | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|
| १ | याङपाङ (१-९) | २४.७९ |
| २ | चम्पे (१-९) | १६.३१ |
| ३ | प्याउली (१-९) | १३.९३ |
| ४ | चरम्बी (१-९) | ३६.११ |
| ५ | याकु (१-३ र ५-९) | १९.५६ |
| ६ | जरायोटार (१-४, ६,८,९) | २९.१२ |
| ७ | याकु साविक वडा ४ र जरायोटार ५ र ७ | १४.९४ |
| | **जम्मा** | **१५४.७६** |

यस अरुण गाँउपालिकाको पूर्वमा अरुण नदी, दक्षिण र पश्चिममा पौवादुङमा गाउँपालिका र उत्तरमा षडानन्द नगरपालिका रहेका छन्। यहाँको हावापानी औषतरुपमा समशित्तोष्ण प्रकारको पाइन्छ। तर भौगोलिक विविधताको कारण जरायोटार, सिक्रेटार एवं चरम्बी, याङ्पाङ र चम्पेको तल्लो भागमा केहि बढी तातो र प्याउली एवं चम्पेको माथिल्लो भागमा केहि बढी चिसो हुने गर्छ। यस अरुण गाँउपालिका भित्र धार्मिक तथा प्राकृतिक पर्यटकीय क्षेत्रहरू रहेका छन्। अरुण आध्यात्मिक प्रतिष्ठान, शिवरात्री गुफा, पत्ताले गुफा, अरुण नदि, याङपाङ गढी, चेपाङ् गढी, जोरथूम्की डाँडा जस्ता थुप्रै घुम्न योग्य ठाँउहरू रहेका छन्।

### ख. जनसांख्यिक संरचनाको विश्लेषण

यस गाउँपालिकाको जनगणना २०७८ अनुसार कुल जनसङ्ख्या १४,५९१ रहेको छ । जस मध्ये पुरुषको प्रतिशत ४८.९० र महिलाको प्रतिशत ५१.१० रहेको छ । यसको विस्तृत विवरण तलको तालिका तथा ग्राफमा प्रस्तुत गरिएको छ ।

**पालिकाको समग्र जनसङ्ख्या**

| क्षेत्र | अरुण गाउँपालिका | प्रतिशत |
|---|---|---|
| पुरुष | ७१३५ | ४८.९० |
| महिला | ७४५६ | ५१.१० |
| जम्मा | १४५९१ | १०० |


स्रोत : राष्ट्रिय तथ्याङ कार्यालय, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन २०७८ https://censusnepal.cbs.gov.np/results/np/downloads/

**वडागत जनसङ्ख्या**

| हालको वार्ड | साविक वार्ड नं | जनसङ्ख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | याङपाङ (१-९) | १२५० | १३३४ | २५८४ |
| २ | चम्पे (१-९) | ११८३ | १२१६ | २३९९ |
| ३ | प्याउली (१-९) | ९७१ | १०२१ | १९९२ |
| ४ | चरम्बी (१-९) | ११५६ | ११४९ | २३०५ |
| ५ | याकु (१-३ र ५-९) | ८८३ | ९७१ | १८५४ |
| ६ | जरायोटार (१-४, ६,८,९) | १३०६ | १३७५ | २६८१ |
| ७ | याकु साविक वडा ४ र जरायोटार ५ र ७ | ३८६ | ३९० | ७७६ |
| | जम्मा | ७१३५ | ७४५६ | १४५९१ |

स्रोत : राष्ट्रिय तथ्याङ कार्यालय राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन https://censusnepal.cbs.gov.np/results/np/downloads/

त्यसैगरी यस गाउँपालिकाको उमेर समूहगत जनसङ्ख्या विवरण तलको ग्राफमा राखिएको छ ।





यसरी हेर्दा १५-१९ बर्षे सम्मको उमेर समूहको जनसङ्ख्या यस गाउँपालिकाको उच्च रहेको देखिन्छ ।

## ग. सामाजिक तथा सांस्कृतिक अवस्था

जातजातिको आधारमा जनसङ्ख्या विवरण (प्रमुख १० जाति)

| क्रस | जातजाती | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राई | ३१७७ | २३. ० |
| २ | क्षेत्री | २४२६ | १७. ६ |
| ३ | मगर | २४११ | १७. ५ |
| ४ | नेवार | १५०७ | १०. ९ |
| ५ | बाहुन (पहाडे) | १४१८ | १०. ३ |
| ६ | तामाङ | १०२१ | ७. ४ |
| ७ | भुजेल ( घर्ती) | ६३५ | ४. ६ |
| ८ | विश्वकर्मा | ५९५ | ४. ३ |
| ९ | परियार | ३२१ | २. ३ |
| १० | मिजार | २७५ | २. ० |

| जातजाती | अरुण गापा | प्रतिशत |
|---|---|---|
| **ब्राह्मण क्षेत्री** | ३९५० | २७.०७ |
| **जनजाती** | ९१७४ | ६२.८७ |
| **दलित** | १४२१ | ९.७४ |
| **मधेसी** | १४ | ०.१० |
| **अन्य** | ३२ | ०.२२ |
| **जम्मा** | **१४५९१** | १०० |





स्रोत : राष्ट्रिय तथ्याङ कार्यालय, राष्ट्रिय जनगणना २०७८ प्रतिवेदन https://censusnepal.cbs.gov.np/results/np/downloads/

## भाषाको आधारमा जनसङ्ख्याको विवरण

यस गाउँपालिकाको जनगणना २०७८ अनुसार भाषाको आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी नेपाली भाषा बोल्ने मानिसहरूको बाहुल्यता छ। यसको विस्तृत विवरण तलको तालिका तथा ग्राफमा प्रस्तुत गरिएको छ।

| क्रस | मातृभाषा | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | ७७९० | ५३.३८ |
| २ | मगर | २०५४ | १४.०७ |
| ३ | बान्तवा | १४४७ | ९.९१ |
| ४ | दुङगमाली | ८५५ | ५.८५ |
| ५ | तामाङ | ८०९ | ५.५४ |
| ६ | नेपाल भाषा नेवारी | ७३६ | ५.०४४ |
| ७ | राई | २५२ | १.७२७ |
| ८ | मेवाहाङ | १६१ | १.१० |
| ९ | थामी | १२२ | ०.८३ |
| १० | सँस्कृत | १०५ | ०.७१ |
| ११ | भुजेल | ९१ | ०.६२ |
| १२ | माझी | ५४ | ०.३७ |
| १३ | मैथिली | २५ | ०.१७१ |
| १४ | साङपाङ | २५ | ०.१७ |
| १५ | शेर्पा | १७ | ०.११ |
| १६ | याक्थुङ/लिम्बु | १६ | ०.१०९ |
| १७ | अन्य | ३२ | ०.२१ |
| | **जम्मा** | **१४५९१** | **१००** |


स्रोत : राष्ट्रिय तथ्याङ कार्यालय राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन https://censusnepal.cbs.gov.np/results/np/downloads/



**धर्मको आधारमा जनसङ्ख्याको विवरण**

यस गाउँपालिकाको जनगणना २०७८ अनुसार धर्मको आधारमा विश्लेषण गर्दा सबै भन्दा बढी हिन्दु धर्म मान्ने मानिसहरको बहुल्यता छ भने त्यस पश्चात क्रमश किराँत बौद्ध रहेकाछन् । यसको विस्तृत विवरण तलको तालिका तथा ग्राफमा प्रस्तुत गरिएको छ ।

| क्रस | जात | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| 1 | हिन्दु | ८८१२ | ६०.३९ |
| 2 | किराँत | ३२६८ | २२.३९ |
| 3 | बौद्ध | २३६२ | १६.१८ |
| 4 | क्रिश्चियन | ११५ | ०. ७८ |
| 5 | प्रकृति | ३३ | ०.२० |
| 6 | इस्लाम | १ | ०.००६ |
| | **जम्मा** | **१४५९१** | **१००** |




स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन https://censusnepal.cbs.gov.np/results/np/downloads/


यहाँका मानिसहरूले मुख्य रुपमा दशैं, तिहार, उधौली उभौली, माघे संक्रान्ती, ल्होसार, हरितालिका तीज, जनै पूर्णिमा, साउने संक्रान्ती, होली, कृष्ण जन्माष्टमी जस्ता चाडपर्वहरू विभिन्न कार्यक्रम सहित मनाउछन् ।

## घ. आर्थिक अवस्थाको विश्लेषण

यहाँका मानिसहरूको मुख्य पेसा कृषि तथा पशुपालन भएकोले मुख्य अन्नबालीमा मकै, धान र कोदोको उत्पादन हुन्छ । तेलहनमा मुख्यरुपमा तोरी र दालहनमा मास,वोडी,मस्याम जस्ता विभिन्न प्रकारका गेडागुडीको उत्पादन हुन्छ । नगदे बालीमा अलैची, बदाम, सूर्ती, खुर्सानीको खेती गरीन्छ भने फलफुलमा मुख्य रुपमा सुन्तला, आँप, कटहर, लिची


रहेको छ । यहाँका मानिसहरूले पछिल्ला दिनहरूमा रुद्राक्षबाट राम्रो आम्दानी लिइरहेका छन् । वैदेशिक रोजगार तथा परम्परागत सिकर्मी, डकर्मी, कपडा बुनाई, चोयाको काम, कपडा सिलाई, माटाको काम, आरन लगायत विभिन्न रैथाने पेसा एवं व्यवसायमा आबद्ध यस क्षेत्रका अधिकांश मानिसहरू आर्थिक रुपले कमजोर छन् । बसाई सरी जानेको सङ्ख्या ज्यादै ठुलो भएकाले खेतीयोग्य जमिनहरू दिनप्रतिदिन बाँझो बन्दै गएको अवस्था छ । निम्न मध्यम आय भएको मुलुकबाट नेपाललाई सन् २०३० सम्ममा मध्यम आय भएको राष्ट्रमा पुऱ्याउने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन अरुण गाउँपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरूलाई अगाडि बढाएको छ । उन्नत जातको पशुपालन, बीउ विजन, व्यावसायिक खेती, सिचाईको व्यवस्था, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएकोछ । २०७८ को जनगणना अनुसार यस गाउँपालिकाको आर्थिक रुपले सक्रिय जनसङ्ख्याको प्रतिशत ८४.१ रहेको छ भने त्यसैगरी कुनै न कुनै पेसामा सक्रिय रहेको जनसङ्ख्याको आधारमा ९३.३ प्रतिशत रोजगारीमा रहेका छन् ।

**१० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि अघिको १२ महिना सम्म आर्थिक रूपमा सक्रिय जनसङ्ख्याको अवस्था**





स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन https://censusnepal.cbs.gov.np/results/np/downloads/

**१० वर्ष र सोभन्दा माथिका व्यक्तिको आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसङ्ख्या**




स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन https://censusnepal.cbs.gov.np/results/np/downloads/

**१० वर्ष र सोभन्दा माथिका व्यक्तिले पछिल्लो १२ महिनामा कुनै पनि आर्थिक काम नगर्नु वा ६ महिनाभन्दा कम समय काम गर्नुको कारण अनुसारको जनसङ्ख्या, लिङ्ग**




स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन https://censusnepal.cbs.gov.np/results/np/downloads/

## ङ. शैक्षिक अवस्थाको विश्लेषण

नेपालमा विद्यालय क्षेत्र अन्तरगत एकवर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेरका बालबालिका सहभागी हुन्छन् । ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा दिने दायित्व नेपाल सरकारको रहेको छ । नेपालको संविधान, २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसले स्थानीय तहलाई जिम्मेवार बनाएको संवैधानिक व्यवस्था छ । नेपालमा निजी स्तरबाट सञ्चालन भएका सशुल्क र सरकारी लगानीमा सञ्चालन भएका निःशुल्क गरी दुई प्रकारका शिक्षा प्रणाली सञ्चालनमा आएका छन् ।

यसै गरी अरुण गाउँपालिकाभित्र पनि यी दुवै प्रकृतिका शैक्षिक पद्धतिहरू सञ्चालनमा आएका छन । जस अन्तर्गत ३५ वटा सामुदायिक विद्यालय र २ वटा संस्थागत विद्यालयहरू सञ्चालनमा रहेका छन ।

### नीतिगत व्यवस्था

नेपालको संविधानले शिक्षालाई प्राथमिकतामा राखेको छ साथै संविधानको भाग ३ मा मौलिक हकको व्यवस्था गरिएको छ जस अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ । जसअनुसार प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क, माध्यामिक तह सम्म निःशुल्क शिक्षा पाउने हक रहेको छ साथै अपाङ्गता भएका र आर्थिक रुप ले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक रहेको छ । त्यस्तै दृष्टीविहिन नागरिकलाई ब्रेललिपि, बहिरा तथा बोलाई सम्बन्धी समस्या भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृ भाषामा शिक्षा पाउने र त्यसकालागि शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने कुरा उल्लेख गरिएको छ । त्यसैगरी संविधानको धारा ३८ मा महिलाको हक अन्तरगत उपधारा (५) मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ । नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हक अन्तर्गत उपधारा (२) मा प्रत्येक बालबालिकालाई परिवार तथा

राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ भन्ने उल्लेख गरिएको छ। साथै सोही धाराको उपधारा (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक उल्लेख छ र उपधारा ७ मा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्यकुनै किसिमको यातना दिनपाइने छैन भनी उल्लेख गरिएकोछ। त्यसैगरी संविधानको धारा ४० मा दलितको हक अन्तरगत उपधारा (२) मा दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षा सम्म कानुन बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिने छ साथै प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितको लागि कानुन बमोजिम विशेष व्यवस्था गरिने छ भन्ने व्यवस्था गरिएको छ। संविधानको धारा ४२ मा सामाजिक न्यायको हक अन्तरगत उपधारा (२) मा आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ भनी उल्लेख भएको छ। संविधानको  धारा ४७ मा मौलिक हकहरूको कार्यान्वयन लागि आवश्यकता अनुसार  राज्यले संविधान प्रारम्भ भएको तीन वर्ष भित्र कानुनी व्यवस्था गर्नेछ भनी उल्लेख भएको छ।

त्यस्तै गरी संविधानको भाग ४ मा राज्यका निर्देशक  सिद्धान्त तथा राज्यका नीतिहरू अन्तर्गत धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति भित्र शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक रोजगार मूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एंव राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाइ क्रमशःनिःशुल्क बनाउँदै लैजाने, नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने भनी उल्लेख भएको छ।

नेपालको संविधानको अनुसूचि ५ मा केन्द्र सरकार वा संघको अधिकार सूचि भित्र शिक्षा सम्बन्धी  अधिकारहरूमा केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरको प्रज्ञाप्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन तथा केन्द्रीय पुस्तकालय तोकिएको छ। त्यस्तै गरी संविधानको अनुसूचि ६ मा प्रदेशको अधिकार सूचि भित्र शिक्षा सम्बन्धी अधिकार मा प्रदेश विश्वविद्यालय, उच्चशिक्षा, पुस्तकालय, संग्रहालय तोकिएको छ । संविधानको अनुसूचि ८ मा स्थानीयतहको अधिकार सूचि भित्र शिक्षा सम्बन्धी अधिकारहरूमा आधारभूत र माध्यमिक शिक्षा तोकिएको छ । संविधानको अनुसूचि ७ र ९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारका साझा सूचि भित्र शिक्षा समेत समावेश गरिएको छ । नेपालको संविधानले संघ प्रदेश तथा स्थानीय तहलाई निर्दिष्ट  गरेका एकल वा साझा अधिकारहरूको व्यवहारिक रुपमा कार्यान्वनय गर्दै राज्यले लिएका शैक्षिक नतिजाहरूको लागि आपसी समन्वय, सहकार्य र सह-अस्तित्व आजको आवश्यकता हो।

त्यसैगरी चालु अवस्थामा रहेको १६ औं आवधिक योजनाले शिक्षा क्षेत्रको विकासको लागि स्पष्ट मार्ग निर्देशन गरेको छ। यस योजनाले पनि गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य लिएको छ भने उद्देश्यहरूमा सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई  गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु, प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु, पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउँदै  ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु, सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नु तथा संघीय संरचना अनुरूप सबै तहका शैक्षिक-प्रशासनिक निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्नु रहेका छन्।

शिक्षा क्षेत्रको सुधार तथा विकासको लागि नेपाल सरकारले शिक्षा नीति २०७६ पनि जारी गरेको छ । उक्त नीतिले शिक्षा क्षेत्रमा सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने लक्ष्य राखेको छ । त्यसैगरी यस नीतिले उद्देश्यहरूमा बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु, आधारभूत शिक्षामा सबैको सहज एवं समतामूलक पहूँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्नु, गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहूँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवं समतामूलक पहूँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति तयार पार्नु, ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहूँच र गुणस्तर अभिवृद्धि गरी विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य,दक्ष वैज्ञानिक, नवप्रवर्तनात्मक, अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संशाधन विकास गर्नु, नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु ,सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्नु, शिक्षा प्रणालीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरूको पेसागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिबद्धता र जवाफदेहीता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु, सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यास (Best-practices) लाई सम्मिलन (fusion) गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सवलीकरण गर्नु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु, औपचारिक, अनौपचारिक र अनियमित शिक्षाबिच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता, गतिशिलता र पारगम्यता सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु, शिक्षा प्राप्तिको संवैधानिक र कानूनी दायित्व पूरा गर्न राष्ट्रिय प्राथमिकताका आधारमा पर्याप्तता समन्यायिकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नु र व्यक्तिमा वैज्ञानिक चिन्तन र व्यवहार विकास गर्न विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकिकरण गर्दै परम्परागत एवं आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्नु राखेको छ ।

दिगो विकास लक्ष्यहरू सन् २०१५ को सेप्टेम्बर २५ मा संसारका १९३ वटा राष्ट्रहरूले हस्ताक्षर गरी संयुक्त रूपमा अङ्गीकार गरेका आवधिक विकासका दस्ताबेज हो । संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूको सहमतिमा अघि सारिएका १७ वटा दिगो विकास लक्ष्यहरू सन् २०१६ को जनवरी १ बाट कार्यान्वयनमा आएको र नेपाल सरकारले पनि यसका लक्ष्यहरू पुरा गर्न प्रतिबद्दता ब्यक्त गरीसकेको अवस्थमा यसले तय गरेको शिक्षाको लक्ष्य नम्बर चारमा रहेको *समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने* लक्ष्यले पनि शिक्षा योजना निर्माणमा निर्देशन प्रदान गर्दछ । त्यस्तै १६ औं आवधिक योजनामा *गुणस्तरिय शिक्षा मार्फत दक्ष प्रतिस्पर्धी उत्पादनशिल र नवप्रवर्तनशिल मानव स्रोतको विकास गर्ने* लक्ष्य राखेको छ । विद्यालय शिक्षा क्षेत्र योजना (२०२२-२०३२) ले *समाजका विविधता पूर्ण परिवेश तथा आवश्यकताका यथार्थलाई आत्मसाथ गरी सबै नागरिकलाई उत्पादनशिल जिवनयापन गर्न चाहिने पूर्ण कार्यमूलक साक्षरता गणितिय सीप तथा आधारभूत जिवनोपयोगी सीपको विकासको अबसर प्राप्त गर्न सहजिकरण गर्दै जनशक्तिको क्षमता विकास निरन्तर एबं समावेशी प्रयत्न मार्फत मुलुकको सामाजिक आर्थिक, विकासमा योगदान दिई विद्यमान असमानता हटाउने लक्ष्य तथा*

*राष्ट्रको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक स्वावलम्बी र मुल्य उन्मुख नागरिकको विकासमा योगदान पु याउने* दुरदृष्टि राखेकोछ।

त्यसैगरी स्थानीय तहलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३ को ११ (ज) मा आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी तलका अधिकारहरू रहेका छन्।

- प्रारम्भिक बाल विकास तथा शिक्षा,आधारभूत शिक्षा,अभिभावक शिक्षा,अनौपचारिक शिक्षा,खुल्ला तथा वैकल्पक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन।
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन र नियमन।
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमती, अनुगमन र नियमन,
- गाभिएका वा बन्द गरीएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
- गाउँ शिक्षा समिति गठन र व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामाकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्य सामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक एवं कर्मचारीको दरबन्दी मिलान,
- विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
- विद्यार्थी सिकाइको उपलब्धिको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीय स्तरका शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक विद्यालयलाई दिइने अनुदान तथा सोको व्यवस्थापन,विद्यालयको आय व्यायको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाइ र शिक्षक र कर्मचारीको तथा क्षमता विकास,
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन।

**अवस्था, उपलब्धी र अन्तर**

यस अरुण गाउँपालिकामा जम्मा ३७ विद्यालयहरू रहेका छन् । जस मध्ये ३५ वटा सामुदायिक र २ वटा संस्थागत विद्यालयहरू अर्थात ९४.५९ प्रतिशत सामुदायिक र ५.४१ प्रतिशत संस्थागत विद्यालयहरू रहेका छन् । ७ वटा माध्यमिक विद्यालयहरू मध्ये ६ वटामा वालविकास देखि कक्षा १२ सम्म र १ वटा विद्यालयमा वालविकास देखि १० कक्षासम्म पठन पाठन भई रहेको छ । २८ वटा आधारभूत विद्यालयहरू मध्ये वालविकास देखि ३ चलेका ९ वटा र वालविकास देखि ५ कक्षा सम्म सञ्चालनमा रहेका १६ वटा र वालविकास देखि ८ कक्षा सम्म पठनपाठन भईरहेका ३ वटा सामुदायिक विद्यालयहरू छन् । संस्थागत तर्फ २ वटामा कक्षा ५ सम्म पठनपाठन भइरहेको छ ।

विश्वप्रेमी माध्यमिक विद्यालय याकुमा विप्राविधिक तथा व्यावसायिक धार (Computer Engineering) विद्यालय १ र शारदा माध्यमिक विद्यालयम प्याउलीमा नमुना विद्यालय कार्यक्रम १ सञ्चालनमा रहेको छ भने प्याउली सामुदायिक सिकाई केन्द्र र याकु सामुदायिक सिकाई केन्द्र गरी जम्मा सामुदायिक सिकाई केन्द्रहरू २ वटा सञ्चालनमा रहेका छन् ।

समुदायमा आधारित वाल विकास केन्द्र सङ्ख्या २ वटा, विद्यालयहरूमा आधारित वाल विकास केन्द्र ३५ वटा र स्थानीय तहबाट सञ्चालनमा रहेको १ वटा वालविकास केन्द्र गरी जम्मा ३८ वटा वाल विकास केन्द्र रहेका छन् । EMIS २०८१ अनुसार सामुदायिक विद्यालय अन्तर्गत वालविकासमा १५८ छात्रा र १६२ छात्र गरी जम्मा ३२० जना, कक्षा १-१२ मा छात्रा १४०९ र छात्र १३९१ गरी जम्मा २८०० जना विद्यार्थीहरू रहेका छन् । यसको विस्तृत रुपमा तलको तालिका तथा ग्राफहरूमा देखाएको छ ।

**अरुण गाउँपालिकामा सञ्चालित विद्यालयहरू**

| तह | सञ्चालित कक्षा | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| अधारभूत | १–३ | ९ | | ९ |
| अधारभूत | १–५ | १६ | २ | १८ |
| अधारभूत | १–८ | ३ | | ३ |
| माध्यमिक | १–१० | १ | | १ |
| माध्यमिक | १–१२ | ६ | | ६ |
| जम्मा | | ३५ | २ | ३७ |

**कक्षागतरुपमा विद्यार्थी सङ्ख्या IEMIS Report-2081 बमोजिम**

| कक्षा | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | अन्य | जम्मा | छात्रा | छात्र | अन्य | जम्मा | |
| ECED | १५८ | १६२ | 0 | ३२० | छात्रा | छात्र | 0 | ३४ | ३५४ |
| कक्षा १ | ११३ | १२० | 0 | २३३ | १८ | १६ | 0 | ३५ | २६८ |
| कक्षा २ | १०५ | ९९ | 0 | २०४ | १७ | १८ | 0 | २१ | २२५ |
| कक्षा ३ | १२१ | ११५ | 0 | २३६ | ८ | १३ | 0 | २० | २५६ |
| कक्षा ४ | १२४ | १४७ | 0 | २७१ | ७ | १३ | 0 | १४ | २८५ |
| कक्षा ५ | १२० | १३८ | 0 | २५८ | ४ | १० | 0 | १५ | २७३ |
| कक्षा ६ | १३२ | १४६ | 0 | २७८ | | | | | २७८ |
| कक्षा ७ | १२७ | १३३ | 0 | २६० | | | | | २६० |
| कक्षा ८ | १५८ | ११६ | 0 | २७४ | | | | | २७४ |
| कक्षा ९ | १२५ | १०९ | 0 | २३४ | | | | | २३४ |
| कक्षा १० | १०० | १२३ | 0 | २२३ | | | | | २२३ |
| कक्षा ११ | १०१ | ८५ | 0 | १८६ | | | | | १८६ |
| कक्षा १२ | ८३ | ६० | 0 | १४३ | | | | | १४३ |
| कुल जम्मा | १५६७ | १५५३ | 00 | ३१२० | ६४ | ७५ | ० | १३९ | ३२५९ |


**अरुण गाउँपालिकाका शिक्षकहरूको विवरण**


| तह / किसिम | वाल विकास | | प्राथमिक | | निम्न माध्यमिक | | माध्यमिक | | माध्यमिक कक्षा(११–१२) | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | जम्मा |
| स्थायी | | | ४६ | ४८ | ६ | ५ | ३ | ११ | | | ५५ | ६४ | ११९ |
| अस्थायी | ४१ | | ११ | ६ | ४ | ४ | ३ | ४ | १ | १ | ६० | १५ | ६५ |
| राहत | | | ६ | ३ | १ | ३ | | ६ | १ | ४ | ८ | १६ | २४ |
| अनुदान | | | | | | १ | | ३ | | | ० | ४ | ४ |
| निजी | | | ३ | | | ३ | | १ | १ | १ | ४ | ५ | ९ |
| जम्मा | ४१ | | ६६ | ५७ | ११ | १६ | ६ | २५ | ३ | ६ | १२७ | १०४ | २३१ |

**अरुण गाउँपालिकाको तहगत शिक्षक दरबन्दी विवरण २०८२**

| क्र.स | तह | स्थायी | राहत | अस्थायी /अनुदान | करार | प्राविधिक धार | निजी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (१–५) | ९९ | १३ | | ९ | | ३ | १२४ | |
| २ | आधरभूत तह (६–८) | २३ | ४ | १ | ० | | ३ | ३१ | |
| ३ | माध्यमिक तह (९–१०) | १९ | ८ | २ | १ | | १ | ३१ | |
| ४ | माध्यमिक तह (प्राविधिक धार ९–१२) | ० | ० | २ | ० | ७ | | ९ | |
| ५ | माध्यमिक तह (११–१२) | ० | ६ | | ० | | २ | ६ | |
| ६ | पूर्व प्राथमिक शिक्षक | ० | ० | ४० | ० | | १ | ४१ | |
| | जम्मा | १४१ | ३१ | ४५ | १० | ७ | १० | २४४ | |

*(अरुण गाउँपालिका शिक्षा शाखा २०८२)*






**शैक्षिक उपलब्धि स्तर**

यस गाउँपालिकाले आफ्नो स्थापनाकाल सँगै शिक्षामा जोड दिँदै आएको छ। हरेक बर्ष शिक्षा क्षेत्रको बजेटमा विस्तार गरीदै आएको छ। विद्यालय शिक्षालाई गहन रुपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चतता एक मुख्य चुनौतिको विषय रहेको छ। हाल सम्मका केहि शैक्षिक तथ्यांकहरूलाई तलको तालिकामा विश्लेषण गरिएको छ।

**विद्यार्थी भर्ना दर विवरण २०८१**

| विवरण | कुल प्रवेशदर | | | खुद प्रवेशदर | | |
|---|---|---|---|---|---|---|
| | केटी | केटा | जम्मा | केटी | केटा | जम्मा |
| ECD अनुभव सहितको कक्षा १ मा भर्ना प्रतिशत | ९७ | ९२.९ | ९४.७ | | | |
| ECD भर्ना प्रतिशत | ६० | ६३.२ | ६१.७ | ४७.९ | ६१.४ | ५५.१ |
| कक्षा १ मा भर्ना प्रतिशत | १०६.५ | १२१.२ | ११४.२ | ९३.५ | ९७.१ | ९५.४ |
| कक्षा १ - ५ मा भर्ना प्रतिशत | १०३.७ | ११०.४ | १०७.१ | ९५.३ | ९७.४ | ९६.४ |
| कक्षा ६ - ८ मा भर्ना प्रतिशत | ११४.२ | १००.७ | १०७.४ | ९३.७ | ९७.३ | ९५.५ |
| कक्षा १ - ८ मा भर्ना प्रतिशत | १०७.६ | १०६.८ | १०७.२ | ९४.७ | ९७.४ | ९६.0 |
| कक्षा ९ - १० मा भर्ना प्रतिशत | ९१.0 | ८७.३ | ८९.१ | ७८.८ | ७२.८ | ७५.७ |
| कक्षा ११ - १२ मा भर्ना प्रतिशत | ७०.६ | ६२.७ | ६६.८ | ५५.८ | ३४.६ | ४५.६ |
| कक्षा ९ - १२ मा भर्ना प्रतिशत | ८०.६ | ७५.४ | ७८.0 | ६७.१ | ५४.२ | ६०.७ |
| कक्षा ८ सम्मको टिकाउ दर | ८५.४ | ८६.६ | ८६.0 | | | |

**तहगत विद्यार्थी विवरण २०८१**

| तह | उत्तीर्ण दर | | | दोहोर्याउने दर | | | स्थानान्तरण दर | | | छाड्ने दर | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १–५ | ८७.२ | ८८.३ | ८७.८ | ६.९ | ६.२ | ६.५ | २.६ | २.६ | २.६ | ३.३ | २.९ | ३.१ |
| ६–८ | ९०.३ | ८८.० | ८९.२ | ४.९ | ६.४ | ५.६ | २.८ | २.७ | २.८ | २.० | २.९ | २.४ |
| ९–१० | ९१.० | ८७.१ | ८९.१ | २.५ | ४.३ | ३.४ | १.९ | २.५ | २.२ | ४.६ | ६.१ | ५.३ |
| ११–१२ | ९०.३ | ८९.० | ८९.७ | ० | ० | ० | | | | ५.४ | ६.२ | ५.८ |
| औषत | ८९.७ | ८८.१ | ८८.९ | ४.७ | ५.६ | ५.१ | २.४ | २.६ | २.५ | ३.८ | ४.५ | ४.१ |

**गाउँपालिकाको साक्षरताको अवस्था**

यस अरुण गाउँपालिकाको जनगणना २०७८ अनुसार साक्षरताको अवस्थालाई विश्लेषण गर्दा समग्र स्थानीय तहको साक्षरता प्रतिशत ७६.४५ रहेको छ भने अझै पनि २३.५५ प्रतिशत जनसङ्ख्या निरक्षर रहेको छ । यसको विस्तृत विवरण तलको तालिका तथा ग्राफमा प्रस्तुत गरिएको छ ।

**साक्षरताको अबस्था ५ बर्ष माथिको आधारमा**


| आधार | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| जम्मा पाँच वर्ष माथि | ६५४४ | ६९०५ | १३४४९ |
| पढ्न लेख्न सक्ने साक्षर | ५५४३ | ४८४१ | १०३८४ |
| **साक्षरता प्रतिशत** | **८४.१२** | **६९.१८** | **७६.४५** |
| पढ्न मात्र सक्ने | ६८ | ९७ | १६५ |
| पढ्न लेख्न नसक्ने | ९७१ | २०३१ | ३००२ |

स्रोत : राष्ट्रिय तथ्याङ कार्यालय, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन

त्यसैगरी यस गाउँपालिकाको जनगणना २०७८ अनुसार शैक्षिक योग्यताको अवस्थाको विश्लेषण गर्दा एसएलसी वा एइइ मुनिको जनसङ्ख्या प्रतिशत ६१ रहेको छ भने एसएलसी वा एसइइ देखि कक्षा १२ सम्म को जनसङ्ख्या २७ प्रतिशत, स्नातक र सो भन्दा माथि सम्मको जनसङ्ख्या ४ प्रतिशत र अन्यमा ८ प्रतिशत जनसङ्ख्या रहेको छ। तर हाल यसमा केहि सुधार आएको छ। यसको विस्तृत विवरण तलको तालिका तथा ग्राफमा प्रस्तुत गरिएको छ।

| | | Total जनसङ्ख्या | Male | Female |
|---|---|---|---|---|
| Total | | 10384 | 5543 | 4841 |
| **Educational level completed** | Early childhood | 321 | 147 | 174 |
| | Primary | 3141 | 1725 | 1416 |
| | Lower secondary | 2321 | 1258 | 1063 |
| | Secondary | 1803 | 999 | 804 |
| | S.L.C./ SEE & equivalent | 1182 | 623 | 559 |
| | Intermediate & equivalent | 760 | 379 | 381 |
| | Graduate & equivalent | 189 | 111 | 78 |
| | Post graduate equivalent & above | 96 | 63 | 33 |
| | Other | 3 | 2 | 1 |
| **No level** | | 352 | 129 | 223 |
| **Level not stated** | | 216 | 107 | 109 |

स्रोत : राष्ट्रिय तथ्याङ कार्यालय, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन https://censusnepal.cbs.gov.np/results/np/downloads/




स्रोत : राष्ट्रिय तथ्याङ कार्यालय, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन https://censusnepal.cbs.gov.np/results/np/downloads/

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

### सवल पक्षहरू

यस अरुण गाउँपालिकामा सञ्चालित ३५ वटा सामुदायिक विद्यालयहरू मध्ये  सातवटै वडामा माध्यमिक विद्यालयहरू सञ्चालनमा छन् । ६ वटा माध्यमिक विद्यालयहरूमा कक्षा १२ सम्मको पढाइ हुन्छ भने १ वटा विद्यालयमा नमुना विद्यालयको कार्यक्रम सञ्चालन भइरहेको छ । १ वटा विद्यालयमा कक्षा ९ देखि नै कम्प्युटर इन्जिनियरिङ विषयको पढाइ भइरहेको छ  । सबै विद्यालयहरूमा बालविकास कक्षाहरू सञ्चालनमा हुनु,  संस्कार सहितको शिक्षा प्रदान गर्न अरुण आध्यात्मिक प्रतिष्ठानको स्थापना हुनु, कार्मचारी एवं वालविकास शिक्षकहरूलाई गाँउपालिकावाट थप पारिश्रमिकको व्यवस्था गर्नु, उच्चशिक्षा अध्ययन अध्यापनका लागि पूर्वाञ्चल विश्वविद्यालयबाट स्नातक तह सञ्चालनको सम्बन्धन प्राप्त गरी अरुण बहुमुखी क्याम्पस सञ्चालन कार्यको थालनी हुनु, अरुण गाउँपालिका शिक्षा ऐन  जारी हुनु, अरुण गाउँपालिकाको प्रोफाइल/वस्तुगत विवरण २०७७ निर्माण हुनु, शैक्षिक पार्श्वचित्र निर्माण हुनु, सम्पूर्ण विद्यालयहरूमा इन्टरनेट सुविधा हुनु, स्थानीय पाठ्यक्रम निर्माण भई लागु हुनु, शैक्षिक क्यालेन्डर निर्माण एवं कार्यान्वयन हुनु, अरुण शिक्षक डायरीको व्यवस्था हुनु, नियमित प्रअ बैठक सञ्चालन हुनु, विद्यार्थी प्रतिभा पहिचान तथा  खेलकुद  विकासका लागि राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम हुनु, पालिका स्तरीय परीक्षा सञ्चालन हुनु, उत्कृष्ट नतिजा ल्यउने विद्यार्थीलाई गाउँपालिकावाट पुरस्कृत गर्नु वालिकाहरूका लागि सेनेटरी प्याड उपलब्ध गराउनु  यस गाउँपालिकाको शिक्षा क्षेत्रमा भएका मुख्य सबल पक्षहरू रहेका  हुन् ।

### मुख्य समस्याहरू

अरुण गाउँपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्याहरूमा प्रारम्भिक बालविकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्न नसक्नु, नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्न नसक्नु, बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्न नसक्नु, पर्याप्त भौतिक पूर्वाधार र उपयुक्त शैक्षिक वातावरणको निर्माण गर्न नसक्नु, व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना र कार्यक्रम विकास तथा आवश्यकताका आधारमा विस्तार गर्न नसक्नु, सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्न नसक्नु, विद्यालयहरूमा देखिएको विद्यालय छाड्ने र कक्षा दोहोर्याउने दरलाई न्यून गर्न नसक्नु, कक्षा १ देखी ५ सम्ममा कक्षागत शिक्षक दरबन्दी र कक्षा ६ देखी १२ मा  विषयगत शिक्षक दरबन्दीको अभाव पूर्ति गर्न नसक्नु, अन्य विषयको तुलनामा गणित, विज्ञान तथा अंग्रेजी विषयमा विद्यार्थीको अपेक्षित सिकाइ उपलब्धिमा वृद्धि हुन नसक्नु, विद्यालयमा विद्यार्थी सङ्ख्या कम हुँदै जानु , विद्यार्थी तथा शिक्षक प्रोत्साहनका कार्यक्रम अपेक्षित रूपमा हुन नसक्नु, पुस्तकालय, वाचनालय, प्रयोगशाला, खेलमैदान जस्ता सुविधाहरू व्यवस्थित नहुनु, अतिरिक्त तथा सहक्रियाकलाप सञ्चालन व्यवस्थित नहुनु, आर्थिक रूपमा विद्यालय व्यवस्थापन तथा सञ्चालनमा समस्या, दिवा खाजा रकममा समयानुकुल वृद्धि गर्न नसक्नु, विद्यार्थी परामर्श कार्यक्रम आवश्यक भए पनि सो सम्बन्धी योजनाबद्ध कार्यक्रम नहुनु, विद्यालय अनुगमन, सुपरिवेक्षण तथा शिक्षक पेसागत सहयोग व्यवस्थित नहुनु, शिक्षक परिवर्तन दर बढ्दो, आधारभूत तह (कक्षा १-५) मा सिकाइ मनोविज्ञानअनुसार बालकेन्द्रित कक्षाहरू सञ्चालन, व्यवस्थापन र योजनाबद्ध शिक्षण सिकाइमा ध्यान पुर्याउन नसक्नु जस्ता  मुख्य समस्याहरू रहेका छन् ।

**मुख्य अवसरहरू**

स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु, शिक्षा तीनवटै स्थानीय सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिवृद्धि गर्न सकिने अवस्था हुनु, विद्यालय शिक्षामा सुधारका लागि गाउँपालिकामा विभिन्न कार्यक्रम लागु हुनु, नयाँ पुस्ताका माथिल्लो योग्यताप्राप्त शिक्षकको सेवाप्रवेश हुनु, सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकारात्मक जनमत हुनु, शैक्षिक अभियन्ताहरूको शैक्षिक सुधारमा चासो बढ्नु, विभिन्न सरकारी तथा गैरसरकारी संघसस्थाहरूको सहयोग रहेको, प्रविधि लगायत अन्य पुर्वाधार क्रमशः बढदै गएको, सिकाइ आपुरण तथा सिकाइ बृद्धिका लागि योजना बनेको, यूवाहरूमा शिक्षा प्रतिको चासो बढ्नु, स्थानीय पाठ्यक्रममा स्थानीय तहमा भएको रैथाने ज्ञान, सीप र प्रविधिलाई आन्तरिकीकरण गर्नु मुख्य अवसरहरू रहेका छन्।

**मुख्य चुनौतीहरू**

अनिवार्य तथा निःशुल्क शिक्षाको प्रभावकारि कार्यान्वयन गर्नु, शिक्षाको सर्वसुलभता, समतामूलक पहुँच र गुणस्तर सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण बढाउनु, विद्यार्थी सङ्ख्या र विषयको आधारमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु, उद्यमशील, समालोचनात्मक र अन्वेषणात्मक नागरिक तयार गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु, स्थानीय मातृभाषामा पठनपाठन गराउन, प्राविधिक तथा व्यावसायिक शिक्षा विकासको लागि भौतिक पूर्वाधार, प्राविधिक जनशक्तिको उपलब्धता र समन्यायिक पहुँच सुनिश्चित गर्न आवश्यक पर्ने स्रोत-साधनको उपलब्धता र व्यवस्थापन गर्नु, शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु, क्षमतावान युवालाई स्थानीय तहमै सेवा गर्ने अवसरको सिर्जना गर्नु, जनसाङ्ख्यिक बनोट, भौगोलिक अवस्थिति एवं आन्तरिक र बाह्य बसाइँ-सराइको प्रवृत्ति समेतको अध्ययन गरी शैक्षिक संस्थाहरूको नक्साङ्कन गर्नु र सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु, बिपद् तथा जोखिमका वेला शिक्षा पाउने अधिकारको सुनिश्चितता विद्यालय शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

# परिच्छेद २ : दूर दृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ शिक्षा योजना निर्माण गर्दा लिईएका आधारहरू

वि.स.२०१० को ***नेपालमा शिक्षा*** नामक योजना कार्यान्वयन भए पछि शिक्षामा आम नागरिक र राष्ट्रिय माग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासमा नेपालको शिक्षा नीति, योजना, कार्यक्रम तथा परियोजनाहरू कार्यान्वयन हुँदै आएका छन् । प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, शिक्षक शिक्षा परियोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परियोजना, सहश्राब्दी विकास लक्ष्य, दिगो विकास लक्ष्य, उच्च शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास योजना जस्ता योजना तथा कार्यक्रमहरू कार्यान्वयनमा आए । विश्वको बदलिदो परिवेशअनुसार नेपालले राष्ट्रिय स्तरमा बनाएका योजनाहरू र गरेका प्रतिवद्धताहरूलाई पूरा गर्नको लागि शिक्षा विकास योजनाले महत्त्वपूर्ण मार्ग निर्देश गर्ने भएकोले यो योजना निर्माण गरिएको छ ।

यो योजना तयार गर्न नेपालको संविधान, २०७२; स्थानीय सरकार सञ्चालन ऐन, २०७४; सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माणसम्बन्धी); अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ र अरुण गाँउपालिकाको शिक्षा ऐन, २०८० लाई मुख्य कानुनी दस्तावेजको आधार लिइएको छ । यो योजना निर्णाण गर्ने क्रममा यस गाउँपालिकाको गाँउ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभवक संघका पदाधिकारीहरू, शिक्षक कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, बाल क्लव लगायत सबैसँग औपचारिक तथा अनौपचारिक छलफल र अन्तरक्रिया गरी महत्त्वपूर्ण राय सुझाव लिइ लिइएको छ । स्थानीय तहमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी स्थानीय तहबाट नै विकेन्द्रीकरणको मर्म अनुरुप Bottom up Planning Approach का आधारमा अरुण गाउँपालिका भित्रका विद्यालय शिक्षामा व्यापक सुधार गर्न वाञ्छनीय भएकोले यो योजना तयार पारिएको हो ।

दीर्घकालीन सोच सामायन्तः आविधक योजना अविधिभित्र प्राप्त हुने अवस्था मात्र नभई लामो अविधसम्मको आदर्श कल्पनाका रुपमा उल्लेख गरिएको हुन्छ । नेपाल सरकारले दीर्घकालीन सोचको रुपमा "*समृद्ध नेपाल, सुखी नेपाली*" निर्धारण गरेको छ भने कोशी प्रदेश सरकारले आफ्नो दीर्घकालिन सोच "*स्वच्छ, सुखी र समुन्नत प्रदेश*" तय गरेको छ । सोह्रौ योजनामा "*समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मूलक का रुपमा विकास गर्ने*" दीर्घकालीन सोच उल्लेख रहेको छ भने शिक्षा नीति २०७६ मा "*शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्ति, सामाजिक न्याय, रुपन्तरण र समृद्धि*" उल्लेख छ । विद्यालय शिक्षा क्षेत्र योजनामा दीर्घकालिन सोच "*आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकास सहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने*" तय गरिएको छ । त्यसै गरी *सुखी, सम्मुनत र समृद्ध अरुणकालागी* यस अरुण गाँउपालिकाको ***"कृषिको व्यवसायिकरण, शिक्षा, स्वास्थ्य, उद्योग र ब्यापार। पर्यटन विकास र भौतिक पूर्वाधार अरुण गाउँपालिका समृद्धिका आधार ।।"*** दीर्घकालिन सोच रहेको छ ।

माथि उल्लेखित विभिन्न तह र क्षेत्रले तय गरेका दीर्घकालिन सोच एवं यस अरुण गाँउपालिकाभित्रको समग्र शैक्षक परिवेशको मुख्य चुनौति तथा अवसर र सम्भावना समेतको आधारमा अरुण गाँउपालिकाको यस दश बर्षे शिक्षा क्षेत्र योजनालले आफ्नो दीर्घकालिन सोच र गन्तब्य तय गरेको छ ।

### २.२ दूरदृष्टि

*सुसंस्कृत, समुन्नत र समतामूलक समाज रुपान्तरणको सुनिश्चतता:*
*जीवनोपयोगी, व्यावसायिक, प्रविधियुक्त र गुणस्तरीय शिक्षा अरुणको प्रतिबद्धता ॥*

### २.३ लक्ष्य

सबै बालबालिकाहरूको शिक्षामा पहुँच सुनिश्चित गर्दै समतामूलक, गुणस्तरीय शिक्षाको विकास गरी दक्ष, सक्षम, सिर्जनशील, नवप्रवर्तनात्मक, नैतिकवान, प्रतिस्पर्धी, सीपयुक्त र उत्पादनमुखी राष्ट्रप्रेमी नागरिक तयार गर्नु ।

### २.४ उद्देश्य

- सबै बालवालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्नु ।
- समावेशी, समतामूलक, गुणस्तरिय शिक्षाको विकास गर्नु ।
- दक्ष, सक्षम, सिर्जनशील तथा नैतिकवान नागरिक तयार गर्नु ।
- नवप्रवर्तनमा आधारित प्रतिस्पर्धी र सीपयुक्त नागरिक तयार गर्नु ।
- स्थानीय सीप, परम्परागत तथा आधुनिक प्रविधिमा आधारित उत्पादनमुखी राष्ट्र निर्माणका लागि योग्य नागरिक तयार गर्नु ।
- विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु ।
- शिक्षकको पेसागत सहायता र पेसागत विकास गर्नु ।
- आपतकालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसरमा सुनिश्चित गर्नु ।
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरूलाई विस्तार गर्नु ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अभिभावकको सहभागिता वृद्धि गर्नु ।

### २.५ रणनीति

१ विद्यालय उमेर समूहका सम्पुर्ण बालबालिकाहरूका लागि प्रभावकरि विद्यालय भर्ना अभियान सञ्चालन गर्ने ।

२ विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि ब्यवहारमा नै आधारभूत तहको शिक्षा अनिवार्य एवं नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा पूर्ण नि:शुल्क बनाउने ।

३ सीमान्तकृत र आर्थिक रुपले विपन्न वर्गका तथा कार्यगत सिमितता भएका बालबालिकाहरूको पहिचान गरी शैक्षिक सहयोग कार्यक्रम लागु गर्ने ।

४ उच्च शिक्षा अध्ययनका लागि गाउँपालिका भित्र सामुदायिक शिक्षण संस्थाको पहुँचको सुनिश्चित गर्ने ।

५ बालमैत्री, अपांगमैत्री, लैंगिकमैत्री भौतिक संरचनाको निर्माण तथा कक्षाकोठाको व्यवस्थापन गर्ने ।

६ शिक्षाको विकास र विस्तार गर्न एवं सिकाइ वातावरणको सुनिश्चत गर्न आवस्यक व्यवस्था गर्ने ।

७ कक्षाकोठालाई बालमैत्री तथा सिकारुमैत्री बनाउन शिक्षकलाई मनोवैज्ञानिक रुपमा तयार गर्ने ।

८ पालिकास्तरमा स्थानीय विज्ञ समूहको परिचालन, विद्यालयस्तरमा विषयगत शिक्षक समूहको निर्माण तथा परिचालन कार्यक्रम लागु गर्ने ।

९ सम्पूर्ण विद्यालयहरूमा कक्षागत र विषयगत शिक्षक दरबन्दीको सुनिश्चितता गर्ने ।

१०  समावेशी विद्यालय वातावरण विकास गर्ने ।
११  सिकाइ सुधारको लागि प्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइ एवं विश्वसनिय मूलाङ्कन प्रणालीको व्यवस्था गर्ने ।
१२  पुस्तकालय, विज्ञान प्रयोगशाला, सुचना तथा सञ्चार प्रयोगशाला, वाचनालय आदीको क्रमश: विकास गरीदै लग्ने ।
१३  विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि **म बनाउँछु मेरो शैक्षणिक सामग्री** एवं म **सिकाउँछु मेरो एक साथी '** अभियान सञ्चालन गर्ने ।
१४  आयुर्वेद, प्राकृतिक चिकित्सा, योग ध्यान सहितको संस्कार युक्त शिक्षाको व्यवस्थापन गर्ने ।
१५  नतिजा र नवप्रवर्तनका आधारमा शिक्षक, विद्यार्थी र विद्यालयलाई प्रोत्साहित गर्न पुरस्कारको व्यवस्था गर्ने ।
१६  विज्ञान र प्राविधिक तथा ब्यावसायिक विषय अध्ययन गराउने विद्यालयहरूको थप व्यवस्थापन गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
१७  **शिक्षालाई सीप र सीपलाई आयसंग जोड्न** आवस्यक ब्यवस्था गर्ने ।
१८  स्थानीय पाठ्यक्रम समयमा सान्दर्भिक र स्थानीय परिवेशसँग मेल खाने बनाउँदै लग्ने ।
१९  विद्यालय तहको शिक्षण सिकाइमा सुधारको लागि शिक्षक, विद्यार्थी तथा अभिभावकबाट शैक्षिक सामग्री निर्माण कार्यक्रम लागु गर्ने ।
२०  बालबालिकाहरूको चौतर्फि विकासको लागि खेलकुद, साहित्य र सिर्जनात्मक कला आदि जस्ता सह तथा अतिरिक्त क्रियाकलापलाई सिकाइको अभिन्न अङ्ग बनाउने ।
२१  बालबालिकाहरूमा स्थानीय तथा परम्परागत सीपमा आधारित एंवम सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्ने बानिको विकास गर्ने ।
२२  बालबालिकाहरूमा श्रमप्रति सकारात्मक भावना जगाउन जीवन उपयोगी सीप एवं गरीखाने शिक्षालाई प्रवर्धन गर्ने कार्यक्रम सञ्चालन गरिने ।
२३  शिक्षा विकास एवं विद्यालय सुशासनका लागि आवस्यक नीतिगत तथा कानुनी सुधार गर्ने ।
२४  विद्यालयका प्रधानाध्यापक, वि व्य स, शि अ सं लगायतलाई विद्यालय प्रति उत्तरदायी र जबाफदेही बनाउने ।
२५  अभिभावक शिक्षक, तथा विद्यार्थीहरूमा **मेरो पिद्यालय सुधार्नु मेरो कर्तब्य** अभियान सञ्चालन गर्ने ।
२६  शिक्षकको पेसागत क्षमता र वृत्ति विकासका लागि पालिकास्तरमा निश्चित कार्यविधि बनाइ लागु गर्ने ।
२७  संकटको बेलामा पनि शिक्षण सिकाइ सञ्चालन गर्न बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना विकास गरी सो अनुसार सो अनुसार वैकल्पिक सिकाइ सञ्चालन गर्ने ।
२८ समुदायको सशक्तिकरण र सचेतीकरण क्षमताको विकास गर्न उद्यमी र स्वरोजगारका लागि मागमा आधारित तालिमको विकास गर्ने ।
२९  **पढेर होइन परेर मात्र सिकिन्छ** भन्ने मान्यतानुसारको शिक्षाको विकास गर्ने ।
३०  सामुदायिक सिकाइ केन्द्रहरूबाट वयावसायिक तथा जीवन कौशल सीपहरू सिकाउने व्यवस्था गर्ने ।
३१  विद्यालयले बालबालिकाहरूको सिकाइ सुधारको लागि आमा समूह एवं अभिभावक सहकार्य गर्ने ।

## २.६ कार्यनीति

- बिशेष कारणले विद्यालय जान नसक्ने बालबालिकाहरूको पहिचान गरी उनिहरूको शैक्षिक सहयोगका लागि **बालबालिकासँग पालिका प्रमुख कार्यक्रम लागु गरी** अभिभावकत्व ग्रहण कार्यक्रम लागु गरिने छ। (रणनीति नं. १)
- सबै बालबालिकाहरूको भर्ना सुनिस्चितताका लागी शैक्षिक सत्रको शुरुमा सम्बन्धित वडाको वडा अध्यक्षको संयोजकत्वमा भर्ना अभियानलाई घरदैलो कार्यक्रम मार्फत सञ्चालन गरिने छ। (रणनीति नं. १)
- विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई प्रभावकारि बनाउन शैक्षिक सामग्री तथा पोशाक वितरण कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति नं. १)
- सार्वजनिक पदधारण गरेका पदाधिकारी, सरकारी वेतनधारी शिक्षक कर्मचारीहरूका सन्ततिहरूलाई सरकारी विद्यालयमा पढाउने नीतिलाई प्रोत्साहन गरिने छ। (रणनीति नं. १)
- विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा रकममा वृद्धि, विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छ। (रणनीति नं. २)
- हरेक वडा सहित पालिकामा विद्यालय बाहिर बालबालिका नभएको घोषणा कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति नं. २)
- आधारभूत तहमा स्थानीय पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक विकास गरी लागु गरिने छ। (रणनीति नं. २)
- सङ्घीय सरकारबाट छात्रवृत्ति, दिवा खाजा आदि जस्ता शीर्षकमा प्राप्त हुने बजेटमा थप बजेट स्रोत पहिचान तथा विनियोजन गरी ती कार्यक्रमलाई अझ प्रभावकारी बनाइने छ।(रणनीति नं. २)
- निजी विद्यालयका रूपमा सञ्चालित शिक्षण संस्थाको सञ्चालन, व्यवस्थापन, शैक्षिक गुणस्तर कायम तथा शुल्क व्यवस्थापन सम्बन्धी कार्यविधि र मापदण्ड निर्धारण गरी लागू गरिने छ। (रणनीति नं. २)
- सडक सञ्जालले छोएका तथा विद्यार्थी सङ्ख्या बढी भएका सामुदायिक विद्यालयलाई स्कुल बसको सञ्चालन र व्यवस्थापन क्रमशः गर्दै लगिने छ। (रणनीति नं. २)
- स्थानीय स्रोतमा आधारित **कम मुल्य, विना मुल्य**का शैक्षणिक सामग्री प्रयोगका लागि प्रोत्साहीत गरिने छ। (रणनीति नं.३)
- सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक, मानसिक तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकाहरूलाई विशेष सिकाइ सामग्री प्रदान गरी उचित शैक्षिक अवसरको सृजना गरिने छ। (रणनीति नं. ३)
- विद्यालय तह पुरा गरेका वद्यार्थीहरूका लागि सर्वसुलभ रुपमा उच्च शिक्षा अध्ययनका लागि सामुदायिक शिक्षण संस्थाको स्थापना, सञ्चालन र रेखदेखका लागि आवस्यक सहजिकरण गरिने छ। (रणनीति नं. ४)
- सुरक्षित भौतिक पुर्वाधार सहितको बालमैत्री तथा मनोवैज्ञानिक रूपमा उपयुक्त सिकाई वातावरणयुक्त विद्यालयको विकास गरिने छ। (रणनीति नं. ५)

- स्थानीय तहका सबै विद्यालयको PMECs (कक्षाकोठा, न्यूनत्तम शिक्षक, निशुल्क एक सेट पाठ्यपुस्तक तथा पाठ्यक्रम, पानी सहितको छात्रा शौचालय र न्यूनतम शैक्षिक सामग्री सहितको बुक कर्नर) लाई सुनिश्चित गरिने छ। (रणनीति नं. ५)
- प्रत्येक विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा छात्रामैत्री र अपांगमैत्री सुविधायुक्त शौचालय बनाइने छ। (रणनीति नं. ५)
- स्वच्छ र बाल स्वास्थ्यमैत्री धारा तथा पिउने पानीको विद्यालय क्षेत्रभित्र नै प्रबन्ध गरिने छ। (रणनीति नं. ५)
- प्रारम्भिक बाल विकास केन्द्रका लागि छुट्टै भवन, बालमैत्री कक्षाकोठा व्यवस्थापन, विभिन्न खेल सामग्रीसहितको बालउद्यानको क्रमश: विकास गर्न आवश्यक बजेटको व्यवस्थापन गरिने छ । (रणनीति नं. ५)
- पढाइलेखाइका सहज र प्रशस्त अभ्यासका लागि  बालमैत्री तथा  अपांगमैत्री फर्निचरको प्रबन्ध गरिने छ। (रणनीति नं. ५)
- कक्षाकोठामा अपांगमैत्री तथा लैंगिकमैत्री बसाइ व्यवस्थापन गरिने छ। (रणनीति नं. ५)
- प्रत्येक विद्यालयको सिकाइ वातावरण सुनिश्चत गर्न विद्यालयगत रुपमा आवस्यकताको पहिचान गरिने छ। (रणनीति नं. ६)
- विद्यालयको शिक्षणसिकाइ क्रियाकलापहरू सञ्चालनको लागि न्यूनतम सिकाइ वातावरणको सुनिश्चत गरी सिकाइ प्रभावकारि वनउन  विद्यालय स्तरीय प्रस्तावनामा आधारित  **पालिका प्रमुख कोषको** स्थापना गरी **पालिका प्रमुख शैक्षिक सुधार कार्यक्रम** लागु गरिने छ। (रणनीति नं. ६)
- सिकाइ सुधारको लागि प्रविधिमैत्री तथा बालमैत्रि शिक्षणसिकाइ क्रियाकलाप  गरिने छ। (रणनीति नं. ७)
- शिक्षकलाई मनोपरामर्श एवं बालमैत्री र सिकारुमैत्री कक्षाकोठा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण तालिममा सहभागी गराइने छ । (रणनीति नं. ७)
- शिक्षकको पेसागत सहयोगका लागी पालिकास्तरमा विषयगत विज्ञ समूह निर्माण गरिने छ। (रणनीति नं. ८)
- प्रत्येक विद्यालयमा विषयगत समूह निर्माण गरिने छ।(रणनीति नं. ८)
- अन्तरविद्यालय विषयगत समूह छलफल कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति नं. ८)
- स्थानीय सामग्रीबाट शैक्षणिक सामग्री निर्माण गर्न विषयगत रुपमा पालिका स्तरमा कार्यशाला र तालिम सञ्चालन गरिने छ। (रणनीति नं. ८)
- एक टोल एक शिक्षण कार्यक्रमलाई मासिक घुम्ति शिक्षण कार्यक्रमका रुपमा विकास गरिने छ। (रणनीति नं. ८)
- शिक्षक दरबन्दी मिलान र व्यवस्थापन प्राथमिकतामा राखिने छ। (रणनीति नं. ९)
- प्रत्येक विद्यालयमा कक्षागत र विषयगत शिक्षक दरबन्दीको विश्लेषण गरी आवश्यकतानुसार पुनर्वितरण गर्दै लगिने छ। (रणनीति नं. ९)
- विद्यालय नक्साङ्कनका आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिने छ।  (रणनीति नं. ९)
- निश्चित कार्यविधि बनाइ शिक्षक बैङ्कको स्थापना गरिने छ। (रणनीति नं. ९)

- शिक्षक सङ्ख्या कम भएका विद्यालय, लामो विदामा बसेका शिक्षकको सट्टामा शिक्षक व्यवस्थापनका लागी पालिका प्रमुख कोषलाई समेत सदुपयोग गर्दै लगिने छ। (रणनीति नं. ९)
- वार्षिक नीति तथा कार्यक्र मार्फत स्वयमसेवक शिक्षक कार्यक्रमलाई प्रभावकारी बनाउँदै लगिने छ। (रणनीति नं. ९)
- विद्यालयमा बालबालिकाको सहकारी सिकाइ समूह गठन र हिंसा विभेद एवं दण्डमुक्त सुरक्षित विद्यालय वातावरण साथै समतामूलक क्रियाकलप सञ्चालन गरिने छ। (रणनीति नं. १०)
- विद्यालयमा गठन हुने अभिभावक एवं विद्यार्थीहरूको विभिन्न समिति तथा सनूहहरूमा महिला दलित अपाङ्गता भएका ब्यक्तिहरूको समावेशीमूलक प्रतिनिधित्व गराइने छ। (रणनीति नं. १०)
- गणित, विज्ञान र अंग्रेजी (MSE) लगायत अन्य विषयको सिकाइ उपलब्धि सुधार गर्न विद्यार्थीहरूको आवस्यकता पहिचान गरी थप सहायता कक्षाहरू सञ्चालन गरिने छ। (रणनीति नं. ११)
- सबै विद्यालयमा प्रविधिमैत्रि शिक्षणको लागि चाहिने न्यूनत्तम सामग्रीको सहयोग गर्दै प्रविधिमैत्री शिक्षण लागु गरिने छ। (रणनीति नं. ११)
- सिकाइको लागि निरन्तर मूल्याङ्कनलाई अनिवार्य गरी विद्यालय तहको बार्षिक परीक्षाको सञ्चालन तथा व्यवस्थापन पालिकास्तरीय गरिने छ। (रणनीति नं. ११)
- सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयहरूको विद्यमान अवस्थाको मूल्याङ्कन गरी शैक्षिक गुणस्तर सुधार गरिने छ। (रणनीति नं. ११)
- विद्यालयमा अध्यापनरत जनशक्तिलाई अनिवार्य प्रविधिमैत्री बन्न र बनाउनका लागि कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइने छ। (रणनीति नं. ११)
- कृतिम वौद्धिकता एवं सामाजिक सन्जाललाई शिक्षण सिकाइ कार्यमा आवद्द गर्दै लगिनेछ। (रणनीति नं. ११)
- प्रत्येक विद्यालयलाई मागमा आधारित कम्प्युटर ल्याव र **एक शिक्षक एक ल्याप्टप** कार्यक्रमलाई कार्यान्वयनमा ल्याइनेछ। (रणनीति नं. ११)
- स्थानीय तहले प्रत्येक वर्ष एक विद्यालय कम्तिमा एक शिक्षकलाई प्रविधि सम्बन्धी तालिम सञ्चालन गरिने छ। (रणनीति नं. ११)
- निश्चित भूगोल र जनसङ्ख्याका आधारमा एक वडा एक पुस्तकालय कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति नं. १२)
- प्रत्येक विद्यालयमा विज्ञान, गणित, भाषा तथा सूचना प्रविधि प्रयेगशाला एवं सिकाइ पार्कको विकास र विस्तार गरिने छ। (रणनीति नं. १२)
- प्रत्येक विद्यालयमा इन्टरनेटको सुनिश्चितता गरी एक विद्यालय एक E-Library कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति नं. १२)
- सबै वडाहरूमा एक-एक ओटा वाचनालय स्थापना गरिने छ। (रणनीति नं. १२)
- स्थानीय उत्पादनमा आधारित **शैक्षणिक सामग्री मेलाको** आयोजना गरिने छ। (रणनीति नं. १३)
- प्रत्येक विद्यालयका कक्षाकोठामा सहपाठी सिकाईलाई जोड दिइ **'म सिकाउँछु मेरो एक साथी '** कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति नं. १३)

- स्थानीय पाठ्यक्रममा आयुर्वेद, प्राकृतिक चिकित्सा, योग ध्यान, स्थानीय जातीय र धार्मिक संस्कार सम्बन्धी विषयवस्तुहरू समावेश गरिने छ। (रणनीति नं. १४)
- सञ्चालनमा रहेको आयुर्वेदिक केन्द्रलाई समुदायमा विस्तार गर्दै लगिने छ। (रणनीति नं. १४)
- अरुण आध्यात्मिक प्रतिष्ठानलाई धार्मिक तथा संस्कार शिक्षणको केन्द्रको रुपमा विकास गरिने छ। (रणनीति नं. १४)
- स्थानीय जडिबुटीहरूको पहिचान र प्रयोग गर्न स्थानीय बैद्यहरू मार्फत विद्यार्थीहरूलाई तालिम दिइ आयुर्वेदिक विधिद्वारा गाउँघरमा नै साधारण रोगको उपचार गर्न प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरिने छ । (रणनीति नं. १४)
- नतिजा र नवप्रवर्तनका आधारमा शिक्षक, विद्यार्थी र विद्यालयलाई प्रोत्साहित गर्न पुरस्कारको व्यवस्था गरिने छ। (रणनीति नं. १५)
- पालिकास्तरिय गणित, विज्ञान, भाषा तथा स्थानीय सीप र कला प्रदर्शनी कार्यक्रम वार्षिक रुपमा सञ्चालन गरिने छ। (रणनीति नं. १५)
- माग र आवश्यकताको आधारमा उपयुक्त स्थानको पहिचान गरी थप प्राविधिक विद्यालय स्थापना गर्न पहल गरिने छ। (रणनीति नं. १६)
- महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक कारणले बञ्चितिमा परेका बालबालिकाहरूलाई प्राविधिक शिक्षाका लागि छात्रवृत्ति लगायत प्रोहोत्सान कार्यक्रम प्रदान गरिने छ। (रणनीति नं. १६)
- विज्ञान विषयको अध्ययन गर्न चाहने विद्यार्थीलाई विशेष छात्रवृत्तिको व्यवस्था गरिने छ। (रणनीति नं. १७)
- सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयहरूको IT ल्याव लगायत भौतिक पक्ष मजबुत बनाउँदै लगिनेछ। (रणनीति नं. १६)
- प्राविधिक धारमा अध्यापन गराउने उत्कृष्ट शिक्षकलाई आवाससहितको उचित प्रोत्साहन कार्यक्रम लागु गरिने छ। (रणनीति नं. १६)
- सम्भाव्यता अध्यन गरी माध्यमिक विद्यालयहरूमा आवाससहितको पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति नं. १७)
- अनुसन्धानमा आधारित परियोजना कार्यलाई शिक्षण सिकाइको अभिन्न अंग बनाइने छ। (रणनीति नं. १७)
- समय सान्दर्भिक र व्यहारिक हुनेगरी स्थानीय परिवेशसँग मेल खाने विषयबस्तु स्थानीय पाठ्यक्रममा समावेश गरी स्थानीय कला संस्कृतिको संरक्षण एवम् जगेर्ना गरिने छ। (रणनीति नं. १८)
- शैक्षिक सामग्री निर्माण मेलाको आयोजना गरी उत्कृष्ट हुनेलाई पुरस्कारको व्यवस्था गरिने छ।(रणनीति नं.१९)
- स्थानीय स्रोतमा आधारित No cost र low cost शैक्षिक सामग्री निर्माणमा शिक्षक, विद्यार्थी तथा अभिभावकलाई प्रोत्साहन गरिने छ। (रणनीति नं. १९)
- राष्ट्रपति रनिङ् शिल्ड लगायत पालिकास्तरीय खेलकुद कार्यक्रमहरू (फुटबल, भलिबल, क्रिकेट लगायतका शारीरिक चाल सम्बन्धी खेलकुदहरू) लाई थप व्यवस्थित वनाइनने छ। (रणनीति नं. २०)

- पालिकास्तरिय साहित्यिक बाटिकाको स्थापना र सञ्चालन गरी सम्पूर्ण विद्यालयहरूमा साहित्यिक कार्यक्रमहरू मासिक रुपमा सञ्चालन गरिने छ। (रणनीति नं. २०)
- विद्यालयहरूमा प्रत्येक शुक्रबारलाई Bookless Friday को रुपमा मनाइ अतिरिक्त तथा सह क्रियाकलापका माध्यमद्वारा विद्यार्थीको सिकाइ स्तरमा सुधार गरिने छ। (रणनीति नं. २०)
- कला, साहित्य, विज्ञान तथा प्रविधिसँग सम्बन्धित प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति नं. २०)
- खेलकुद, साहित्य र सिर्जनात्मक कला जस्ता विषयको अध्यापन गराउने शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न बिज्ञ शिक्षक झिकाई पालिका स्तरमा तालिम तथा प्रशिक्षण सञ्चालन गरिने छ । (रणनीति नं. २०)
- पालिका स्तरमा कम्तिमा एउटा स्थानीय तथा परम्परागत सीपमा आधारित सांस्कृतिक संग्रहालय स्थापना गरिने छ । (रणनीति नं. २१)
- विद्यार्थीहरूलाई स्थानीय स्तरमा रहेका पाटी-पौवा, धार्मिक स्थल, धारा-पधेरा, गढी, गुफा, चौतारा जस्ता सास्कृतिक सम्पदाहरूको संरक्षण एवं सम्बर्धन गर्न जिम्मेवार बनाइने छ। (रणनीति नं. २१)
- स्थानीय तथा परम्परागत सीपधारी ब्यक्तिबाट नयाँ पुस्तालाई तालिम मार्फत सीप हस्तान्तरण गरिने छ। (रणनीति नं. २१)
- जीवनोपयोगी सीपमा आधारित तालिमहरू वडागत रुपमा वार्षिक रुपमा सञ्चालन गरिने छ । (रणनीति नं. २२)
- बालबालिकाहरूलाई घर, विद्यालय वा आसपासका क्षेत्रहरूमा आवस्यक सरसफाई, मर्मतसम्भार, फुलबारी निर्माण, गोडमेल जस्ता क्रियाकलपहरूमा सहभागी गराई श्रमसीप एवं श्रम संस्कृतिको विकास गरिने छ। (रणनीति नं. २२)
- यस गाँउपालिका भित्र सञ्चालितत शिक्षण संस्थाहरूको सञ्चालन, व्यवस्थापन तथा रेखदेख गर्नका लागि आवश्यक ऐन, नियम तथा कार्यविधि निर्माण गरी लागु गरिने छ। (रणनीति नं. २३)
- सबै विद्यालयहरूमा प्रविधिमैत्री विद्यालय सुशासन लागि चाहिने आवश्यक सामग्री तथा तालिमको व्यवस्थापन गरिने छ। (रणनीति नं. २३)
- विद्यालय प्र. अ. को छनोट र नियुक्ति प्रक्रियालाई पारदर्शी, विश्वसनीय बनाउन कार्यविधि तयार गरी नेतृत्व परीक्षण लागु गरिने छ। साथै प्रधानाध्यापकहरूका लागि समयसापेक्ष रुपमा भत्ताको व्यवस्था गरिने छ। (रणनीति नं. २४)
- प्र.अ.लाई एक विद्यालय एक शैक्षणिक नेतृत्वकर्ताको रूपमा जिम्मेवार र जवाफदेही बनाइने छ । (रणनीति नं. २४)
- विद्यालयको प्रशासनिक कार्य सम्पादनमा सहजताका लागि विद्यालयलाई क्रमश: सवारीसाधनको व्यवस्था गरिने छ। (रणनीति नं. २४)
- वि व्य स, शि अ सं लगायतको छनौट तोकिएकै समयमा प्रचलित कानुन वमोजिम गरिने छ। (रणनीति नं. २४)
- विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारीता ल्याउन विद्यालयको नेतृत्वको क्षमता विकास तालिम सञ्चालन गरिने छ। (रणनीति नं. २४)

- विद्यालयको आर्थिक तथा भौतिक विकासकालागि समुदाय परिचालन गरिने छ। (रणनीति नं. २५)
- विद्यालय आचारसिंहता निर्माण र कार्यान्वयन, कार्यसम्पादन करार सम्झौता गरी पुरस्कार र दण्ड, बाह्य परीक्षकबाट हरेक बर्ष विद्यालयको कार्यसम्पादन मूल्याङ्कन, सामाजिक परीक्षण, लेखापरीक्षण गरिने छ। (रणनीति नं. २५)
- प्रत्येक विद्यालयमा ई-हाजिरी, सिसि क्यामेरा, डिजिटल डिस्प्ले बोर्ड, सूचना पाटी, शिक्षक लगबुक र गुनासो पेटिकाको व्यवस्था गर्रिंदै लगिने छ। (रणनीति नं. २५)
- शिक्षकको निरन्तर पेसागत सहयोग र वृत्ति विकासका लागि मापदण्ड सहितको कार्यविधि बनाइ लागु गरिने छ। (रणनीति नं. २६)
- शिक्षकलाई मागमा आधारित छोटो अवधि, लामो अवधि र पुनर्ताजगी जस्ता तालिमको व्यवस्था गरिने छ । (रणनीति नं. २६)
- विद्यालय भित्र र बाहिर सहकर्मी शिक्षकहरू माझ अनुभव आदन प्रदान कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति नं. २६)
- पालिकास्तरमा बिपद् पूर्वतयारी तथा प्रतिकार्य योजना विकास गरी सो अनुसार तयारि गरी विपत्को बेलामा पनि शिक्षण सिकाइ सञ्चालन गरिने छ। (रणनीति नं. २७)
- विपत्मा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक सिकाइ सहजीकरणका लागि तत्कालिन आवश्यकता र परिस्थीति अनुसार वडा वा पालिका मार्फत सिकाइ आपुरण तथा द्रुत सिकाइ गोजना ReaL plan( Recovery and Accelerated Learning Plan) अनुसार बैकल्पिक माध्यम छनौट गरी कार्यान्वयनमा ल्याइने छ । (रणनीति नं. २७)
- संकटको बेलामा पनि शिक्षणसिकाइ सञ्चालन गर्न पालिका स्तरमा वैकल्पिक सिकाइ सहजीकरणको कार्यक्रमका लागि भर्चुअल सिकाइ सहजीकरणको ब्यवस्था मिलाईने छ। (रणनीति नं. २७)
- बन्द वा समायोजनमा परेका विद्यालयमा अध्ययनरत बालबालिकाको सुविधाका लागि आवाशीय प्रवन्ध र यातायातको प्रवन्ध गरिने छ। (रणनीति नं. २७)
- अन लाईन, इ -लर्निङ, मोबाइल एप्स् र भर्चुअल कक्षाबाट शिक्षण सिकाइ सञ्चालन गरिने छ । (रणनीति नं.२७)
- शैक्षिक सामग्री र स्रोतको वितरण तथा लचिलो शिक्षा प्रणालीको सुनिस्चितता गरिने छ। (रणनीति नं.२७)
- बिपद्को कारण सिकाईमा पुगेको क्षति आपुरणका लागि स्वाध्ययन सामग्रीको विकास र वितरण गरिने छ। (रणनीति नं.२७)
- विद्यालय तह पूरा गरी श्रम बजारमा जान तयार भएका युबाहरूलाई उनिहरूकै रुची र मागमा आधारित स्वरोजगारमूलक सीपहरूको विकास गर्न सरकारी तथा गैर सरकारी संघ सस्थाहरूसंगको साझेदारीमा तालिम तथा प्रशिक्षण कार्यक्रम गरिने छ। (रणनीति नं. २८)
- स्थानीय स्तरमा उत्पादित बस्तु तथा सेवाको उपभोगमा प्रोत्साहन गरी आयातित बस्तु तथा सेवाको प्रयोगलाई नीतिगत रुपमा निरुत्साहित गरिने छ। (रणनीति नं. २८)
- विद्यार्थीहरूलाई पुस्तकीय ज्ञानमा सिमित नराखी प्रयोगात्मक र अनुभवसहितको व्यवहारिक शिक्षा दिइने छ। (रणनीति नं. २९)

- विद्यार्थीहरूमा सिर्जनशीलता र समस्या समाधान क्षमता वढाउन परियोजनामा आधारित शिक्षा प्रणाली लागु गरिने छ। (रणनीति नं. २९)
- विद्यार्थीहरूमा जिज्ञासा र अन्वेषणको वढावा गर्न प्रश्न उठाउने संस्कृतिको वढवा दिइने छ। (रणनीति नं. २९)
- शिक्षकको भूमिका मार्गदर्शक र सुविधाकर्ताको रुपमा परिवर्तन गरिने छ। (रणनीति नं. २९)
- सिंगो समुदायको पहुँचयोग्य स्थानमा व्यवस्थित सिकाई केन्द्रको स्थापना तथा स्थानान्तरण गरिने छ। (रणनीति नं. ३०)
- **एक वडा एक सिकाइ केन्द्र**लाई विस्तार गरी निरन्तर सिकाइ तथा जीवनउपयोगी सीपका कार्यक्रम सञ्चालनको पूर्ण जिम्मेवारी बनाइने छ। (रणनीति नं. ३०)
- सामुदायिक सिकाइ केन्द्रको सहजकर्तालाई युवा लक्षित वयावसायिक तथा जीवन कौशल सीपहरूको शिक्षा तथा तालिम प्रदान गर्न सक्षम बनाइने छ। (रणनीति नं. ३०)
- सामुदायिक सिकाइ केन्द्रमार्फत इच्छुक युवाहरूलाई जीवनोपयोगी तालिम उपलब्ध गराइने छ। (रणनीति नं. ३०)
- प्रत्येक विद्यालयमा बालबालिकाहरूको सिकाइ सुधारको लागि आमा समूह निर्माण गरिने छ। (रणनीति नं. ३१)
- आमा समूहलाई विद्यार्थीहरूको दिवाखाजा, गृहअध्ययन, सरसफाई, नियमितता, नैतिकताको विकासमा जिम्मेवार बनाइने छ। (रणनीति नं. ३१)
- बालबालिकाहरूको सिकाइ सुधारको लागि **आमा समूह प्रोत्साहन कार्यक्रम** कार्यविधि तयार गरी लागु गरिने छ। (रणनीति नं. ३१)
- वि.व्य.स. र शि.अ. संघको सक्रियतामा हरेक विद्यालय स्तरीय अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ। (रणनीति नं. ३१)
- अभिभावक तथा समुदाय सचेतिकरणको लागि विद्यालय परिवार तथा माध्यमिक तहका विद्यार्थीहरूलाई परिचालन गरिने छ। (रणनीति नं. ३१)
- मनोपरामर्श तथा नियमित स्वस्थ्य परीक्षणका लागि घुम्ती सेवा सञ्चालन गरिने छ। (रणनीति नं. ३१)
- हरेक आवधिक परीक्षा पश्चात विद्यार्थीहरूको प्रगति प्रतिवेदन सहित **सिकाईका लागि अभिभावक सम्मेलन** गरिने छ। (रणनीति नं. ३१)
- अभिभावक सचेतना कार्यक्रमबाट बालबालिकाको **घरमा पढाइ कुना**को व्यवस्थापन गरिने छ। (रणनीति नं. ३१)

### २.७ अपेक्षित उपलब्धि

अरुण गाउँपालिकाको १० वर्षे शिक्षा योजना (२०८२-२०९१) को कार्यान्वयन भईसकेपछि पालिकाको शिक्षा क्षेत्रमा तपशिल बमोजिमको उपलब्धि भएको देखिने प्रक्षेपण गर्न सकिन्छ।

१ सबै बालवालिकाको शिक्षामा पहुँच सुनिश्चित भएको हुने ।

२ समावेशी, समतामूलक, गुणस्तरिय शिक्षाको विकास भएको हुने ।

३ दक्ष, सक्षम, सिर्जनशील तथा नैतिकवान नागरिक तयार भएको हुने ।

४ नवप्रवर्तनमा आधारित प्रतिस्पर्धी र सीपयुक्त नागरिक तयार भएको हुने।

५ स्थानीय सीप, परम्परागत तथा आधुनिक प्रविधिमा आधारित उत्पादनमुखी राष्ट्र निर्माणका लागि योग्य नागरिक तयार भएको हुने।

६ सवै विद्यालयहरूमा सूचना सञ्चार तथा प्रविधिको विस्तार भई प्रविधिमैत्री शिक्षण सिकाई भएको हुने।

७ सवै विद्यालयहरूमा सुरक्षित र बालमैत्री भौतिक संरचनाहरूको विस्तार भएको हुने।

८ विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्व बहन भएको हुने।

९ शिक्षकको पेसागत सहायता र वृत्ति विकास भएको हुने।

१० आपत्कालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित भएको हुने।

११ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसर विस्तार भएको हुने।

१२ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अभिभावकको सहभागिता वृद्धि भएको हुने।

१३ आयुर्वेद, प्राकृतिक चिकित्सा, योग, ध्यान सहितको संस्कार युक्त शिक्षाको व्यवस्थापन भएको हुने।

१४ बालबालिकाहरूको चौतर्फि विकासको लागि खेलकुद, साहित्य र सिर्जनात्मक कला आदिजस्ता सह तथा अतिरिक्त क्रियाकलाप सिकाइको अभिन्न अङ्ग बनेको हुने।

१५ विद्यालय शिक्षाको समग्र विकासकालागि स्थानीय तहको आर्थिक, भौतिक तथा मानवीय लगानीमा वृद्धि भएको हुने।

१६ उच्च शिक्षा प्रदान गर्ने सामुदायिक शिक्षण संस्थाको स्थापना भएको हुने।

१७ आपतकालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसरमा वृद्धि भएको हुने।

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र सं | सूचक | राष्ट्रिय आधार वर्ष २०८१ | अरुण गाउँपलिका २०८१ | अरुण गाउँपालिकाको लक्ष्य | |
|---|---|---|---|---|---|
| | | | | २०८२ | २०८३ |
| १ | प्रारम्भिक वालविकास तथा शिक्षामा कुल भर्ना दर | १०१ | ९४.७ | | |
| २ | प्रारम्भिक वालविकास तथा शिक्षामा खुद भर्ना दर | | ५५.१ | | |
| ३ | प्रारम्भिक वालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना | ७६.३ | ९४.७ | | |
| ४ | कक्षा १ मा कुल प्रवेशदर | १४१.१ | ११४.२ | | |
| ५ | कक्षा १ को खुद प्रवेशदर | ९३ .७ | ९५.४ | | |
| ६ | कक्षा १ – ५ को कुल भर्ना दर | १३०. ५ | १०७.१ | | |
| ७ | कक्षा १ – ५ को खुद भर्ना दर | ९४.४ | ९६.४ | | |
| ८ | कक्षा ६ – ८ को कुल भर्ना दर | ११५ | १०७.४ | | |
| ९ | कक्षा ६ – ८ को खुद भर्ना दर | ९३.६ | ९५.५ | | |
| १० | कक्षा १ – ८ को कुल भर्ना दर | १२४.८ | १०७.२ | | |
| ११ | कक्षा १ – ८ को खुद भर्ना दर | ९४.१ | ९६.० | | |
| १२ | कक्षा ९ – १० को कुल भर्ना दर | ९९.१ | ८९.१ | | |
| १३ | कक्षा ९ – १० को खुद भर्ना दर | ७५.८ | ७५.७ | | |
| १४ | कक्षा ११– १२ को कुल भर्ना दर | ६३.३ | ६६.८ | | |
| १५ | कक्षा ११ – १२ को खुद भर्ना दर | ३७.१ | ४५.७ | | |
| १६ | कक्षा ९ – १२ को कुल भर्ना दर | ८०.६ | ७८.० | | |
| १७ | कक्षा ९ – १२ को खुद भर्ना दर | ५५.८ | ६०.७ | | |
| १८ | कक्षा ८ सम्मको टिकाउ दर | ८६.५ | ८६.० | | |
| १९ | कक्षा १० सम्मको टिकाउ दर | ६९.९ | ९३.४ | | |
| २० | कक्षा १२ सम्मको टिकाउ दर | ४०.६ | ९२.६ | | |
| २१ | साक्षरता दर ६ वर्ष माथि | ७६.३ | ७६.४५ | | |
| २२ | इन्टरनेट सुविधा पुगेका विद्यालय प्रतिशत | ८५.४३ | १०० | | |
| २३ | ICT ल्याव भएका विद्यालय प्रतिशत | २९.५८ | १ | | |
| २४ | विद्यालय वाहिर रहेका ५ देखि १२ वर्षका वालवालिका प्रतिशत | ५.९ | ५ | | |

# परिच्छेद ३: शिक्षाका मुख्य उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकास तथा शिक्षा

### ३.१.१ वर्तमान अवस्था

बालबालिकाको संवेगात्मक, शाररिक तथा मानसिक विकास गरी सृजनशील बनाउन तथा बालबालिकाको औपचारिक शिक्षा सुरुवात गर्न प्रारम्भिक बाल विकास तथा शिक्षाको निकै महत्व छ । नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५, राष्ट्रिय शिक्षा नीति, २०७६ तथा सोह्रौ पन्चवर्षीय योजनामा चार वर्ष उमेर पुगेका बालवालिकाका लागि १ वर्षे प्रारम्भिक बालविकास शिक्षा सञ्चालन गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ ।
अरुण गाउँपालिकामा जम्मा ३९ वटा बालविकास केन्द्र रहेका छन् जस मध्ये सामुदायिक विद्यालयमा ३५ ओटा, समुदायमा आधारित ३ ओटा र स्थानीय तहवाट १ ओटा रहेका छन् भने ४१ जना बालविकास सहजकर्ता कार्यरत रहेको अवस्था छ । EMIS Report 2081 अनुसार यस गाउँपालिकामा प्रारम्भिक बाल कक्षामा सामुदायिक तर्फ ३२० र संस्थागततर्फ ३४ गरी जम्मा ३५४ जना विद्यार्थीहरू अध्ययनरत छन् । यसरि हेर्दा प्रारम्भिक बालविकासमा कुल भर्ना दर ६१.७%, प्रारम्भिक बालविकासमा खुद भर्ना दर ५५.१% र प्रारम्भिक बालविकास कक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका ९४.७% रहेको छ । यस गाउँपालिकामा PMEC (Prioritized Minimum Enabling Condition) (Student teacher ratio - Classroom space - Set of textbooks per child per year - Separate girls and boys toilet with water - Book/Learning corner in all classrooms) पुरा गरेका बालविकास केन्द्रहरू ७ ओटा रहेका छन् भने अन्य बालविकास केन्द्रहरू सरकारले तोकेका मापदण्ड पुरा गर्न प्रयासरत रहेका छन् । स्थानीय सरकारबाट बालविकास सहजकर्ताका लागि संघीय सरकारबाट प्राप्त हुने तलवको अलवा थप रकमको व्यवस्था गरिएको छ । बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनुपर्नेमा भौगोलिक अवस्थाको कारण सो नभई बालविकास शिक्षामा केहि बालबालिकाहरूको पहुँच अझै पनि नपुगेको देखिन्छ । भूगोल, जनसङ्ख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन, स्थानान्तरण एवं नयाँ स्थापना गर्नुपर्ने जरुरी हुन आउँछ । यसै गरी स्थापना भएका बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्नु पर्ने र नयाँ स्थापना हुने बालविकास केन्द्रहरूको क्षमता अभिवृद्धि गर्दै जानु आवस्यक देखिन्छ । बालवालिकाहरूको खुद भर्नादरमा सुधार नहुनु, शिक्षकहरू पूर्ण तालिम प्राप्त नहुनु, बालमैत्री पुर्वाधारहरू नहुनु, बालवालिकाहरूको नियमित उपस्थितिमा सुधार नहुनु, अभिभावकहरूलाई जिम्मेवार वनाउन नसक्नु मुख्य समस्याको रुपमा रहेका छन् ।

### ३.१.२ उद्देश्य

- प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरूको प्रारम्भिक बालविकास शिक्षाको पहुँच सुनिस्चित गर्नु ।
- सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु ।
- प्रारम्भिक बाल विकास केन्द्रको न्यूनतम मापदण्ड पुरा गर्दै लैजानु ।
- बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकास गरी सिकाईका लागि तयार गर्नु ।

### ३.१.३ रणनीति

- प्रारम्भिक बालविकास शिक्षा कार्यक्रमलाई प्रविधिमैत्री, बालमैत्री एवं गुणस्तरीय बनाउँदै सबै बालबालिकाहरूको पहुँचमा विस्तार गर्ने ।
- बालविकासका सहजकर्ताहरूको क्षमता विकाससँगै प्रोत्साहनका गतिविधिहरू सञ्चालन गरी योग्य सहजकर्ताबाट सेवा प्रवाह हुने व्यवस्था गर्ने ।
- प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि आमा समूह गठन एवं अभिभावक तथा स्थानीय संघ संस्था लगायत समुदायलाई समेत परिचालन गर्ने ।
- प्रारम्भिक बाल कक्षामा निर्धारित मापदण्ड अनुरूप बालमैत्री कक्षाकोठाको व्यवस्थापन गर्ने ।
- नमुना बालविकास केन्द्र निर्माण गर्न कार्ययोजना तयार गरी कम्तिमा एक वडा एक नमुना बालविकास केन्द्रको निर्माण गर्दै लगिने ।
- प्रत्येक वडा तथा टोलमा बालबालिकाहरूलाई स्थानीय स्तरका तथा कम लागतका खेल्ने र मनोरञ्जन गर्ने सामग्रीहरू सहितको बालउद्यान क्रमशः निर्माण गर्दै लैजाने ।
- बालविकास सहजकर्तासँग कार्यसम्पादन करार सम्झौता गरी निश्चित सूचकका आधारमा पुरस्कार तथा दण्डको कार्यक्रम लागु गर्ने ।
- बालविकास केन्द्रको खुद भर्नादर वृद्धि गर्न सघन भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने ।
- नियमित अनुगमन तथा समीक्षा बैठक सञ्चालन गर्ने ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**क· उपलब्धि**

गाउँपालिका भित्रका सबै बालविकास केन्द्रहरूमा न्यूनतम मापदण्ड पुरा भई सम्पूर्ण बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको पहुँच सुनिश्चित भएको हुनेछ ।

**ख· नतिजा**

- सबै प्रारम्भिक बालविकास केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुनेछन् ।
- प्रारम्भिक बालविकास शिक्षा उमेरका सबै बालबालिकालाई एक वर्षको गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको पहुँच भएको हुनेछ ।
- प्रारम्भिक बालविकास शिक्षा उमेरका सबै बालबालिकाहरू प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गरेका हुनेछन् ।
- प्रारम्भिक बालविकास केन्द्रहरूका सबै शिक्षकहरूले न्यूनतम योग्यता र तालिम हासिल गरेका हुनेछन् ।
- प्रत्येक वडामा कम्तीमा एउटा नमुना बालविकास केन्द्रको स्थापना भएको हुनेछ ।
- प्रारम्भिक बालविकास केन्द्रहरूको न्यूनतम मापदण्ड पुरा गर्न परिवार, समुदाय, गैरसरकारी संघसंस्था, विद्यालय र स्थानीय सरकार जिम्मेवार हुनेछन् ।

- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तै घरमा, समुदायमा, कार्यक्षेत्र तथा घुम्ती बालविकास शिक्षा कार्यक्रम कार्यान्वयन भएको हुनेछ ।
- प्रत्येक वडा तथा टोलमा बालउद्यान निर्माण भएको हुनेछ ।
- प्रत्येक प्रारम्भिक बालविकास केन्द्रमा आमा समूह गठन भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष(२०८२) | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९१ |
|---|---|---|---|---|---|---|---|
| १ | न्यूनतम सिकाई सवलिकरण मापदण्ड पूरा गरेका बालविकास केन्द्र | ७ | १२ | १८ | २५ | ३० | ४१ |
| २ | गुणस्तरीय प्रारम्भिक बाल शिक्षा प्राप्त विद्यार्थी प्रतिशत | ६१ | ८० | ८५ | ९५ | १०० | १०० |
| ३ | बालविकासको अनुभवसहित कक्षा १ मा प्रवेश भएका विद्यार्थी प्रतिशत | ९४ | ९८ | १०० | १०० | १०० | १०० |
| ४ | न्यूनतम योग्यता र तालिम हासिल गरेका शिक्षक प्रतिशत | ९० | ९५ | १०० | १०० | १०० | १०० |
| ५ | नमुना बालविकास केन्द्रको सङ्ख्या | ० | १ | ३ | ५ | ७ | ७ |
| ६ | बालउद्यान सङ्ख्या | ० | ३ | ५ | ८ | ११ | १७ |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | कार्यक्रम/क्रियाकलाप | एका | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | १० वर्षको लक्ष्य | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | भर्ना अभियान सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | अभिभावक सचेतना शिक्षा कार्यक्रम सञ्चालन गर्ने । | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ३ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरूको लागि शैक्षिक सामग्रीहरूको सहयोग गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | प्रस्तावनाको आधारमा न्यूनतम मापदण्ड सहितको बालविकासको सुनिश्चतताका लागि सहयोग कार्यक्रम सञ्चालन गर्ने । | केन्द्र | ७ | १२ | १८ | २५ | ३० | ३० | ४१ | |
| ५ | बालविकास सहजकर्ताको पारिश्रमिकमा थप प्रोत्साहन भत्ताको व्यवस्था गर्ने । | जना | ४१ | ४१ | ४१ | ४१ | ४१ | ४१ | ४१ | |
| ६ | बालविकास सहजकर्तालाई पाठ्यक्रम प्रवोधिकरण एवं क्षमताविकास तालिम सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | नमुना बालविकास केन्द्रमा परिमार्जन गर्ने । | वडा | १ | १ | १ | १ | १ | ५ | ७ | |
| ८ | वडा स्तरीय बालउद्यान निर्माण गर्ने । | वडा | ० | ३ | ५ | ८ | ११ | ११ | १७ | |
| ९ | वि.व्य.स वा रोस्टरबाट निश्चित सुचकको आधारमा अनुगमन गरी समीक्षा बैठक सञ्चालन गर्ने । | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| १० | निश्चित सूचकको आधारमा बार्षिक उत्कृष्ट बालविकास सहजकर्ता लाई सम्मान | जना | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | बालबालिकाहरूको स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| १२ | बालबालिकाहरूको अपाङ्गता तथा कार्यरत सिमितता पहिचानको लागि तालिम प्रदान गरी प्रारम्भिक पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | आमा समूहको गठन | वटा | १ | २१ | १५ | | | | ३७ | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ वर्तमान अवस्था

शिक्षाको आधारनै आधारभूत शिक्षा हो । शिक्षा ऐन २०२८ शंशोधन सहितले प्रारम्भिक बाल कक्षा देखि कक्षा आठसम्म दिइने शिक्षालाई आधारभूत शिक्षा भनि परिभाषित गरेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले प्रारम्भिक बालविकास पछि कक्षा १ देखि कक्षा ८ सम्मको (कक्षा १– ३, कक्षा १ –५ र कक्षा १– ८) आठ वर्षको विद्यालय शिक्षालाई आधारभूत शिक्षा मानेको छ। नेपालको संविधान, २०७२ ले आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क गरेको छ । दिगो विकास लक्ष्यको चौथो लक्ष्यमा गुणस्तरीय शिक्षा अन्तर्गत सन् २०३० सम्ममा सबै बालबालिकालाई नि:शुल्क रुपमा गुणस्तरीय शिक्षा पाउने सुनिश्चितता गरेको छ।

अरुण गाउँपालिकामा ३७ ओटा आधारभूत विद्यालयहरू मध्ये ३५ ओटा सामुदायिक र २ ओटा संस्थागत विद्यालय रहेका छन। यसमा पनि ६ ओटा कक्षा १-१२, १ ओटा कक्षा १-१०, ३ ओटा कक्षा १-८, १८ ओटा कक्षा १-५ र ९ ओटा कक्षा १-३ सञ्चालितत विद्यालयहरू छन्

कक्षा १ देखी ५ सम्म कक्षागत शिक्षकको सङ्ख्या कम छ भने कक्षा ६ -८ सम्म विषयगत शिक्षकको अभाव रहेको छ। शिक्षक नियुक्ति एवं सरुवा प्रक्रिया लामो र झंझटिलो भएकोले लामो समयसम्म विद्यालयमा शिक्षक नहुने समस्या छ। वसाई सराईको कारण विद्यार्थी सङ्ख्या न्यून हुदै गएको अवस्था छ। सिकाइको गुणस्तर सुधारमा कमि भएकाले विद्यार्थीहरूको सिकाइ उपलब्धि सन्तोषजनक देखिदैन। नेपालको संबिधान, २०७२ र अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन, २०७५ ले आधारभूत तहको शिक्षा अनिवार्य र नि:शुल्क हुने व्यवस्था रहेकोमा कतिपय बालबालिकाहरू आधारभूत तहको शिक्षा पूरा नगरी विद्यालय छोड्ने गरेका छन् । पोषण, स्वास्थ्य, दिवा खाजा लगायत सहायता प्रणालीको उचित व्यवस्था गर्न, निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रुपमा विकास गर्न, विद्यार्थीहरूको सिकाइ उपलव्धिमा सुधार ल्याउन मुख्य समस्या तथा चुनौतीहरू रहेका छन्।

**आधारभूत तहको शैक्षिक सूचकहरू:**

| क्र सं | सूचक | २०८१ को अवस्था |
|---|---|---|
| १ | कक्षा १ मा कुल प्रवेश दर | ११४.२ |
| २ | कक्षा १ मा खुद प्रवेश दर | ९५.४ |
| ३ | कक्षा १-५ मा कुल भर्ना दर | १०७.१ |
| ४ | कक्षा १-५ मा खुद भर्ना दर | ९६.४ |
| ५ | कक्षा १-८ मा कुल भर्ना दर | १०७.२ |
| ६ | कक्षा १-८ मा खुद भर्ना दर | ९६.० |
| ७ | कक्षा १-८ लैङ्गिक समता सूचकांक | १.१६ |
| ८ | कक्षा ८ मा टिकाउ दर | ८६.० |
| ९ | कक्षा १ देखी ३ सम्मको औषत सिकाई उपलब्धि (GPA) | २.७२ |
| १० | कक्षा ४ देखी ५ सम्मको औषत सिकाई उपलब्धि (GPA) | २.६९ |
| ११ | कक्षा ६ देखी ८ सम्मको औषत सिकाई उपलब्धि (GPA) | २.४९ |
| १२ | कक्षा १ बाट ५ सम्मको उत्तिर्ण दर | ८७.८ |
| १३ | कक्षा १ बाट ५ सम्मको दोहोऱ्याउने दर | ६.५ |
| १४ | कक्षा १ बाट ५ सम्मको छोड्ने दर | ३.६ |
| १५ | कक्षा ६ बाट ८ सम्मको उत्तिर्ण दर | ८९.२ |
| १६ | कक्षा ६ बाट ८ सम्मको दोहोऱ्याउने दर | ५.६ |
| १७ | कक्षा ६ बाट ८ सम्मको छोड्ने दर | २.५ |
| १८ | आधारभूत तहका महिला शिक्षक प्रतिशत | ३५.७१ |

*(तथ्यांक स्रोत अरुण शिक्षा शाखा, EMIS २०८१)*

### ३.२.२ उद्देश्य

- ५ देखि १२ वर्ष उमेर समूहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चितता गर्नु ।
- आधारभूत तहको सिकाइ उपलब्धिमा वृद्धि गर्नु ।
- कक्षा १ मा भर्ना भएका सबै बालबालिकालाई कक्षा ८ सम्मको शिक्षा अनिवार्य रूपमा पूरा गराउनु ।
- निर्धारित सिकाइ सक्षमता हासिल गरेका विद्यार्थीहरूलाई उनीहरूको रुची र क्षमताका आधारमा साधारण वा प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षामा प्रवेशका लागि तयारी गराउनु ।
- आधारभूत तहका सबै बालबालिकाहरूमा श्रमप्रति सकारात्मक भावना विकास गरी स्थानीय एवं परम्परागत सीप, कला र प्रविधि प्रयोग सम्बन्धी आधारभूत ज्ञान तथा सीप विकास गराउनु ।
- आधारभूत तहका सबै बालबालिका हरूमा आ आफ्ना जातीय र धार्मिक संस्कार प्रति सद्भाव विकास गराई साहित्य, संगीत, नृत्य, योग, ध्यान, आयुर्वेद, प्राकृतिक चिकित्सा, खेलकुद र सुचना सञ्चार सम्बन्धी आधारभूत सीप विकास गराउनु ।
- आधारभूत तहका विद्यालयको भौतिक तथा शैक्षिक वातावरण प्रविधिमैत्री, बालमैत्री, अपाङ्गमैत्री, लैंगिक मैत्री, समतामूलक र सुरक्षित बनाउनु ।
- आधारभूत तहका शिक्षक कर्मचारीहरूको पेसागत सहायता र विकास गराउनु ।
- आधारभूत विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अभिभावकको सहभागिता वृद्धि गर्नु ।

### ३.२.३ रणनीति

- पहुँच सुनिश्चितताको लागि पहिचानको आधारमा अति विपन्न र अभिभावक बिहिन बाल बालिकालाई अभिभावकत्व ग्रहण गराउन **"एउटा बच्चाको भर्ना : मेरो सामाजिक दायित्व"** कार्यक्रम लागु गर्ने ।
- विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति र दिवा खाजा कार्यक्रमलाई अझ प्रभावकारी बनाइ **विद्यालय बाहिर बालबालिकाहरू नरहेको** घोषणा कार्यक्रम सञ्चालन गरिने ।
- सीमान्तकृत र आर्थिक रुपले विपन्न वर्गका तथा कार्यगत सिमितता भएका बालबालिकाहरूको पहिचान गरी विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता शैक्षिक सहयोग कार्यक्रम लागु गर्ने ।
- बाल मैत्री, अपांगमैत्री, लैंगिकमैत्री भौतिक संरचना तथा पुर्वाधार निर्माण एवं कक्षाकोठाको व्यवस्थापन गर्न प्रस्तावनामा आधारित **पालिका प्रमुख शैक्षिक सुधार कार्यक्रम** लागु गर्ने ।
- विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउने, टिकाउने र सिकाउने राष्ट्रिय लक्ष्यलाई सहयोग गर्नु ।
- कक्षा १ देखी ३ सम्मका बालबालिकाहरूका लागी बालमैत्री सिकाई वातावरण निर्माण गर्दै आधारभूत साक्षरता सीप विकासको लागी भाषिक तथा गणितीय साथै अन्य अन्तरविषयक जीवनोपयोगी पक्षको शिक्षण सिकाइ कार्यलाई सुनिश्चित गर्न पठन तथा गणितीय सीप केन्द्रीत क्रियाकलापलाई निरन्तरता दिइने ।
- छापामय कक्षा कोठा व्यवस्थापन नभएका विद्यालयहरूलाई आगामी ५ बर्ष भित्र कक्षा कोठा व्यवस्थापनका लागि आबश्यक बजेट व्यवस्थापन गरी पूर्ण गर्ने ।
- स्थापना भएका कक्षा, पुस्तकालय तथा बुक कर्नर नियमित पढाइ तथा स्वःसिकाइ एवं गणितीय सीप विकास गर्ने सामग्रीहरूलाई उचित व्यवस्थापन तथा प्रयोग अनिवार्यता गरी अभिलेखीकरण गर्ने ।
- कक्षा १ देखी ३ सम्मका बालबालिकाहरूका लागि क्रमिक सिकाइ रणनीतिका आधारमा र कक्षा ४ देखी ८ सम्मका बालबालिकाका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन सहित पठनसीपका आधारमा प्रविधिमैत्री सिकाइ सञ्चालन गर्ने ।
- पठन सीप सम्बन्धी अभिभावकहरूको जागरूकता तथा सहयोग गर्ने आधारमा पालिका तथा विद्यालय स्तरीय अभिभावक सम्मान कार्यक्रम सञ्चालन गर्ने ।
- निर्माणात्मक मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनका लागि विद्यार्थीको सिकाइ अवस्थाको विश्लेषण सहितको मासिक रुपमा समीक्षा बैठक सञ्चालन गर्ने ।
- कक्षा १ देखि ३ सम्म वर्ग शिक्षण पद्दतिलाई अवलम्बन गरी निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न कार्यसंचयिकाको अनिवार्य प्रयोग गर्ने ।
- शिक्षकलाई शिक्षण सुधार योजना र पाठ नोट अनिवार्य गर्ने ।
- बालबालिकाहरूको पठन सीप विकासका लागि पालिकास्तरीय **पढाइ मेला** तथा प्रतियोगिता सञ्चालन गर्ने ।
- विद्यार्थी सिकाइ स्तरको पहिचानका लागि पालिका स्तरीय CB-EGRA, EGMA सञ्चालन र उत्कृष्ठ विद्यार्थी र विद्यालय सम्मान कार्यक्रम गर्ने ।

- गणित, विज्ञान अङ्ग्रेजी लगायत अन्य विषयमा विद्यार्थीहरूको सिकाइ उपलब्धि सुधरका लागि आवस्यकतामा आधारित उपचारात्मक कक्षा सञ्चालन गर्ने ।
- बिज्ञ/रोष्टर शिक्षकहरूद्वारा नमूना पाठ शिक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- उपचारात्मक शिक्षणको माध्यमबाट कक्षा दोहोर्याउने र अनुत्तीर्ण हुने विद्यार्थीहरूको सङ्ख्यालाई क्रमशः न्यूनिकरण गर्दै लाने ।
- आधारभूत तह कक्षा ५ र ८ को वार्षिक परीक्षा अनिवार्य रुपमा पालिका स्तरीय सञ्चालन गर्ने ।
- आधारभूत तह पुरा गर्ने प्रत्येक बालबालिकाहरूलाई रुची र क्षमताको आधारमा साधारण र प्राविधिक वा व्यावसायिक माध्यमिक शिक्षामा प्रबेशको अबसर प्रदान गर्ने ।
- पोषिलो दिवा खाजालाई स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर बनाइ स्थानीय स्वास्थ्य इकाईको निगरानी र विद्यालय, अभिभावक, स्थानीय सरकार समेतको सहकार्यमा थप व्यवस्थित र प्रभावकारी बनाइने ।
- आधारभूत तहका बालबालिकाहरूलाई स्थानीय पाठ्यक्रमको प्रभावकारि कार्यान्वयनका लागि आवश्यक पाठ्यपुस्तकको ब्यवस्था गरी स्थानीय एवं परम्परागत सीप, कला र प्रविधि सम्बन्धी पर्याप्त ज्ञान-सीप प्रदान गर्ने ।
- आधारभूत तहको स्थानीय पाठ्यक्रममा अरुण गाउपलिका क्षेत्रमा बसोबास गर्ने सबै धर्म तथा जात जातिका संस्कार संस्कृति सम्बन्धी यथेष्ठ जानकारीमूलक पाठ्यबस्तु समाबेश गर्ने ।
- आधारभूत तहका सबै बालबालिकाहरूलाई तह र उमेर सुहाउँदा साहित्य सिर्जना, संगीत, नृत्य र चित्रकलालाई स्थानीय पाठ्यक्रममा समाबेश गरी नियमित वा आवधिक रुपमा सम्बन्धित विज्ञ मार्फत प्रशिक्षण दिने र समय समयमा प्रतियोगी रुपमा प्रदर्शनीको आयोजना गर्ने ।
- आधारभूत तहका सबै बालबालिकाहरूलाई तह र उमेर सुहाउदा योग, ध्यान, आयुर्वेद, प्राकृतिक चिकित्सा लागायतका विषयहरूमा आधारभूत सीप विकास गर्न सम्बन्धित सस्थाहरूसंग समन्वय र सहकार्य गर्ने ।
- आधारभूत तहका बालबालिकाहरूमा रहेको प्रतिभा पहिचान गर्न पालिका स्तरीय प्रतियोगिता सञ्चालन गर्ने
- विद्यालयको उचित भौतिक तथा शैक्षिक वतावरण निर्माणको लागि 'आफ्नो विद्यालय आफैं बनाऊँ' भन्ने नारा तय गर्दै लागत सहभागितालाई प्राथमिकता दिइने ।
- प्रविधि मैत्री कक्षा कोठा व्यवस्थापनकालागि प्रत्येक आधारभूत विद्यालयमा इन्टरनेट, कम्प्युटर लगायतको सुविधा अभिबृद्धि गर्ने ।
- गाउँपालिकामा क्रमश: निश्चित मापदण्डको आधारमा हरेक वडामा कम्तिमा एक नमुना आधारभूत विद्यालय स्थापना गर्ने ।
- शिक्षक पेसागत सहयोग प्रणालीलाई नियमित तालिम, अवलोकन भ्रमण, कक्षा अवलोकन, पृष्ठपोषण, कार्यमूलक अनुसन्धान लाई व्यवस्थित र नियमित गर्ने ।
- शिक्षक कर्मचारीलाई मापदण्डमा आधारित भई पुरस्कार तथा सम्मान गर्ने ।
- हरेक त्रैमाषिक रुपमा सिकाइकालागि विद्यार्थिको प्रगति प्रतिवेदन सहित अभिभावक सम्मेलन गर्ने ।
- विद्यालयमा अभिभावकहरूबाट दैनिक भ्रमणको ब्यवस्था मिलाउने ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**क· उपलब्धि**

सबै बालबालिकाहरू आधारभूत तहको शिक्षामा अनिवार्य तथा नि:शुल्क पहुँच प्राप्त गरी गुणस्तरीय शिक्षा सहित माध्यमिक तहको शिक्षा हासिल गर्न तयार भएका हुनेछन्।

**ख· नतिजा**

- सबै बालबालिकाहरूको आधारभूत शिक्षामा पहुँच सुनिश्चितता भएको हुनेछ।
- आधारभूत तहको खुद भर्ना दर र टिकाउ दरमा वृद्धि भएको हुनेछ ।
- आधारभूत तहको शिक्षा प्राप्त गर्ने बालबालिकाहरूले गणित, विज्ञान र अङ्ग्रेजी लगायत अन्य विषयमा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुनेछन्।
- आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासान कायम भएको हुनेछ।
- आधारभूत तहका विद्यालयहरू न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन्।
- कक्षा १ मा भर्ना भएका सबै बालबालिकाहरूले कक्षा ८ सम्मको शिक्षा अनिवार्य रूपमा पूरा गरेका हुनेछन।
- आधारभूत तहको शिक्षा प्राप्त गरेका सबै बालबालिकाहरू स्थानीय एवं परम्परागत सीप,कला र प्रविधी प्रयोगका लागि तयारी भएका हुनेछन।
- आधारभूत तहका सबै बालबालिकाहरूमा आ आफ्ना जातीय र धार्मिक संस्कार प्रति सद्भाव विकास भइ साहित्य, संगीत, नृत्य, योग, ध्यान, आयुर्वेद, प्राकृतिक चिकित्सा, खेलकुद र सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आधारभूत सीप विकास भएको हुनेछ ।
- आधारभूत तहका सबै शिक्षकहरूको नियमित पेसागत सहायता र विकास भएको हुनेछ।
- आधारभूत तहका विद्यालयका शैक्षिक, प्रशासकीय र व्यवस्थापकीय सबै पक्षहरू व्यवस्थित, विविधता अनुकुल, समतामूलक र जवाफदेही भएका हुनेछन।
- आधारभूत तहका सबै बालबालिकाहरूलाई पोषिलो दिवा खाजाको व्यवस्था भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचकहरू | आधार वर्ष (०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०९१ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहको खुद भर्ना दर (%) | ९६.० | ९७.० | ९८.० | ९९.० | १०० | १०० |
| २ | आधारभूत तहको टिकाउ दर(प्रतिशत) | ८६ | ८८ | ९२ | ९५ | ९८ | १०० |
| ३ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | १२ | १४ | १६ | १८ | २० | ३७ |
| ४ | आधारभूत तहको औषत सिकाइ उपलब्धि प्रतिशत | २.६ | २.७ | २.८ | २.९ | ३.० | ३.६ |
| ५ | शिक्षक विद्यार्थी अनुपात (कक्षा १-५) | १:१२ | | | | | |
| ६ | शिक्षक विद्यार्थी अनुपात (कक्षा ६-८) | १:२८ | | | | | |

## ३.२.५ प्रमुख क्रियापलाप तथा परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ( ५ बर्षको) | | | | | | १० वर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन | पटक | १ | २ | २ | २ | २ | ९ | १९ | |
| २ | शैक्षिक सामग्री निर्माण कार्यशाला गोष्ठी कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | एकिकृत पाठ्यक्रम तथा निरन्तर मूल्याङ्कन कार्यान्वयन तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | पढाइ तथा सिकाइ सीप मेला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | उत्कृष्ट विद्यालय, प्र.अ., शिक्षक, कर्मचारी, विद्यार्थी तथा अभिभावक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | गणित, विज्ञान र अङ्ग्रेजी तथा अन्य विषय शिक्षकहरूको अन्तरक्रिया कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | छात्रवृत्ति तथा शैक्षिक सामग्री वितरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | अविभावक तथा विद्यार्थी परामर्श कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | स्थानीय पाठ्यपुस्तक व्यवस्थापन | पटक | | १ | | | | | २ | |
| ११ | प्रतिभा पहिचान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | नमुना आधारभूत विद्यालय कार्यक्रम | ओटा | | १ | २ | ३ | १ | ७ | ७ | |
| १३ | अध्ययन अवलोकन भ्रमण | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| १४ | नतिजा सार्वजनिकरण र अन्तरक्रिया कार्यक्रम | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| १५ | बालबालबालिकाको लागि सहयोग कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १६ | विद्यालयको भौतिक पूर्वाधार विकास कार्यक्रम | ओटा | ५ | ७ | ५ | ५ | ५ | २७ | ३५ | |
| १७ | छापायुक्त कक्षाकोठा व्यवस्थापन सहितको विद्यालय | सङ्ख्या | १२ | १२ | १३ | | | | ३७ | |
| १८ | विद्यालय नक्शाङ्कन पुनर्वितरण तथा समायोजन | पटक | | | १ | | | | १ | |
| १९ | विषय शिक्षकको व्यवस्था एवम् दरवन्दि समायोजन | पटक | | | | १ | | | २ | |
| १९ | बिज्ञ शिक्षकद्वारा नमुना पाठ शिक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २० | अनुगमन तथा मूल्याङ्कन कार्यक्रम | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

नेपालमा कक्षा ९-१२ सम्मको ४ बर्षे शिक्षालाई माध्यमिक तहको शिक्षा भनी परिभाषित गरिएको छ। माध्यमिक तह सम्मको शिक्षा नि:शुल्क पाउने व्यवस्था नेपालको संबिधान २०७२ को मौलिक हकमा गरिएको छ। संघीय संरचना अनुरुप संघ, प्रदेश र स्थानीय तहबाट शिक्षाको व्यवस्थापन गर्ने कार्य भए पनि माध्यमिक तहसम्मको शिक्षा मूलत: स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ। शिक्षा क्षेत्रको विकास तथा व्यवस्थापनका लागि सोहिअनुसार शिक्षाका संरचनाहरू बन्ने क्रममा छन। प्रत्येक स्थानीय तहमा शिक्षा व्यवस्थापनका लागि शिक्षा युवा तथा खेलकुद शाखा स्थापना गरी सोही शाखाबाट शिक्षासँग सम्बन्धित सेवा प्रवाह गरीरहेको छ। यस तहमा साधारण र प्राविधिक गरी २ धारमा शिक्षालाई व्यवस्थित गरिएको छ।

यस गाउँपालिका भित्र सात ओटै वडाभित्र माध्यमिक विद्यालय रहेका छन् भने वडा नं ७ बाहेक अन्य ६ ओटा वडामा कक्षा १२ सम्म सञ्चालित माध्यमिक विद्यालय छन्। बाल कक्षादेखी कक्षा १० सम्म सञ्चालितत १ ओटा, बाल कक्षादेखी कक्षा १२ सम्म सञ्चालितत ६ ओटा मध्य शारदा मा.वि. प्याउलीमा नमुना मा.वि,को कार्यक्रम र बिश्वप्रेमी मा.वि. को कक्षा ९-१२ मा कम्प्युटर इन्जीनियर विषयको प्राविधिक धार सञ्चालनमा रहेको छ। माध्यमिक तहमा जम्मा ४० शिक्षक दरबन्दी (अनुदान समेत) रहेको छ जसमा प्राविधिक धारको कार्यक्रममा ६ प्रशिक्षकहरू रहेका छन्। २०८१ सालको इमिस तथ्यांक अनुसार जम्मा ७८६ विद्यार्थी सङ्ख्या रहेको छ जहाँ छात्रको सङ्ख्या ३७७ र छात्रा को सङ्ख्या ४०९ रहेको छ l

गुणस्तरीय शिक्षाको सुनिश्चितता अभिवृद्धिका लागि विद्यालय शिक्षामा इन्टरनेटको पहुँचमा प्रगति, सूचना तथा सञ्चार प्रविधि (ICT) सुविधामा विस्तार, कम्प्यूटर तथा विज्ञान प्रयोगशाला एवं पुस्तकालय स्थापनामा जोड दिइरहेको अवस्था छ। यस तहमा विषयगत शिक्षकको अभाव, प्रशासनिक जनशक्तिको अभाव, पूर्ण नि:शुल्क हुन नसक्नु, विद्यालय छोड्ने दर बढी हुनु, सिकाइ उपलब्धि न्यून हुनु, पर्याप्त भौतिक पूर्वाधार नहुनु प्रमुख समस्याहरू रहेका छन्।

**माध्यमिक तहका विभिन्न शैक्षिक सुचकहरू:**

| क्र सं | सूचकहरू | २०८१ को अवस्था |
|---|---|---|
| १ | कुल भर्ना दर कक्षा ९-१० | ८९.१ |
| २ | खुद भर्ना दर कक्षा ९-१० | ७५.७ |
| ३ | कुल भर्ना दर कक्षा ९-१२ | ७८.० |
| ४ | खुद भर्ना दर कक्षा ९-१२ | ६०.७ |
| ५ | कुल भर्ना दर कक्षा ११ -१२ | ६६.८ |
| ६ | खुद भर्ना दर कक्षा ११ -१२ | ४५.६ |
| ७ | कक्षा १० सम्म को टिकाउ दर | ९३.४ |
| ८ | कक्षा १२ सम्म को टिकाउ दर | ९२.६ |
| ९ | कक्षा ९ देखी १० सम्मको औषत सिकाई उपलब्धि | २.२६ |
| १० | कक्षा ११ देखी १२ सम्मको औषत सिकाई उपलब्धि | २.४९ |
| ११ | कक्षा ९ बाट १० सम्मको उत्तिर्ण दर | ८९.१ |
| १२ | कक्षा ९ बाट १० सम्मको छोड्ने दर | ५.३ |

*(तथ्यांक स्रोत , अरुण गाउँपालिका शिक्षा शाखा, EMIS २०८१)*

### ३.३.२ उद्देश्य

- माध्यमिक तहको शिक्षामा बालबालिकाको पहुँच अभिवृद्धि गरी नैतिकवान, व्यावहारिक, सीपयुक्त र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्नु।
- माध्यमिक तहको सिकाइ उपलब्धि एवं शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु।
- विद्यालयको शैक्षिक तथा भौतिक वातावरणलाई बालमैत्री बनाउनु।
- उच्च शिक्षाको प्रवेशको लागि आधार तयार गर्नु।
- माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउँदै थप विस्तार गर्नु।

### ३.३.३ रणनीति

- माध्यमिक तहमा भर्ना दर र टिकाउ दर वढाउन बालबालिका प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने।
- विद्यालय शिक्षामा स्थानीय सरकारको लगानी वृद्धि गरी माध्यमिक तहसम्मको शिक्षा पूर्णरुपमा नि:शुल्क गर्ने।
- एक माध्यमिक विद्यालय एक छात्राबास कार्यक्रम क्रमस कार्यान्वियन गर्ने।
- भौगोलिक अवस्थिति, दुरी र बाटोको पहुँचका आधारमा विद्यालय बस सेवाको व्यवस्थापन गर्ने l
- सवै विद्यालयहरूको न्यूनतम भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई बालमैत्री विद्यालय वनाइने।
- सबै माध्यमिक विद्यालयहरूमा कम्प्यूटर तथा विज्ञान प्रयोगशाला एवं पुस्तकालय स्थापना, गणित, अङ्ग्रेजी लगायत अन्य विषयका शैक्षिक सामग्रीको व्यवस्था र प्रयोगमा वृद्धि गर्ने।
- सिकाइ क्षति न्यून गर्न शिक्षक तथा विद्यार्थीको उपस्थित दरलाई बृद्धि गर्ने।
- शैक्षिक गुणस्तर एवं सिकाई उपलब्धि अभिवृद्धिका लागि योजनाको आधारमा शिक्षण संस्थाहरूको निरन्तर अनुगमन, निरीक्षण तथा मूल्याङ्कनको व्यवस्था गरिने साथै माध्यमिक विद्यालयहरूलाई पुरस्कृत गर्न तथा नियमन गर्न उत्तरदायित्व र कार्यसम्पादन परीक्षण पद्धति लागु गर्ने।
- माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्र.अ.को व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापन प्रति उत्तरदायी वनाउने।
- विषयगत शिक्षक एवं विषयगत विज्ञ समूहको निर्माण गरी अनुभव आदन प्रदान गर्ने।
- शिक्षण पेसालाई आकर्षित गर्दै शिक्षकलाई अध्यावधिक बनाउन उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्ने l
- गणित, विज्ञान र अङ्ग्रेजी लगायत अन्य विषयको सिकाइ उपलब्धि सुधार गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने।
- ज्ञानलाई सीप, सीपलाई श्रम र श्रमलाई उपार्जनसंग जोड्दै ***पढ्दै कमाउदै कार्यक्रम*** कार्यान्वियन गर्ने l
- विद्यार्थीहरूमा अनुशासन एवं नैतिकताको विकास गर्न यु.रे.स,बालक्लब र बालिका संजालको गठन गर्ने।
- विद्यार्थीहरूको रुचि र इच्छा अनुसारको विषयमा उच्च शिक्षा अध्ययनका लागि आधार तयार गर्ने।
- सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रुपमा एकीकृत गरी नतिजामूलक बनाउने।

- कक्षा ११-१२ मा विज्ञान विषयको पठनपाठनका लागि आवस्यक व्यवस्था गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षालाई आवस्यकताको आधारमा थप विस्तार गर्नुको साथै थप व्यवस्थित र गुणस्तरीय बनाउने ।
- कक्षा १० र १२ को परीक्षा दिएर वसेका विद्यार्थीहरूका लागि छोटो अवधिको जीवन उपयोगी शिक्षा सञ्चालन गर्ने ।

### ३.३.४ उपलब्धि तथा प्रमुख नतिजाहरू

**क· उपलब्धि**

माध्यमिक शिक्षामा सवैको पहुँच सुनिश्चित भई व्यावहारिक र प्राविधिक शिक्षासहितको सान्दर्भिक र गुणस्तरीय शिक्षा प्राप्ति हुने ।

**ख· नतिजा**

- सवै बालबालिकाहरूलाई नि:शुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई भर्ना तथा टिकाउ दरमा वृद्धि भएको हुनेछ ।
- लैङ्गिक, सामाजिक तथा आर्थिक रुपले पछाडी परेका लगायत सम्पूर्ण बालबालिकाको सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।
- सवै माध्यमिक विद्यालयहरूले आधारभूत मापदण्ड पुरा गरेको हुनेछन् ।
- विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइ सहजिकरणलाई सहयोग भएको हुनेछ ।
- शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुनेछ ।
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीको उचित व्यवस्थापन, उत्प्रेरित शिक्षकको व्यवस्थापन, उपयुक्त सिकाइ वातावरणको निर्माण भएको हुनेछ ।
- माध्यमिक विद्यालयहरूमा अध्यापन गरिने विभिन्न विधाका विषयहरूको सिकाइ उपलब्धिमा वृद्धि भएको हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक विषयको विस्तार तथा आकर्षणमा वृद्धि भई नतिजामा सुधार भएको हुनेछ ।
- गाउँपालिका भित्र कम्तिमा एउटा माध्यमिक विद्यालयको कक्षा ११ -१२ मा विज्ञान विषयको कक्षा सञ्चालन भएको हुनेछ ।
- विद्यार्थीहरूमा अनुशासन एवं नैतिकताको विकास गर्न स्काउट, यु.रे.स, बालक्लब र बालिका संजालको गठन भएको हुनेछ ।
- कक्षा १० र १२ को परीक्षा दिएर वसेका विद्यार्थीहरूका लागि छोटो अवधिको जीवन उपयोगी शिक्षा सञ्चालन भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९१ |
|---|---|---|---|---|---|---|---|---|
| १ | भर्ना दर कक्षा ९-१० | ८९.१ | ९० | ९१ | ९२ | ९३ | ९३ | ९५ |
| २ | भर्ना दर कक्षा ९-१२ | ७८.० | ७९ | ८० | ८१ | ८१ | ८३ | ८५ |
| ३ | भर्ना दर कक्षा ११ -१२ | ६६.८ | ६८ | ६८ | ६९ | ७० | ७२ | ७५ |
| ४ | कक्षा १० सम्म को टिकाउ दर | ९३.४ | ९४ | ९४ | ९४ | ९४ | ९४ | ९५ |
| ५ | कक्षा १२ सम्म को टिकाउ दर | ९२.६ | ९३ | ९३ | ९३ | ९३ | ९४ | ९५ |
| ६ | कक्षा ९ – १० को सिकाई उपलब्धि | २.२६ | २.३० | २.३४ | २.४० | २.४० | २.५० | २.७० |
| ७ | कक्षा ११ – १२ को सिकाई उपलब्धि | २.४९ | २.५२ | २.५४ | २.५६ | २.५६ | २.६० | २.८० |
| ८ | कक्षा १० एस्. ई.ई. उत्तिर्ण प्रतिशत | २७ | ३५ | ४० | ५० | ५५ | ६० | ८० |
| ९ | कक्षा १२ एस्. एल्. सी. उत्तिर्ण प्रतिशत | ४५ | ५५ | ६५ | ७० | ७५ | ८० | ८० |
| १० | विद्यार्थिको वार्षिक उपस्थिति दर | ७२ | ७५ | ८० | ८५ | ८८ | ९० | ९० |

### ३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ( ५ बर्षको) | | | | | | १० बर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| २ | सामुदायिक विद्यालयका एसइइ तथा एसएलसी परीक्षामा सर्वोत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | लक्षित वर्गका वालवालिकालाई छात्रवृत्ति, पोशाक, शैक्षिक सामग्री वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न शिक्षकको क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | सरोकार सम्बद्ध पक्षहरूका बिचमा समन्वय, छलफल र अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | कक्षा १० र १२ को परीक्षा दिई बसेका बिद्यार्थिहरूलाई छोटो अवधिको जीवन उपयोगी, सीपमूलक र आयमूलक कार्यक्रम सञ्चालन | पटक | | १ | १ | १ | १ | ४ | १० | |
| ७ | शिक्षकको क्षमता विकासकोलागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | बाल समूह गठन, क्षमता विकास र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | उत्कृष्ट विद्यालय, प्र.अ., शिक्षक र विद्यार्थी सम्मान तथा पुरस्कार कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | कक्षाकोठामा आधारित मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियामा एकीकृत गर्ने | पटक | सधै | सधै | सधै | सधै | सधै | | सधै | |
| १२ | शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक-प्र.अ.-स्थानीय तह बिच शैक्षिक उपलब्धि करार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | विद्यालय तथा पालिका स्तरीय प्रतिभा पहिचान तथा शैक्षिक प्रदर्शनी मेला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | गणित, विज्ञान अंग्रेजी लगायत अन्य विषयमा अतिरिक्त कक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १६ | विद्यालयमा अनुगमन, सुपरिवेक्षण तथा निरीक्षण | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १० | |
| १७ | सबैको पहुँच सुनिस्चित गर्न आवश्यकताका आधारमा यातायातको व्यवस्था | ओटा | १ | | १ | १ | २ | ५ | ७ | |
| १८ | नि:शुल्क माध्यमिक शिक्षा कार्यान्वयन कार्यविधि निर्माण | पटक | | | १ | | | | १ | |
| १९ | विषय शिक्षकको व्यवस्था एवम् दरवन्दि पुनर्वितरण | पटक | | | | १ | | | १ | |
| २० | पढ्दै कमाउदै कार्यक्रम योजना निर्माण एवं कार्यान्वयन | | | | १ | | | | १ | |

## ३. ४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ वर्तमान अवस्था

हरेक मूलुकको भौतिक, शैक्षिक, राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा औद्योगिक विकासका लागि योग्य र दक्ष जनशक्तिको जरुरत पर्दछ । शिक्षालाई सीप सीपलाई रोजगार रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्नु आजको आवश्यकता हो । औपचारिक रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुलचोक इन्जिनियरिङ कलेज) बाट भएको हो । हालको राष्ट्रिय शिक्षा पद्दति योजना २०२८ ले व्यावसायिक शिक्षाको ब्यवस्था गर्यो । २०३७ सालमा कर्णाली प्राविधिक शिक्षालय जुम्लाको स्थापना पश्चात आधुनिक रुपमा प्राविधिक शिक्षाको सुरुवात भयो । २०४५ सालमा CTEVT को स्थापना भएपछि २०५० सालदेखि निजीस्तरमा पनि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गर्न गराउनका लागि परिषदबाट सम्बन्धन दिने कार्यको थालनी भयो । यस शिक्षालाई व्यवस्थित गर्न प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम नीति २०६९ जारी गरिएको छ । नेपाल सरकारको एक स्थानीय तह एक प्राविधिक विद्यालयको नीति रहेको छ ।

यस अरुण गाउँपालिका अन्तर्गत रहेको श्री विश्वप्रेमी माध्यामिक विद्यालय याकुमा प्राविधिक धार अन्तर्गत कम्प्युटर ईन्जिनियरिङ शिक्षा सञ्चालन भइरहेको छ । यस विद्यालयमा प्राविधिक धार अन्तर्गत शैक्षिक सत्र २०८० मा कक्षा ९-१२ मा अध्ययनरत विद्यार्थीको सङ्ख्या ४८ जना रहेका थिए । हालसम्म यस गाउँपालिकाभित्र रहेका अन्य कुनै पनि विद्यालयमा प्राविधिक तथा व्यावसायिक धारका कक्षाहरू सञ्चालन गर्न सकिएको छैन भने प्राविधिक तथा व्यावसायिक तालिम परिषद (CTEVT) का कुनैपनि कार्यक्रम सञ्चालनमा नरहेको अवस्था विद्यमान छ । विद्यार्थीहरूमा पेसा, व्यवसाय र प्रविधिप्रति रुचि जगाएर व्यवहारकुशल सीपको विकासमा जोड दिनुपर्ने समयमा पनि अझै पनि परम्परागत र साधारण धारका सैद्धान्तिक विषयवस्तुहरू अध्ययन गर्न विवश छन् । त्यस्तै प्रतिस्पर्धात्मक युगमा विश्वबजारको माग अनुसार बालबालिकाहरूको रुची, क्षमता र आवश्यकताको आधारमा रोजगारमूलक सीप सिक्ने अवसर प्रदान गर्नुपर्दछ भन्ने मान्यताका साथ हरेक माध्यमिक विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा उपलव्ध गराउन अपरिहार्य रहेको छ ।

बालबालिकाहरूका रुची, क्षमता र आवश्यकता अनुसारका प्राविधिक विषय अध्ययनको अवसरको कमि, प्राविधिक धार सञ्चालितत विद्यालयहरूमा सुविधा सम्पन्न आधारभूत पूर्वाधार नहुनु, दक्ष जनशक्तिको अभाव हुनु, सुविधा सम्पन्न र व्यवस्थित प्रयोगशाला नहुनु, प्रयोगशालामा सामग्रीहरूको पर्याप्तता नहुनु, भौगोलिक बनावट एवं प्रचार प्रसारको कमि हुनु मुख्य समस्याहरू रहेका छन् ।

### ३.४.२ उद्देश्य

- प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसरलाई सहज रुपमा समावेशी र समतामूलक पहुँच विस्तारका लागि थप विद्यालयमा प्राविधिक धारको पठनपाठन विस्तार गर्नु ।
- प्राविधिक तथा व्यावसायिक धार सञ्चालित विद्यालयहरूको संस्थागत तथा पूर्वाधार विकास गरी दक्ष जनशक्तिको उत्पादन गर्नु ।
- प्राविधिक तथा रोजगारमूलक शिक्षा प्रदान गरी व्यावसायिक तथा आत्मनिर्भर जनशक्ति तयार गर्नु ।

- प्रयोगात्मक कार्यका लागि आवश्यक प्रयोगशाला तथा व्यावहारिक अभ्यास (OJT) को लागि फिल्डको दिगो व्यवस्थापन गर्नु ।

### ३.४.३ रणनीति

- इच्छुक माध्यमिक विद्यालयहरूलाई प्राविधिक धार सम्वन्धन प्राप्त गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।
- स्थानीय तह मार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनार्थ आवश्यक सहयोग गरिने छ ।
- प्राविधक विद्यालयमा अध्ययन गर्न इच्छुक लक्षित वर्गका बालबालिकाहरूलाई वडा कार्यालयमर्फत स्तर पिहचान गरी आर्थिक सुविधासहित अध्ययनका लागि सिफारिस गर्ने ।
- प्राविधिक धार चलेका विद्यालयमा सुविधासम्पन्न भौतिक पूर्वाधारको विकास गरिने ।
- प्राविधिक धारको पढाइका लागि अभिप्रेरित गर्न ज्ञान लाई सीप, सीपलाई श्रम, श्रमलाई आर्जनसंग जोड्नका लागि **पढ्दै कमाउँदै कार्यक्रम** लागु गरी व्यवस्थापन गरिने छ ।
- स्थानीय आवश्यकताको आधारमा व्यक्तिहरूका लागि गाउँपालिकाद्वारा सीप तथा रोजगारमूलक छोटो अवधिका तालिमहरू सञ्चालन गरिने छ ।
- प्राविधिक धार सञ्चालित विद्यालयमा प्रयोगात्मक कार्यका लागि आवश्यक प्रयोगशाला तथा व्यावहारिक अभ्यास ( OJT) को लागि फिल्डको दिगो व्यवस्थापन गरिने छ ।
- प्राविधिक धारका विद्यालयमा विद्यार्थी सङ्ख्या वृद्धिका लागि प्राविधिक धार अध्ययन छात्रवृत्ति कोटा कार्यक्रम लागु गरिने छ ।
- प्राविधिक तथा व्यावसायिक तालिम परिषद (CTEVT) संग समन्वय गरी विभिन्न कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ ।
- प्रत्येक बर्ष विज्ञान तथा प्रविधि प्रदर्शनी कार्यक्रम गरिने छ ।
- प्राविधिक धार सञ्चालितत विद्यालयमा एक विद्यालय एक छात्रावासको व्यवस्था गरिने छ ।

### ३.४.४ प्रमुख उपलव्धि तथा नतिजा

**क· उपलब्धि**

विद्यालयमा उपयुक्त भौतिक पूर्वाधार सहितको प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन गर्ने अवसर प्राप्त भइ दक्ष एवं आत्मनिर्भर जनशक्ति उत्पादन भएको हुनेछ ।

**ख· नतिजा**

- प्राविधिक धार चलेका विद्यालयमा सुविधा सम्पन्न भौतिक पूर्वाधारको विकास भएको हुनेछ ।
- स्थानीय तह मार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनार्थ आवश्यक सहयोग प्राप्त भएको हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर आफ्नै स्थानीय तहमा सहज र सरल रुपमा प्राप्त भएको हुनेछ ।

- **पढ्दै कमाउँदै कार्यक्रम** मार्फत ज्ञान लाई सीप, सीपलाई श्रम, श्रमलाई आर्जन संग जोडिएको हुनेछ।
- प्राविधिक तथा व्यावसायिक तालिम परिषद (CTEVT) संग समन्वय गरी स्थानीय आवश्यकताको आधारमा रोजगारमूलक छोटो एवं लामो अवधिका तालिमहरू सञ्चालन गरिएको हुनेछ।
- प्राविधिक धार सञ्चालित विद्यालयमा प्रयोगात्मक कार्यका लागि आवश्यक प्रयोगशाला तथा व्यावहारिक अभ्यास (OJT) को लागि फिल्डको दिगो व्यवस्थापन भएको हुनेछ।
- प्राविधिक धारका विषय अध्ययन गर्ने विद्यार्थी सङ्ख्या वृद्धि भएको हुनेछ।
- आर्थिक रुपले आत्मनिर्भर एवं स्वरोजगारमूलक जनशक्ति उत्पादन भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९१ |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा र तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | १ | | | १ | | | २ |
| २ | माध्यमिक तहमा पढ्ने विद्यार्थी मध्ये प्राविधिक धारमा अध्ययन गर्ने प्रतिशत | ७ | १० | १२ | १४ | १५ | १६ | १८ |
| ३ | प्राविधिक धारबाट SEE कक्षा १० पास प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ८५ | १०० |
| ४ | प्राविधिक धारवाट SLC कक्षा १२ पास गर्ने विद्यार्थी प्रतिशत | ६५ | ७० | ७५ | ८० | ८५ | ९० | ९० |

### ३.४.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | १० वर्ष को लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन सम्वन्धन र अनुमति | पटक | ० | | | १ | | १ | |
| २ | सुरक्षित किसिमको पूर्वाधार विकास तथा निर्माण | सङ्ख्या | | | १ | | १ | २ | |
| ३ | प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि विद्यालय सञ्चालन | सङ्ख्या | | | | १ | | १ | |
| ४ | सञ्चालित अवस्थामा रहेको प्राविधिक धारको स्थायित्व तथा सुदृढिकरण | निरन्तर | १ | १ | १ | १ | २ | २ | |
| ५ | सञ्चालित अवस्थामा रहेको प्राविधिक धारको विधालयलाई स्तरोन्नति गर्न | निरन्तर | | | | | | १ | |
| ६ | रोजगारकुलक छोटा अवधिका तालिम सञ्चालन | पटक | | १ | १ | १ | १ | ९ | |
| ७ | प्राविधिक धार सञ्चालित विद्यालयको प्रयोगात्मक फिल्डको दिगो व्यवस्थापन | पटक | | | १ | | | २ | |
| ८ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुन चाहने विद्यार्थीको तथ्याङ्क सङ्कलन | पटक | १ | १ | १ | १ | १ | १० | |
| ९ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन | पटक | | १ | १ | १ | १ | ९ | |
| १० | विद्यार्थीका लागि छात्रवृत्तिका अवसर | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | १० | |

### ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

#### ३.५.१ वर्तमान अवस्था

सिकाइ जीवनपर्यन्त चलिरहने प्रक्रिया हो । यसको लागि औपचारिक संगसंगै अनौपचारिक शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ । व्यक्तिको व्यक्तिगत एवं सामाजिक विकास, जीविकोपार्जन तथा रोजगारीका लागि आवश्यक ज्ञान, सीप र सक्षमताको विकास हुनुपर्दछ । अनौपचारिक शिक्षाले निरक्षरको लागी साक्षर र साक्षरको लागि माथिल्लो तहमा जान चाहने एवं आफ्नो पेसागत र सीपको विकास गर्न चाहनेका लागि साक्षरोत्तर शिक्षा दुबैलाई समेट्छ । अनौपचारिक तथा आजीवन सिकाइ केवल अक्षर र अंक चिन्नेमा मात्र सिमित नगरी डिजिटल साक्षरता लाई समेत सँगै लैजानु पर्ने आवश्यकता रहेको छ । साक्षर भएकालाई निरन्तर शिक्षा दिईएन भने पुन: निरक्षर हुने जोखिम रहन्छ । रोजगारी र गरीखाने शिक्षाको रुपमा यसलाई जोड्न नसकिएकोले यस प्रति प्रौढहरूको सहभागिता न्यून छ । हाल अरुण गाउँपालिका भित्र प्याउली सामुदायिक सिकाइ केन्द्र र याकु सामुदायिक सिकाइ केन्द्र गरी २ वटा सामुदायिक सिकाई केन्द्रहरू सञ्चालनमा रहेका छन् । यस अरुण गाउँपालिकाको जनगणना २०७८ अनुसार साक्षरताको अवस्थालाई विश्लेषण गर्दा समग्र स्थानीय तहको साक्षरता प्रतिशत ७६.४५ रहेको छ भने अझै पनि २३.५५ प्रतिशत जनसङ्ख्या निरक्षर रहेका छन् । अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक सिकाइको अवसरलाई एकिकृत सिकाई प्रणालीका रुपमा संस्थागत विकास हुन नसक्नु, युवा तथा पौढहरूमा कार्यमूलक साक्षरता, पढ्ने बानीको कमी, आयमूलक सीप र डिजिटल साक्षरताको कमी मुख्य समस्याहरू रहेका छन् ।

#### ३.५.२ उद्देश्य

- सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक शैक्षिक सूचना केन्द्रको परिपूरकका रुपमा विकास गर्नु ।
- निरक्षर व्यक्तिहरूलाई साक्षर बनाउनु ।
- अनौपचारिक तथा निरन्तर शिक्षालाई जीवनोपयोगी सीपसँग आबद्ध गराउनु ।
- निरन्तर शिक्षा, जीवनपर्यन्त शिक्षा, खुल्ला शिक्षा, आयमूलक तथा सीपमूलक जस्ता कार्यक्रमहरू सञ्चालन गरी व्यक्तिका दैनिक जीवनसँग सम्बन्धित आवश्यकताहरूको परिपूर्ति गर्नमा सहयोग गर्नु ।
- विभिन्न कारणले विद्यालयको पहुँचसम्म नपुगेका बालबालिकाहरू तथा आधारभूत तह (कक्षा ५) पूरा गरी अध्ययन गर्ने मौका नपाएका किशोरकिशोरीलाई वैकल्पिक कक्षा मार्फत् सिकाइका लागि खुल्ला विद्यालयमा समाहित गर्न ।
- सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि गरी सो केन्द्रमार्फत् जीवनोपयोगी सीप, आयमूलक कार्यक्रम र सीपमूलक कार्यक्रम सञ्चालन गर्नु ।

#### ३.५.३ रणनीति

- सबैका लागि अनौपचारिक तथा निरन्तर शिक्षाको अवसर सुनिश्चित गराइने छ ।
- सामुदायिक सिकाइ केन्द्रलाई कार्य सम्पादन गर्न सहजताका लागि प्रत्येक वडाको घरधूरी सर्वेक्षण गरिने छ ।
- गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिकाका रुपमा विकसित गरिने छ ।
- महिला तथा पिछडिएका लक्षित समूहका प्रौढहरूलाई जीवनोपयोगी सीपको विकास गरी सिकाइमा निरन्तर सहयोग पुर्याइने छ ।

- विभिन्न कारणले विद्यालयको पहुँच नपुगेका बालबालिकाहरू तथा प्राथमिक तह पूरा गरी अध्ययन गर्ने मौका नपाएका किशोरकिशोरीलाई वैकल्पिक कक्षा मार्फत् सिकाइका लागि खुल्ला विद्यालयमा समाहित गरिने छ।
- सामुदायिक सिकाइ केन्द्रको क्षमता अभिवृद्धि एवं आवस्यकता अनुसार स्थापना गरी सो केन्द्रमार्फत् जीवनोपयोगी सीप, आयमूलक कार्यक्रम र सीपमूलक कार्यक्रम सञ्चालन गरिने छ।
- सामुदायिक सिकाइ केन्द्रलाई विद्यालय तहको शिक्षा प्रभावकारी बनाउने सहयोगी संस्थाको रुपमा विकास गरिने छ।
- सबैका लागि शिक्षा, समावेशी शिक्षा, महिला शिक्षा, प्रौढ शिक्षा, कार्यमूलक साक्षरता, शिक्षामा समता र समानता जस्ता शिक्षासम्बन्धी नवीन अवधारणालाई साकार रूप दिइने छ।

### ३.५.४ प्रमुख उपलब्धि र नतिजा

**क. उपलब्धि**

अनौपचारिक तथा निरन्तर शिक्षाका माध्यमबाट सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुने छन्।

**ख. नतिजा**

- प्रत्येक वडामा साक्षरताको अवस्था एकिन गर्न घरधूरी सर्वेक्षण भएको हुनेछ।
- सबैका लागि अनौपचारिक तथा निरन्तर शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ।
- जीवनोपयोगी सीप विकास भएको हुनेछ।
- पूर्ण साक्षर गाउँपालिकाका घोषणा भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९१ |
|---|---|---|---|---|---|---|---|---|
| १ | साक्षरता (पन्ध्र वर्षभन्दा माथि) (%) | ७०.८५ | ७१ | ७३ | ७५ | ७६ | ७७ | ८१ |
| २ | साक्षरता (पन्ध्र वर्ष भन्दा माथिका महिला) (%) | ६१.९८ | ६३ | ६५ | ६७ | ६९ | ७० | ७४ |
| ३ | साक्षरता (पन्ध्र वर्ष भन्दा माथिका पुरुष) (%) | ७७.६२ | ७९ | ८० | ८२ | ८३ | ८४ | ८८ |
| ४ | सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | २ | १ | १ | १ | १ | १ | ७ |
| ५ | सामुदायिक पुस्तकलयको सङ्ख्या | ० | २ | ३ | ३ | | | ७ |

### ३.५.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्रस | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्षको | | | | | | १० बर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | घरधुरी सर्वेक्षण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विद्यार्थी - अभिभावक सिकाइ कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | सिकाई सहजकर्ताको क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | वित्तीय तथा डिजिटल साक्षरता कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | सामुदायिक अध्ययन केन्द्रहरू मा सूचना तथा सञ्चार प्रविधिमा आधारित डिजिटल सामग्री व्यवस्थापन | पटक | | | १ | | १ | २ | २ | |
| ६ | प्रत्येक वडामा एउटा सामुदायिक सिकाइ केन्द्र स्थापना /अध्यावधिक गर्ने | ओटा | १ | १ | १ | १ | १ | ५ | ७ | |
| ९ | सामुदायिक पुस्तकालयहरू व्यवस्थापन तथा विस्तार गर्ने | ओटा | | | १ | | १ | २ | ५ | |
| १० | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम | पटक | | ७ | ७ | ७ | ७ | २८ | २१ | |

# परिच्छेद ४ : अन्तरसम्बन्धित क्षेत्रहरू

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्था

विद्यालय पाठ्यक्रमको दस्तावेजीकरण वि सं २०२८ को राष्ट्रिय शिक्षा पद्दतिको योजनादेखि प्रारम्भ भएको हो। हाल राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयनमा रहेको छ। आधारभूत तह कक्षा १– ३, कक्षा ४ –५ र कक्षा ६– ८ का लागि छुट्टा छुट्टै पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा रहेकोछ भने माध्यमिक तह कक्षा ९ –१० र कक्षा ११– १२ मा पनि छुट्टा छुट्टै पाठ्यक्रम कार्यान्वयनमा रहेको छ।

अरुण गाउँपालिकामा जम्मा ३५ सामुदायिक विद्यालयहरू रहेका छन् भने २ वटा संस्थागत विद्यालयहरू रहेका छन्। ती विद्यालयहरू मध्ये एउटा नमुना विद्यालय रहेको छ र एक प्राविधिक धार सञ्चालन भएको विद्यालय रहेको छ। यस पालिकाभित्र सामुदायिक र संस्थागत विद्यालयहरूमा जम्मा २९०५ विद्यार्थीहरू अध्ययनरत छन्। (स्रोत: अरुण गाउँपालिकाको इमिस २०८१ भदौसम्म) गाउँपालिकाभित्रका २ वटा संस्थागत विद्यालयहरूले नेपाल सरकारले स्वीकृत गरेका निजि प्रकाशान गृहबाट मुद्रण गरेका पाठ्यपुस्तकहरूको प्रयोग गरीरहेका छन् भने सामुदायिक विद्यालयमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले निर्दिस्ट गरे बमोजिम पाठ्यक्रम विकास केन्द्रले तय गरेको पाठ्यपुस्तक पठनपाठन भईरहेको छ। विद्यालयहरूको आधारभूत तहमा स्थानीय पाठ्यक्रम लागू गर्नुपर्ने कार्यविधि अनुसार यस पालिकाले पनि कक्षा १ देखी ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएको छ भने पाठ्यपुस्तक प्रकाशनको तयारीमा रहेको छ।

यस गाँऊपालिका भित्रका आधारभूत तह कक्षा ६-८ सञ्चालित आधारभूत विद्यालय र माध्यमिक तहका सामुदायिक विद्यालयहरूमा प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमद्वारा विज्ञान प्रयोगशाला र ICT LAB, Library, E-Library वितरणका कार्यक्रमहरू हुँदै आएका छन्। जसअन्तर्गत यस पालिका भित्रका बिभिन्न सामुदायिक विद्यालयहरूमा Interactive board र Smart TV जडान गर्ने कार्य भएका छन्। यसैगरेर पालिका र शिक्षा विकास तथा समन्वय ईकाइद्वारा पनि बेला बेलामा सामुदायिक विद्यालयका शिक्षकहरूलाई पेसागत क्षमता विकास सम्बन्धी विभिन्न गोष्ठी र तालिमहरू गराई पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्विन र प्रयोग सम्बन्धी प्रबोधिकरण कार्यक्रमहरू सञ्चालन भएका छन् ।

पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीहरूको विद्युतीय प्रति तयार गरी वेभसाइटमा राखेको छ। साथै प्रारम्भिक कक्षा पढाइ कार्यक्रम अन्तर्गत पनि यस पालिकाका सबै सामुदायिक विद्यालयहरूमा विभिन्न १७ शिर्षकका सन्दर्भ पढाइ सामग्रीका पुस्तकहरू वितरण भएका छन। सहज अवस्थामा मुद्रित पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको पहुँचमा खासै समस्या नदेखिए तापनि विभिन्न किसिमको महामारी र बिपद् को बेलामा विभिन्न विधि र माध्यममा पाठ्यसामग्रीको पहुँचमा वृद्धि गर्नुपर्ने अवस्था कोभिड १९ को प्रभावले सिकाइमा भएको अवरोध तथा सिकाइ सामग्रीको अपर्याप्तता देखाएको छ। सधैँ आमनेसामने विधिमा मात्र भर नपरी शिक्षण तथा मूल्याङ्कनका क्रममा पनि वैकल्पिक विधि र माध्यमको आवश्यकता जरुरी देखिन आउँछ।

पाठ्यक्रमले तोके बमोजिम कक्षा १-३ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कनको माध्यमबाट उदार कक्षा उन्नती लागु भएको छ। कक्षा ४-८ सम्म ५० % आन्तरिक र ५०% बाह्य मूल्याङ्कन र कक्षा ९-१२ मा २५% आन्तरिक र ७५ % बाह्य मूल्याङ्कन साथै प्राविधिक धारतर्फ अधिकांस ५०% आन्तरिक र ५०% बाह्य मूल्याङ्कन प्रणालीको

व्यवस्था रहेको छ। माध्यमिक शिक्षा परीक्षा (कक्षा १० को एसइइ) र कक्षा १२ को एसएलसी परीक्षा राष्ट्रिय स्तरको परीक्षा हुने गरेको छ भने कक्षा ५ र ८ को पालिका स्तरीय परीक्षा हुँदै आएकोमा २०८१ देखि कक्षा ४ देखि कक्षा ११ सम्म सञ्चालन गरिएको छ।

पाठ्यक्रम प्रबोधिकरणको अवस्था कमजोर हुनु, शिक्षणमा पाठ्यक्रम तधा शिक्षक निर्देशिकाको प्रयोग न्यून हुनु, तालिममा सिकेका कुरा कक्षाकोठामा प्रयोग कम हुनु, सिकाइ सामग्रीको उत्पादन, संकलन र प्रयोगमा विद्यालय, शिक्षक र विद्यार्थीहरूलाई सक्षम बनाउन नसक्नु, पठन एवं सिकाइ शैलीलाई अन्तराष्ट्रिय परिवेश र स्थानीय आवस्यकतामा आधारित बनाउन नसक्नु, सिकाइमा प्रविधिको प्रयोग नहुनु, प्रयोगात्म एवं परियोजनामा आधारित सिकाइ तथा मूल्याङ्कन नहुनु, निरन्तर मूल्याङ्कन एवं आन्तरिक मूल्याङ्कनलाई सिकाइको अभिन्न अंग नबनाई बोझको रुपमा लिनु समस्या तथा चुनौतीहरू रहेका छन्।

### ४.१.२ उद्देश्य

- पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, गुणस्तर प्राप्तिका लागि प्रभावकारी ढंगले कार्यान्वयन गर्नु।
- स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक विकास गरी प्रभावकारी कार्यान्वयन गर्नु।
- पूर्वीय दर्शनमा आधारित योग, ध्यान, प्राकृतिक चिकित्सा, किराँत एवं वुद्ध उपदेशका विषयमा विद्यार्थीहरूलाई अभ्यस्त बनाउनु।
- पाठ्यक्रमलाई व्यवहार कुशल सीपसंग अन्तरसम्बन्धित गरी सिकाइलाई दैनिक जीवनका आवश्यकता पूर्तिमा सहज बनाउनु I
- प्रत्येक विद्यालयमा विज्ञान, गणित र भाषा प्रयोगशाला तथा पुस्तकालय स्थापना गर्न प्रोत्साहन गर्नु।
- पाठ्यक्रम अनुकुलका मूल्याङ्कनका साधनहरूको विकास र व्यवस्थापन गर्नु।
- शिक्षकहरूलाई पाठ्यक्रमसम्बन्धी अभिमुखीकरण तथा मूल्याङ्कन प्रणाली सम्बन्धी तालीमको व्यवस्था गर्नु।

### ४.१.३ रणनीति

- शिक्षणमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा सन्दर्भ सामग्रीहरूको प्रयोग भएको हुने छ।
- पाठ्यक्रमको उद्देश्य प्राप्तिका लागि पालिका भित्रका विद्यायलयहरूमा यसको मूल्याङ्कन र कार्यान्वयन पक्षको सुनिश्चित गरिने छ।
- स्थानीय पाठ्यक्रमलाई समय सान्दर्भिक बनाउन कम्तिमा ५ बर्षमा अध्यावधिक गरिने छ I
- सिकाइलाई दैनिक जीवनसंग जोड्न स्थानीय परिवेश र भौगोलिक अवस्था अनुकुलको विषयवस्तुलाई सिकाइ क्रियाकलापमा समावेश गरिने छ।
- बालबालिकाहरूमा स्थानीय र आधुनिक परिवेश अनुसारको शिक्षण सिकाइ सहजिकरण गरी ज्ञान, सीप, र व्यवहार विकासमा टेवा पुर्याईने छ।
- राष्ट्रिय स्तरका परीक्षा बाहेक सबै कक्षाका परीक्षाहरूलाई पालिका स्तरबाट सञ्चालन गरी मूल्याङ्कनलाई व्यवस्थित गरिने छ।

- स्थानीय पाठ्यपुस्तकमा स्थानीय परिवेश संगै स्थानीय ज्ञान, सीप र प्रविधिलाई पनि समावेस गरिने छ ।
- पूर्वीय दर्शनमा आधारित योग, ध्यान, प्राकृतिक चिकित्सा, किराँत एवं वुद्ध उपदेशका विषयमा विद्यार्थीहरूलाई पठनपाठन तथा अभ्यस्त वनाइने छ ।
- सबै विद्यालयमा पाठ्यक्रम तथा सन्दर्भ सामग्री सहितको पुस्तकालय स्थापना गरी सञ्चालन गरिने छ ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली र आन्तरिक मूल्याङ्कनलाई प्रभावकारिताका साथ कार्यान्वयन गर्न तालिमको व्यवस्था गरिने छ ।
- तहगत सबै शिक्षकहरूलाई पाठ्यक्रम सम्बन्धी अभिमुखीकरण तथा तालिम सञ्चालन गरिने छ ।
- विद्यार्थीहरूको लागि सिकाइ सामग्रीहरू तथा सन्दर्भ सामग्रीहरूको पालिका स्तरमा विकास गरी विद्यालयमा प्रयोग गरिने छ ।
- पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सहयोगी एवं सन्दर्भ सामग्रीहरूको प्रयोगमा बिस्तार गरिने छ ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**क· उपलब्धि**

पाठयपुस्तक, शिक्षक निर्देशिका, शैक्षिक सामग्री सहितको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन र उपयुक्त मूल्याङ्कनका साधनहरूको विकास र प्रयोग गरी राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

**ख· नतिजा**

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।
- स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक, पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।
- निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।
- संस्कार पाठशालाको स्थापना भएको हुनेछ ।
- मूल्याङ्कन प्रणाली एकरुपता र विश्वासिलो हुनेछ ।
- विद्यार्थी कार्य संचयिकाको प्रभावकारी प्रयोग भएको हुनेछ ।
- शिक्षक निर्देशिकाको प्रयोग भएको हुनेछ ।

**मुख्य नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९१ |
|---|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ |
| ३ | स्थानीय पाठ्यक्रम र प्रयोग गरी कक्षा सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ३५ | ३७ | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| ४ | स्थानीय पाठ्यपुस्तकको प्रयोग गरी कक्षा सञ्चालन गर्ने विद्यालय सङ्ख्या | ० | | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| ५ | निरन्तर एव आन्तरिक विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय सङ्ख्या | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ |
| ६ | विज्ञान प्रयोगशाला स्थापना भएका विद्यालयहरू | ९ | ३ | ४ | ७ | ७ | ५ | ३५ |
| ७ | गणित प्रयोगशाला स्थापना भएका विद्यालयहरू | १ | ६ | ७ | ७ | ७ | ७ | ३५ |
| ८ | पुस्ताकालय स्थापना भएका विद्यालय सङ्ख्या | १३ | ७ | ७ | ७ | १ | | ३५ |

## ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्षको | | | | | | १० बर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सं. | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्रीको विकास र प्रवोधिकणसम्बन्धी कार्यशाला | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | पाठ्यक्रम, पाठ्यपुस्तक, र शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारी कार्यान्वयन | पटक | | | | | | | | निरन्तर |
| ३ | नयाँ पाठ्यक्रममा आधारित शिक्षक तालिम तथा सहायता प्रणाली मार्फत् शिक्षकको क्षमता विकास गर्ने | पटक | | १ | | १ | | २ | ५ | |
| ४ | आवश्यकताका आधारमा विषयगत प्रयोगशाला | विद्यालय | | १ | १ | १ | १ | ४ | ७ | |
| ५ | स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण, विकास र कार्यान्वयन | पटक | | | | | | | | कक्षा १ देखि ८ |
| ६ | सूचना तथा सञ्चार प्रविधिमा आधारित डिजिटल सामग्री प्रयोग | | | | | | | | | निरन्तर |
| ७ | कक्षा १ देखि ३ सम्मको पठनसीप तथा गणितीय सीप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरू सहितको छापायुक्त कक्षाकोठा व्यवस्थापन सञ्चालन | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | सबै | |
| ८ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन | विद्यालय | | | | | | | | निरन्तर |
| ९ | एकीकृत पाठ्यक्रमको प्रवोधिकरण र प्रयोग | पटक | १ | | १ | १ | १ | ४ | ९ | |
| १० | मूल्याङ्कन प्रणालिमा सुधार ल्याउन कक्षा ५, ८ र ११ को पालिका स्तरीय वार्षिक परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | कक्षाकोठामा आधारित कक्षा पठाइ तथा सीप परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | विद्यालय तहको मूल्याङ्कन प्रक्रियाको अनुगमन तथा सहजिकरण | पटक | | | | | | | | निरन्तर |
| १३ | विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि अनुकुल पाठ्यपुस्तक/पाठ्यसामग्री नि:शुल्क उपलब्धता | | | | | | | | | आवश्यता अनुसार |
| १४ | सिकाइ उपलब्धिप्रति जवाफदेही बनाई गुणस्तर सुधारकालागि प्रअ र शिक्षकसंग कार्य सम्पादनमा आधारित करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका र बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि शैक्षिक सामग्रीहरूको विकास गर्ने। | पटक | | १ | | १ | | २ | ४ | |
| १५ | मूल्याङ्कन तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई व्यवहारमुखी बनाउन तालिम सञ्चालन गर्ने। | पटक | | १ | १ | १ | | ३ | ६ | |
| १६ | संस्कार पाठशालाको स्थापना | | | १ | १ | | १ | ३ | ३ | |

## ४.२ शिक्षक व्यवस्थापन तथा विकास

### ४.२.१ वर्तमान अवस्था

विद्यालयमा विद्यार्थी ल्याउने, टिकाउने, सिकाउने र राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा उपलब्ध अवसर हरूलाई सजिलोसँग लिन सक्ने (बिक्न सक्ने) र गरीखान सक्ने बनाउने हाम्रो शिक्षा पद्धतिको उद्देश्य रहेको पाइन्छ। मूलरुपमा शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शिक्षण पेसामा सक्षम शिक्षक भित्र्याउने, टिकाउने, क्रियाशील तुल्याउने र आफ्नो पेसा र कामको जिम्मेवारीप्रति जवाफदेही बनाउने योजनाका साथ विद्यालयहरूमा शिक्षक दरबन्दी कायम हुनु आजको आवश्यकता हो ।

शिक्षाको गुणस्तर अभिबृद्धि गर्न कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइ प्रति शिक्षकलाई जीम्मेवार बनाउने र शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइनुपर्ने देखिन्छ।

### क. शिक्षण पेसा प्रति आकर्षण र नियुक्ति

राष्ट्रियरूपमा शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नका लागि नेपालको चालु सोह्रौ योजना(२०८१/०८२-२०८६/०८७) ले यस पेसामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेसामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने कुरा उल्लेख गरेको छ। शिक्षक सेवा आयोग नियमावली, २०५९ अनुसार शिक्षक हुनकालागि शिक्षण अनुमतिपत्र अनिवार्य हुनुपर्ने, स्थायी शिक्षकको हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तिर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पुरा गर्नुपर्ने र पेसाको सुरक्षा लगायतका कारणले शिक्षण पेसालाई समाजमा प्रतिष्ठित पेसाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ। नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेसामा थप आकर्षण बढेको छ। शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यसैबाट ती शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ। आगामी दिनहरूमा निरन्तर शिक्षकको पेसागत विकास र सहयोग, पूर्वानुमान योग्य सरुवा र बढुवा प्रणाली, कार्यसम्पादनमा आधारित दण्ड र पुरस्कार साथै स्वच्छ र पारदर्शी शिक्षक व्यवस्थापन प्रणाली अवलम्वन गर्नु वाञ्छनीय रहन्छ।

स्थानीय स्तरमा हेर्दा समेत अरुण गाउँपालिकाबाट करार तथा राहत अनुदान कोटाको लागि गरिएको शिक्षक पदका विज्ञापनमा विज्ञान, गणित र अंग्रेजी विषयको शिक्षक पदमा बाहेक अन्य विषयमा आबेदन पेस गर्नेहरूको उल्लेख्य सङ्ख्याले शिक्षक पेसा प्रतिको आकर्षणलाई थप पुष्टि गर्दछ। अस्थायी करार तथा राहत अनुदान कोटामा शिक्षक नियुक्तिका लागि अरुण गाउँ शिक्षा ऐन, २०८० मा आवश्यक प्रवन्ध गरी नियुक्ति प्रकृयालाई व्यवस्थित गर्ने प्रयास गरिएको छ । तथापि यसरी नियुक्त भएका शिक्षकहरूलाई नेपाल सरकार तथा प्रदेश सरकारका तर्फबाट पेसागत विकासका कार्यक्रममा सहभागी नगराइएको तथा यस प्रणालीबाट नियुक्त शिक्षकको कार्य सम्पादन मूल्याङ्कन समेत नहुने व्यवस्था भएका कारण शिक्षक सेवा आयोगबाट सिफारिस भइ नियुक्त भएका स्थायी शिक्षक भन्दा बाहेकका शिक्षकको पेसागत विकास र कार्य सम्पादन मूल्याङ्कनको सन्दर्भमा स्थानीय तहबाट उपयुक्त विधि निर्माण गर्न आवश्यक रहेको देखिन्छ। यसका अलवा गाउँपालीकाले आफ्नो भूगोल भित्र रहेका मेधावी प्रतिभालाई शिक्षक पेसामा आकर्षित गर्ने (Talent Hunt) नीति निर्माण गर्न आवश्यक देखिन्छ।

### ख. शिक्षक तयारी

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा वि.एड. वा एम.एड.गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ। अरुण गाउँ शिक्षा ऐन २०८०  ले समेत शिक्षक वन्नको लागि अध्यापन अनुमति पत्रलाई अनिवार्य वनाएको छ। शिक्षा ऐन २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली, २०५९ र शिक्षक सेवा नियमावली, २०५७  मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्न माध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्य संकायबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिइअध्यापन अनुमतिपत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षाशास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्य बाट स्नातक तह उत्तीर्ण गरी एकवर्षे वि.एड. गरी अध्यापन अनुमति पत्र प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ। त्यसैगरी माध्यमिक तह कक्षा ११ र १२ मा अध्यापन गर्नको लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन अनुमतिपत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ। शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन भने शिक्षकसेवा आयोगले गर्दै आएको छ।

सोह्रौँ योजनाले शिक्षकको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक रूपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिने उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गरिने उल्लेख गरेको छ। यही मापदण्डका आधारमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरूबिचको सहकार्यबाट विश्वविद्यालयहरूले शिक्षक तयारी कोर्ष विकास गरी कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएको छ। देश संघीय प्रणालीमा गए सँगै विद्यालय तहको शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा समावेश गरिएको छ। यस परिप्रेक्ष्यमा अव स्थानीय तहले शिक्षक तयारीमा योजनाबद्ध कार्यक्रम लागु गर्नु आवश्यक देखिन्छ।

### ग. शिक्षण सिकाइ क्रियाकलाप

बालबालिकाको सिकाइ उपलब्धि मुलतः कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापमा भर पर्छ। विद्यालय तहको पाठ्यक्रम प्रारूप २०७६ ले पनि शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधिमैत्री परियोजनामा आधारित, समूह कार्यमा आधारित तथा सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६सूचना तथा प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा एकीकृत गर्दै प्रविधिमैत्री, व्यवहारिक र नतिजामूलक बनाउने उल्लेख गरेको अवस्था छ। नेपालमा विगतदेखि हालसम्म सञ्चालितत विभिन्न शिक्षा योजना र परियोजना तथा कार्यक्रमले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याइ शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन्। यसको फलस्वरूप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने, प्रविधि प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता प्रयासहरू भएका छन्। यसै गरी चालु सोह्रौँ योजनाले शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा बहुस्तर शिक्षण व्यवस्था, कक्षा शिक्षण पद्धति मार्फत पढाइ सीप प्रवर्द्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भसामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगाएको व्यवस्थामा जोड दिएको छ।

कक्षा १-३ सञ्चालितत विद्यालयहरूमा  १ जना मात्र शिक्षकको व्यवस्था हुनु, १-५ सञ्चालितत विद्यालयमा बढीमा ३ जना मात्र शिक्षकको व्यवस्था हुनु, निम्न माध्यमिक र माध्यमिक तहमा विषयगत शिक्षक दरबन्दी नहुदा तल्लो तहमा नियुक्ति भएका शिक्षकले शिक्षण सिकाइ क्रियाकलप सञ्चालन गर्नु परेको छ। सबै विद्यालयमा आधुनिक सूचना तथा प्रविधिमा आधारित शिक्षण सिकाइ सामग्रीहरूको अभावका कारण शिक्षण सिकाइलाई प्रविधि मैत्री

बनाउन सकिएको छैन । बिपद्को बेला विद्यालयमा भौतिक उपस्थिति बिना बैकल्पिक सिकाइ पद्दतिको विकास गर्न सकिएको छैन । जसको कारण शिक्षण सिकाइ क्रियाकलापमा मनोबैज्ञानिक प्रभाव पर्नुका साथै सिकाइ उपलब्धिमा प्रभाव परेको छ ।

### घ. शिक्षक पेसागत सहयोग पद्धति

शिक्षक पेसागत सहयोगका विभिन्न तरिकाहरूको प्रचलन छ । कक्षा अवलोकन र छलफल, मेन्टरिङ, नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान, शिक्षकहरूको सिकाइ सञ्जाल, शिक्षक सम्मेलन, सहकर्मीहरूबिचमा अन्तरक्रिया, प्रतिविम्बित शिक्षण अभ्यास आदि । नेपालमा विगतमा सञ्चालित विभन्न परियोजनाहरू मार्फत शिक्षक पेसागत सहयोगका लागि विद्यालय निरीक्षक तथा स्रोतकेन्द्र जस्ता संस्थागत प्रवन्धहरू गरीएका थिए । यस प्रकारका संस्थाबाट शिक्षकका लागि विविध तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएका देखिन्छन् ।
राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार स्थानीय तहमा सेवा निवृत्त शिक्षक लाई अध्ययन-अनुसन्धान शिक्षक सहायता, अनुगमन जस्ता प्रकृयामा प्रयोग गर्ने कुरा उल्लेख भएतापनि यस प्रकारका अनुभव हस्तान्तरणका लागि आवश्यक कानूनी व्यवस्था मिलाउन सकिएको छैन । दिगो विकास लक्ष्य (२०१६-२०३०) अनुसार सिकाइ आदान प्रदान क्षमता विकास, प्रविधि हस्तान्तरण ज्ञानको सञ्जालीकरणका लागि शिक्षक पेसागतसहयोगका लागि गठन भएका राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरू बिच सञ्जाल विकास गर्न अति कम विकसित मुलुकका लागि दिएको सुविधाको उपयोग हुन सकेको छैन ।
वर्तमान समयमा शिक्षकको पेसागत सहयोगकालागि स्थानीय तह नै सवै भन्दा जिम्मेवार र तालुक निकायको रूपमा रहने गरी नीतिगत परिवर्तन भइ सकेको छ । विगतमा भएका संयन्त्रको खारेजी गरीए पश्चातको संक्रमणकालिन वर्तमान अवस्थामा स्थानीय तहले नीतिगत परिपक्वता समेत हासिल गरीसकेका छैनन । यस परिप्रेक्ष्यमा स्थानीय तहले शिक्षकको पेसागत सहयोगकालागि थप नीतिगत र कार्यक्रमगत क्रियाशिलता देखाउन जरूरी छ ।
प्रधानाध्यापकको कुशल नेतृत्वबाट नै विद्यालयले आफ्ना लक्ष्य र उद्देश्य प्राप्त गर्न सक्दछ । यसका लागि प्रधानाध्यापकलाई थप जिम्मेवारी र अधिकार प्रदान गर्न जरूरी छ । विज्ञान प्रविधी तथा सूचना प्रविधीमा आएको व्यापक विस्तारीकरण संगै शिक्षक सहायता प्रणालीले थप अवसर प्राप्त गरेको छ । यस प्रकारका प्रविधीबाट शिक्षकले अधिकतम लाभ लिनका लागि विद्यालयलाई थप स्रोतपूर्ण वनाउन र शिक्षकहरूमा क्षमता विकास गर्न समेत आवश्यक छ । विद्यार्थीहरूको सिकाइलाई प्रभावकारी बनाउन गतिशील र उत्प्रेरित शिक्षकबाट सम्भव हुने भएकोले शिक्षकहरू मनोवल उच्च बनाउनु पर्छ ।

### ङ. शिक्षक क्षमता विकास कार्यक्रम

नेपालमा शिक्षकको क्षमता विकासका लागि विगतमा विभिन्न परियोजना र कार्यक्रम सञ्चालन भए । शिक्षकको क्षमता वृद्धि गरी कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले विक्रमसंवत् २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापनासँगै सो अन्तर्गत ९ वटा प्राथमिक शिक्षक तालिम केन्द्र स्थापना भए । ती तालीम केन्द्रहरूबाट सेवाकालिन प्राथमिक शिक्षक तालिम कार्यक्रमहरू सञ्चालन गरीए । शैक्षिक जनशक्ति विकास केन्द्रमा माध्यमिक शिक्षा विकास केन्द्र गाभिएपछि शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत शिक्षक तालिम दिन केन्द्रहरू (३५वटा), अगुवा स्रोतकेन्द्रहरू र स्रोत केन्द्र मार्फत लामो छोटो अवधिका शिक्षक तालिम कार्यक्रम सञ्चालन हुँदै आए । विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत पनि शैक्षिक जनशक्ति विकास केन्द्रले तिनै तालिम केन्द्रहरू, अगुवा स्रोतकेन्द्र र स्रोत केन्द्रहरू मार्फत शिक्षक विकास तालिम (टिपिडि तालिम) सञ्चालन गर्दै आएको थियो । तर संघीय संरचनाको

कार्यान्वयन सँगै शिक्षक तालिम तथा विकासका लागि प्रदेशमा एक/एक गरी जम्मा ७ वटा तालिम केन्द्रहरू मात्र रहने गरी अन्य सबै संरचना हटेका छन्।

सोह्रौ योजनाले विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षकको पेसागत विकास कार्यक्रम सञ्चालन गरिने र सार्वजनिक माध्यमिक विद्यालयमा क्रमशःअलग्गै प्रधानाध्यापकको व्यवस्था गरी सबै प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवं नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरिने उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार सबै प्रकारका विद्यालयमा अध्ययन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा निरन्तर पेसागत विकास कार्य सञ्चालन गर्ने कुरा उल्लेख छ। यसैगरी आधारभूत तहका शिक्षकले विषयगत शिक्षण, बहुकक्षा शिक्षण, कक्षा शिक्षण, बहुकक्षा बहुस्तर पद्धति सम्बन्धी ज्ञान हासिलगरी पठनपाठनमा सोको प्रभावकारी प्रयोग गर्नसक्ने गरी शिक्षक तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिने व्यवस्था गरेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले स्थानीय तहले विद्यालयलाई केन्द्रविन्दु बनाएर शिक्षकको निरन्तर पेसागत विकास कार्यक्रमहरू जस्तै कम्टमाइज्ड तालिम, कार्यशाला, सेमिनार, अवलोकन भ्रमण, शिक्षक नेटवर्क, प्रतिविम्बन शिक्षक,सहकार्यात्मक रूपमा गरिने अनुसन्धान, मेन्टरिङ, कोचिङ आदि सञ्चालन गर्ने व्यवस्था गरेको छ। साथै सो नीतिमा सूचना तथा सञ्चार प्रविधिको विकासकोमा भएको तीव्र विकाससँगै तालिम दिने पद्धतिमा समेत परिमार्जन गरी आमने सामने, विद्यालयमा आधारित, मिश्रित अनलाईन तथा भर्चुअल पद्धतिबाट तालिम सञ्चालन गरिने कुरा उल्लेख छ।

मुलुक संघीय संरचनामा गरेसँगै साविकको शैक्षिक जनशक्ति विकास केन्द्र साविकको शिक्षा विभागमा गाभिन गई शिक्षाविभाग शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा रुपान्तरण हुन पुग्यो। शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालनका लागि मापदण्ड बनाउने, प्रारूप बनाउने, तालिम पाठ्यक्रम विकास गर्ने र प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने कार्य यस केन्द्रबाट हुँदै आएको छ। शिक्षकको पेसागत विकासका लागि सातवटा प्रदेश स्तरीय शिक्षा तालिम केन्द्रहरूले अनलाईन तथा अफलाईन प्रविधिबाट दुई चरणमा एकमहिने प्रमाणीकरण शिक्षक तालिम र कष्टमाइज्ड शिक्षक तालिम सञ्चालन गर्दै आएको अवस्था छ।

हाल ७ ओटा प्रदेशमा १/१ ओटा प्रदेश सरकार सामाजिक विकास मन्त्रालय अन्तर्गत रहने गरी प्रदेस स्तरीय शिक्षा तालिम केन्द्रबाट मात्र ठुलो सङ्ख्याका शिक्षकलाई प्रमाणीकरण तालिम प्रदान गर्न कठिन भएको छ। यस परिवेशमा शिक्षकको क्षमता विकासका लागि यस गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका शिक्षकहरूको क्षमता विकासका लागि आवश्यक नीतिगत र कार्यक्रमगत कदम चाल्न अपरिहार्य रहेको छ।

### च. शिक्षक उत्तरदायित्व

आफ्नो कार्य सम्पादन प्रति आफू स्वयम् जवाफदेही हुनु भनेको उत्तरदायी हुनु हो। यस प्रकारको उत्तरदायित्व कानूनी र नैतिक दुवै हुन सक्छ। शिक्षक विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक/प्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्छ। शिक्षक विद्यार्थी प्रति उत्तरदायी हुनु भनेको आफूले अध्यापन गराउने विद्यार्थीहरूको शिक्षण सिकाइ तथा कार्यसम्पादन प्रति जवाफदेही हुनु, पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफ दिनु भन्ने बुझिन्छ। यसैगरी शिक्षकले विद्यार्थीको सिकाइ तथा विकासका बारेमा अभिभावकलाई समेत प्रतिवेदन गर्नुपर्दछ। विद्यालयको आचारसंहिता पालन गर्दै दैनिक कार्यतालिका अनुसार अध्यापन गर्ने विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने,त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेश गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्दछ।

शिक्षक सेवा आयोग नियमावली २०५७ ले शिक्षकको बढुवालाई अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धि सँग जोड्ने काम गरेर शिक्षकलाई उत्तरदायी बनाउने प्रयास गरेको छ । यसका अलवा शिक्षा ऐन २०२८ शिक्षा नियमावली २०५९ अरुण गाउँपालिका शिक्षा ऐन २०८० ले समेत शिक्षकले पालना गर्नुपर्ने विविध आचारसंहिता र कानुनी उपबन्धहरूको निर्धारण गरिएको छ । यसबाट शिक्षक उत्तरदायी वन्नु पर्ने कानूनी आधार तयार भएको छ। तथापि यी उपबन्धहरूको कार्यान्यनको सन्दर्भमा भने बारम्बार प्रश्न उठ्ने गरेका छन ।
सोह्रौं योजनाले शिक्षकले कक्षा कोठा विताउने समयलाई नियमित पठनपाठन सँग आबद्ध गर्दै शिक्षकलाई पेसा प्रति समर्पित बनाई शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहमा उत्प्रेरणा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरेको छ । शिक्षा नीति २०७६ अनुसार शिक्षकलाई प्रशासनिक रूपमा प्रधानाध्यापक प्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी तथा अभिभावक प्रति जवाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ, विद्यालय व्यवस्थापनका लागि विद्यार्थी, अभिभावक र स्थानीय तह प्रति जवाफदेही बनाउने कुरा उल्लेख गरेको छ । विद्यार्थीहरूले परीक्षामा हासिल गरेको परिणाम, नवप्रवर्तनात्मक कार्य समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षाक जिम्मेवार र जवाफदेही बनाउने व्यवस्था उक्त नीतिले गरेको छ ।

## छ. शिक्षकको आपूर्ति र वितरण

शिक्षा नियमावली २०५९ को अनुसूची १२ मा व्यवस्था भए अनुसार पूर्वप्राथमिक विद्यालयमा एक जना, प्राथमिक विद्यालयमा ५० जना सम्म विद्यार्थी भएमा कम्तिमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा तीनजना, कक्षा ६-८ का लागि कम्तीमा चार जना र माध्यमिक तह ९-१२ का लागि ८ जना शिक्षकको रहने व्यवस्था छ । शिक्षा नियमावली २०५९ का अतिरिक्त शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले हिमाल, पहाड तथा तराईको लागि शिक्षक विद्यार्थी अनुपात क्रमशः चालीस, पैंतालीस र पचासलाई आधार मानी शिक्षक दरवन्दी पुनर्वितरण गर्ने प्रावधान भए अनुसार हाल मुलुकभरका स्थानीय तहले शिक्षक दरवन्दी मिलानको प्रकृया अगाडि वढाएका छन् ।

अरुण गाउँपालिका क्षेत्र भित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा भएको शिक्षक वितरण र आपुर्तिलाई हेर्दा ३५ वटा सामूदायिक विद्यालयमा बालविकास सहयोगी कार्यकर्ता सहित गरी जम्मा १७८ जना शिक्षक दरबन्दी कायम रहेका छन । यसका अतिरिक्त उपरोक्त सामूदायिक विद्यालयमा कार्यालय सहयेगी ३९ जना (निजी सहित), कार्यालय सहायक कर्मचारीहरू ७ जना गरी जम्मा ४६ जना विद्यालय कर्मचारी  तथा १ जना विद्यालय नर्स समेत कार्यरत रहेका छन ।

**शिक्षक विद्यार्थी अनुपात २०८१**

| क्रम | तह | विद्यार्थी | शिक्षक | अनुपात |
|---|---|---|---|---|
| १ | बालविकास | ३२० | ४१ | १: ७.८० |
| २ | कक्षा १ देखि ८ | २०१४ | १५५ | १:१२.९९ |
| ३ | कक्षा ९ देखि १२ | ७८४ | ३७ | १:२१.१८ |
| ४ | कक्षा १ देखि १२ | २८०० | १९२ | १:१४.५८ |

उपरोक्त तथ्याङ्कमा विद्यालयबाट नियुक्त गरीएका निजी स्रोतका शिक्षकको विवरण समाबेश भएको छैन । निजी स्रोतका शिक्षकहरू समेत तथ्याङ्कमा समाबेश गर्ने हो भने शिक्षक विद्यार्थी अनुपातमा केही फरक जान्छ ।माथि प्रस्तुत गरिएको शिक्षक विद्यार्थी अनुपातलाई मनन गर्ने हो भने माध्यमिक तह कक्षा ९ -१२ मा विद्यार्थीको अनुपातमा

शिक्षकको सङ्ख्या ज्यादै न्यून रहेको देखिन्छ। तसर्थ तल्लो तहमा नियुक्ति भएका शिक्षकहरू समेतले पनि माध्यमिक तहको पठनपाठनमा साथ र सहयोग गर्दै गर्नु भएको छ । यसका पछाडिको कारण भनेको विद्यालय सञ्चालनको अनुमति प्रदान गरीएका अनुमति प्रदान गरे अनुसारको शिक्षक दरवन्दी वितरण नगर्नु हो । आगामि दिनमा कक्षा सञ्चालनको अनुमति प्रदान गरे पश्चात शिक्षक दरवन्दी पनि प्रदान गर्नु वाञ्छनीय छ।
यस गाउँपालिकामा सामुदायिक तर्फ कुल १९२ जना शिक्षक कक्षा १-१२ मा कार्यरत हुनुहुन्छ। जसमा स्थायी-१४१, राहत ३१,करार १०, निजी ७ र अन्य अनुदान गरी ३ जना गरी जम्मा १९२ जना शिक्षक कार्यरत रहेका छन्। त्यसैगरी यस गाउँपालिकामा १ जना निजी सहित जम्मा ४१ जना प्रारम्भिक बाल विकास सहजकर्ता रहेका छन्। प्राविधिकधार तर्फ ७ जना, लेखापाल/कार्यालय सहायकमा ८ जना, र कार्यालय सहयोगी ३७ जना गरी ५२ जना समेत गरी जम्मा २८५ जना शिक्षाको जनशक्ति संलग्न रहेको छ। जसमा निजी श्रोतबाट विभिन्न विद्यालय गरी ५ जना शिक्षक, १ जना वालशिक्षिका, लेखा १ र कर्मचारी १ गरी ८ जना कार्यरत रहेका छन्। यसको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ भने विद्यालयगत विस्तृत खण्डगतरुपमा राखिएको छ । समग्रमा हेर्दा आधारभूत तथा माध्यमिक तहमा ७३ प्रतिशत शिक्षक स्थायी छन् भने १६ प्रतिशत राहत, करार ५ प्रतिशत, निजी ४ प्रतिशत र अन्य अनुदान गरी २ प्रतिशत शिक्षक कार्यरत रहनु भएको छ।

### ४.२.२ उद्देश्य

- शिक्षक पेसागत विकासलाई आवश्यकतामा आधारित र नतिजामुखी बनाइ शिक्षकको दक्षता र उत्प्रेरणमा सुधार गर्नु,
- विद्यालय सुपरिवेक्षण प्रणालीलाई आपूर्तिमा आधारित नभएर मागमा आधारित बनाउनु।
- कार्यरत शिक्षकको सक्षमता परीक्षण गर्ने व्यवस्था गरी पेसागत सक्षमता, कार्यसम्पादन स्तर र अनुभवलाई वृत्ति विकास सगँ आवद्धता गर्नु।
- सबै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्था गर्नु।
- विद्यालय सुपरिवेक्षण प्रणाली तथा शिक्षक पेसागत सहयोग प्रणालीलाई मागमा आधारित बनाइ शिक्षकहरूको गुणस्तर तथा सक्षमतामा सुधार गर्नु।
- विद्यालयको प्रशासनीक , व्यवस्थापकीय तथा शैक्षिक सुधारका लागि सहभागितामूलक संयन्त्र निर्माण गरी शैक्षिक सुशासन कायम राख्ने।
- प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिलाई विद्यालयको समग्र पक्षको अनुगमन र सुपरिवेक्षणमा जिम्मेवार बनाइ स्थानीय तहले समन्वय र सहजीकरण गर्नु।
- शिक्षकको पेसागत विकास तथा निरन्तर पेसागत सहायोगका लागि प्रणाली स्थापना गर्नु।
- विद्यालय सुपरिवेक्षण, शिक्षक पेसागत सहयोग, कोचिङ, मेन्टोरीङ प्रणालीलाई व्यवस्थित गर्नु।

### ४.२.३ रणनीति

- विद्यालयमा विषयगत, तहगत र कक्षागत शिक्षकको व्यवस्था गर्ने।
- शिक्षकको सक्षमता अभिवृद्धि गरी विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्ने।
- विद्यालय सुपरिवेक्षण प्रक्रियालाई प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समीतिमा आधारित बनाउन जोड दिने।
- शिक्षक पेसागत सहयोगका लागि विषय विज्ञको समूह निर्माण गरी नियमित रूपमा विद्यालयलाई सहयोग गरिने छ।
- कोचिङ मेन्टोरीङ प्रणालीलाई व्यवस्थित गरी कक्षाकोठामै शिक्षकहरूलाई सहयोग पुग्ने गरी मेन्टर परिचालन गरिने छ।
- गणित, विज्ञान र अङ्ग्रेजी विषयका शिक्षकलाई प्राथमिकताका साथ पेसागत सहायता प्रदान गरिने छ।
- विषयगत शिक्षकहरूको सञ्जाल निर्माण गरी सिकाइ आदानप्रदान गर्न प्रोत्साहन गरिने छ।
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने।
- शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने।

### ४.२.४. प्रमुख उपलव्धी तथा नतिजा

**क. उपलव्धी**

यस योजनाको कार्यान्वयन पश्चात सक्षम र अभिप्रेरित कक्षागत एवं विषयगत शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार हुनेछ।

**ख. नतिजा**

- तहगत, विषयगत तथा विद्यार्थी सङ्ख्याको आाधारमा शिक्षक वितरण भएको हुनेछ।
- शिक्षक पेसा जिम्मेवार र मर्यादित पेसाका रूपमा रुपान्तरण भएको हुनेछ।
- शिक्षक सहायता प्रणाली व्यवस्थित भएको हुनेछ।
- शिक्षकको पेसागत विकासमा स्थानीय तहको पर्याप्त सहयोग भएको हुनेछ।
- शिक्षकहरू सूचना तथा सञ्चार प्रविधी प्रति अभ्यस्त भएको हुने र सो को प्रयोग शिक्षण सिकाइ प्रक्रियामा समेत भएको हुनेछ।
- शिक्षकको विषयगत सञ्जालको निर्माण भई अनुभवको आदान प्रदान भएको हुनेछ ।

### प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र. सं | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९१ |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको प्रतिशत | | | | | | | |
| २ | आधारभूत तहमा तोकिएको योग्यता प्राप्त शिक्षक (%) | | | | | | | |
| ३ | माध्यमिक तह (कक्षा ९-१०) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | | | | | | | |
| ४ | माध्यमिक तह (कक्षा ११-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | | | | | | | |
| ५ | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | | | | | | | |
| ६ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | | | | | | | |

### ४.२.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्षको | | | | | | १०बर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यकताको आधारमा योग्य, सक्षम, सूचना प्रविधीसँग परिचित शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | मागमा आधारित छोटो अवधिका पेसागत विकास तालिम तथा कार्यशाला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | समावेशी शिक्षा तथा सिकाइको विश्वव्यापी ढाँचासम्बन्धी शिक्षक तालिम सञ्चालन। | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | स्थानीय तहमा विज्ञ समूह गठन तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | विद्यालयमा हुने आन्तरिक तथा बाह्य अनुगमन र सुपरीवेक्षण | पटक | सधै | सधै | सधै | सधै | सधै | सधै | सधै | |
| ६ | शिक्षकको आपूर्ति र वितरण, विद्यार्थी सङ्ख्याको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | | १ | | | | १ | २ | |
| ७ | बाल विकास सहजकर्ताको लागि ३० कार्यदिने मन्टेश्वरी तालिम | पटक | | | १ | | | १ | २ | |
| ८ | शिक्षकले शिक्षणमा विताउने समयमा प्र.अ. लाई जिम्मेवार बनाउने | पटक | | | | | | | | निरन्तर |
| ९ | शिक्षकहरूको विषयगत सञ्जाल निर्माण | | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | शिक्षण सिकाइ नियमित र प्रभावकारी बनाउने मापदण्ड विकास | पटक | | १ | | | | १ | २ | |
| ११ | पेसागत शैक्षिक अवलोकन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | अन्तरविद्यालय अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | निश्चित कार्यसम्पादन सूचकका आधारमा प्रत्येक वर्ष प्रत्येक तहगत रूपमा उत्कृष्ट शिक्षक पुरस्कारबाट पुरस्कृत गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | प्रत्येक विद्यालयमा कम्तिमा एक सुविधायुक्त ICT Lab को प्रबन्ध गर्ने । | विद्यालय | | | | | | | ३५ | सवै |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **१५** | सुपरिवेक्षणलाई विद्यालयमा आधारित बनाउन विद्यालयका प्रधानाध्यापक, अनुभवी शिक्षक वा मेन्टर, विषय विज्ञ र समकक्षी शिक्षकबाट सुपरिवेक्षण गर्ने क्षमता विकास तालिम । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| **१६** | विद्यार्थी सिकाइउपलब्धिका आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्न प्रधानाध्यापक र स्थानीय तहलाई जिम्मेवार बनाउने । | पटक | सधै | सधै | सधै | सधै | सधै | सधै | सधै | |
| **१७** | पालिका स्तरीय शिक्षक सम्मेलन कार्यक्रम | पटक | | | १ | १ | १ | ३ | ८ | |
| **१८** | कोचिङ मेन्टोरीङ प्रणालीलाई व्यवस्थित गरी कक्षाकोठामै शिक्षकहरूलाई सहयोग गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| **१९** | विद्यार्थी अनुपात र विषयगत आवश्यकताका आधारमा शिक्षक व्यवस्थापन गर्ने । | पटक | | १ | | | १ | २ | ४ | |

## ४.३ शिक्षामा समता तथा समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

अरुण गाउँपालिका एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, तथा बहुसांस्कृतिक गाउँपालिका हो । यहाँ लिंगको आधारमा महिलाको जनसङ्ख्या पुरुषको भन्दा बढी छ । विद्यालयहरूमा छात्राहरूको सहभागीता उत्साहजनक रहेको छ । भाषिक रुपमा नेपाली भाषा बाहेकका अन्य मातृभाषा भएका बालबालिकाहरूमा भाषिक असक्षमता हुने र सिकाइ ढिलो हुने समस्या उत्पन्न हुन्छन् । साथै अपाङ्गता भएका बालबालिकाहरूका निम्ति शैक्षिक पहुँच र गुणस्तरमा झन जटिल समस्या देखिएको छ । उनिहरूका लागि अपाङ्गतामैत्री भौतिक संरचनाको अभाव रहेको छ । तथ्याङ्क अनुसार यस पालिका भित्रका विद्यालयहरूमा जम्मा २६ जना अपाङ्गता भएका बालबालिकाहरू अध्ययनरत छन् । विद्यमान अवस्थामा शिक्षामा समतामूलक पहुँच पुर्याउन यस गाउँपालिकाबाट केही प्रयासहरू भएता पनि पर्याप्त मात्रामा सम्बोधन हुन सकेको छैन । विद्यालय बाहिर रहेका, विचैमा विद्यालय छाडी तह पुरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न नसकेकाहरूलाई सम्बोधन गरी समता र समावेशिता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ । विविधताको सम्मान गर्दै शिक्षामा सबैको पहुँच पुर्याई सहभागितामूलक सिकाइ सुनिश्चित गर्नका लागि सबै बालबालिकाहरूलाई शिक्षामा समान र समतामा आधारित अवसर उपलब्ध गराउनु आवस्यक रहेको छ ।

### ४.३.२ उदेश्य

- शिक्षामा पहुँच र सहभागिताका दृष्टिकोणले पछाडि परेका बालबालिका, असाहाय, अपाङ्गता भएका बालबालिबकाहरू विच हुने विभेदलाई न्युनीकरण गरी सबैका लागि समतामूलक गुणस्तरीय शिक्षाको अवसर प्रदान गर्नु ।
- अपाङ्ता भएका, जोखिममा परेका, विपन्न वर्ग, द्वन्द्व प्रभावित, जनजाति, दलित, महिला तथा आर्थिक रुपले विपन्न भएका व्यक्तिहरूलाई विविधताताको व्यवस्थापन गर्दै शिक्षामा पहुँच पुऱ्याउनु ।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइ उपलब्धि वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार र हेपाइ नहुने सुनिश्चित गर्नु ।
- पहुँचयुक्तताको लेखाजोखा र कार्यगत सीमितताको प्रारम्भिक पहिचान तथा आवश्यकता अनुसार सहायक सामग्रीहरूको व्यवस्था गर्नु ।
- समावेशी शिक्षा तथा सिकाइको लागि शिक्षक तालिमको व्यवस्था गर्नु ।
- समावेशी सिकाइ सामग्री निर्माण तथा प्रयोग गर्नु ।

### ४.३.३ रणनीति

- गाउँपालिका मार्फत टोलवस्तीका घरधुरी सर्वेक्षण गरी पहुँच र सहभागीताको प्रवन्ध मिलाईने छ ।
- गाउँपालिकाभित्र रहेका सीमान्तकृत बालबालिका, अपाङ्गता भएका बालबालिका र द्वन्द्व प्रभावित बालबालिकाहरूको यकिन गरी विद्यालय शिक्षाको पहुँचमा ल्याइने छ ।

- सबै तहका विद्यालयहरूमा लैंगिक तथा अपाङ्गमैत्री भौतिक (विद्यालय भवन, कक्षाकोठा, पिउने पानी शौचालय, र्‍याम्प आदि) तथा शैक्षिक वातावरणको विकास गरिने छ।
- सीमान्तकृत समुदायका बालबालिका तथा अपाङ्गता भएका सबै बालबालिकाहरूलाई आवश्यकतामा आधारीत वैकल्पीक शिक्षा कार्यक्रमको सुनिश्चित गरिने छ।
- दिवाखाजा सहित स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता सम्बन्धी र किशोरी लक्षित सेवा तथा तालिमको व्यवस्था गरिने छ।
- आधारभूत तहमा वहु भाषा तथा मातृभाषामा सिकाइको अवसर प्रदान गरिने छ।
- आवश्यकता अनुसार झोला , पोशाक, शैक्षिक सामग्री, सिकाइ सामग्री तथा छात्रवृत्ति उपलब्ध गराइनेछ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वालमैत्री वातावरणको सृजना गरिने छ।
- विद्यालयका गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध गरिने छ।
- कार्यगत सिमितताको प्रारम्भिक पहिचान गरी आवश्यकताअनुसार सहायक सामग्रीहरूको व्यवस्था गरिने छ।
- समावेशी शिक्षा तथा सिकाइ सम्बन्धी शिक्षक तालिम दिइने छ।
- समावेशी सिकाइ सामग्री निर्माण गरी प्रयोग गर्ने वातावरण बनाइने छ।
- गाउँपालिका बाल संजाल, वडा स्तरीय बाल संजाल र विद्यालयमा गठित बालक्लबहरू मार्फत बालमैत्री वातावरणको सुनिस्चित तथा किशोरी तालिम सञ्चालन गरिने छ।
- न्यून शैक्षिक उपलब्धि भएका बालबालिकाहरूका लागी शिक्षकलाई विशेष सुविधा प्रदान गरी सुधारात्मक कक्षाको प्रवन्ध मिलाईने छ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**क. उपलब्धि**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागीता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ।

**ख. नतिजा**

- गाउँपालिका भित्र रहेका दलित, जनजाति, अपाङ्गता भएका बालबालिका र द्वन्द्व प्रभावित, सीमान्तकृत बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउनेछन्।
- गाउँपालिका भित्रका लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागीता बढ्न गई सिकाइ उपलब्धिको सुधार हुनेछ।
- समता तथा समावेशी शिक्षाको मूल्य मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह हुनेछ।
- विद्यालयमा बालमैत्री वतावरणको सिर्जना हुनेछ।
- शिक्षण सिकाइ प्रक्रिया तथा शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि हुनेछ।
- विद्यालयहरूमा अपाङ्गमैत्री तथा लैंगिकमैत्री वातावरण सृजना हुनेछ।

## प्रमुख नतिजा  तथा परिमाणात्मक लक्ष्य

| क्र सं | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८५ | २०९१ |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा अध्ययन गर्ने उमेर भएका विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | | | ०० | ०० | ०० | ०० | ०० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ४९. ४१% (०.९७) | १ | १ | १ | १ | १ | १ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | ५२.०३% (१.०८) | १.१ | १.१ | १.१ | १.१ | १.१ | १.१ |
| ४ | तोकिएको छात्रृत्ती प्राप्त वीद्यार्थी प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ५ | बालमैत्री शिक्षण भएका विद्यालय | सवै | सवै | सवै | सवै | | सवै | सवै |

## ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्षको लक्ष्य | |
| १ | विद्यार्थीहरूको प्रारम्भिक पहिचानका विभिन्न क्रियाकलापहरू सञ्चालन गर्ने र आवश्यकताअनुसार सहायक सामग्रीहरूको व्यवस्था गर्ने। | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| २ | समावेशी शिक्षा तथा सिकाइको ढाँचासम्बन्धी शिक्षक तालिम। | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| ३ | समावेशी सिकाइ सामग्री निर्माण गरी प्रयोग गर्ने वातावरण बनाउने | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| ४ | समावेशी शिक्षा सम्बन्धी अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने। | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| ५ | अपांगता भएका विद्यार्थिहरूका लागि छात्रवृती व्यवस्था गर्ने। | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | लैङ्गिक फोकल शिक्षकको व्यवस्था | विद्यालय | सवै | सवै | सवै | सवै | सवै | सवै | सवै | |
| ७ | गुनासो पेटी र गुनासो ससुनुवाइ अधिकारी को व्यवस्था | विद्यालय | सवै | सवै | सवै | सवै | सवै | सवै | सवै | |
| ८ | अपांगतामैत्री भौतिक संरचनाको निर्माण | विद्यालय | | २ | २ | २ | १ | ७ | १४ | |

### ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

#### ४.४.१ वर्तमान अवस्था

*स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको निर्माण हुन्छ* । स्वस्थ बालबलिकाले राम्रोसँग सिक्न सक्छन् । घर तथा विद्यालयको वातावरण स्वच्छ भएन भने विद्यार्थीहरू अस्वस्थ हुन्छन् । घर तथा विद्यालयको सरसफाइ,पोषणयुक्त खाना, असल आनिवानि, सुद्द प्यूने पानी, नियमित ब्यायम, नियमित स्वास्थ्य परीक्षण जस्ता कुराको अभावमा बालबालिकाहरूको शारीरिक, मानसिक र संमेगात्मक विकास हुनसक्दैन । जसको कारण बालबालिकाहरूको सिकाइ क्षमतामा दीर्घकालिन रुपमा नकारात्नक असर पुग्दछ ।

नेपाल सरकारले आ व २०६४ /०६५ देखि कर्णालीको ५ वटा जिल्लामा दिवा खाजा कार्यक्रम सुरु गरेकोमा आ व २०७७ /०७८ वाट अधिराज्यभरिका सामुदयिक विद्यालयमा अध्ययन गर्ने वाल कक्षा देखि कक्षा ५ सम्मका बालबालिकालाई यो कार्यक्रम सञ्चालनमा रहेको छ । जुकाको औषधि खुवाउने, सेनेटरी प्याड वितरण, आइरन चक्की खुवाउने लगायत विभिन्न प्रकारका खोपहरू लगाउने कार्यक्रमहरू नियमित रुपमा सञ्चालनमा रहेका छन् ।

यस अरुण गाउँपालिकामा शैक्षिक सत्र २०८१ मा बालकक्षा देखि कक्षा ५ सम्म १२०२ विद्यार्थीहरू अध्ययनरत रहेका छन् । आधारभूत तह कक्षा ५ सम्म अध्ययन गर्ने विद्यार्थीलाई दिवा खाजा वापत प्रति विद्यार्थी प्रति दिन रु १५ का दरले संघीय सरकारबाट प्राप्त हुने गरेकोमा शैक्षिक सत्र २०८२ देखि प्रति विद्यार्थी प्रति दिन रु २० का दरले प्राप्त हुने छ । यस पालिकाभित्रका संस्थागत विद्यालयहरूले आफ्नै मापदण्ड अनुसारको स्वास्थ्य तथा पोषणयुक्त खाजाको व्यवस्थापन गरेको भएतापनि सामुदायिक विद्यालयहरूले पोषणयुक्त विद्यालय दिवा खाजा प्रारुप २०८१ अनुसार खाजाको व्यवस्थापन गर्ने प्रयास गरीरहेको पाईन्छ । नेपाल सरकारको कार्यक्रम कार्यान्वयन पुस्तिकामा दिवा खाजा सम्बन्धी मोडालिटी उल्लेख गरिएको मध्य विद्यालय बाट दिवा खाजा व्यवस्थापन र विद्यालयको चमेना गृहबाट दिवा खाजा व्यवस्था गर्ने विकल्पहरू विद्यालयहरूले अवलम्वन गरीरहेको पाईन्छ ।

बर्तमान अवस्थामा प्रति विद्यार्थी दिवा खाजा बापत प्राप्त रकमबाट दिवा खाजाको मापदण्ड पुरा हुने गरी खाजा व्यवस्थापन गर्न चुनौती रहेको छ भने खाजा खुवाउने कोठा (क्यान्टिन), खानेपानी व्यवस्थापनमा कठिनाइ, जनशक्ति अभाव जस्ता समस्याहरू रहेका छन् । सेनेटरी प्याडको व्यवस्थापन, सफा शौचालय ,प्लास्टिक तथा जङ्क फुडमुक्त विद्यालय वनाउने कार्य मुख्य चुनौतिका रुपमा रहेका छन् ।

#### ४.४.२ उद्देश्य

- दिवा खाजासँग सम्बन्धित सेवाहरूमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पोषणयुक्त खाजाको सुनिश्चित गर्नु ।
- बालबालिकाको सरसफाई तथा स्वच्छता सम्बन्धी व्यबहारलाई प्रोत्साहन गर्नु ।
- बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्न स्थानीय सरकार, सरोकारवालाहरू र अभिभावकहरूसँग समन्वय गर्नु ।
- विद्यालय उमेर समूहका बालबालिकाहरूको सामुदायिक विद्यालयमा आकर्षण बढाइ भर्ना दर वृद्धि गर्नु ।
- पोषणयुक्त खाद्यान्नको अभाव भएका बालबालिकाहरूलाई लक्षित गरी शिक्षामा सुधार ल्याउनु ।
- कक्षामा विद्यार्थीको अनुपस्थिती दर घटाउनु र विद्यालय छाड्ने प्रवृत्तिमा कमी ल्याउनु ।

### ४.४.३ रणनीति

- गाउँपालिका भित्रका विद्यालयहरूमा पोषणयुक्त दिवा खाजा व्यवस्थापन कार्यक्रम सञ्चालनका लागि स्थानीय उत्पादनमा अधारित पोषणयुक्त विद्यालय दिवा खाजा प्रारुप-२०८१ अनुरुप मापदण्ड र स्तर निर्धारण गरिने छ।
- बालबालिकाको लागि विद्यालयमा नै पोषिलो खाजा तयारीको आवश्यक प्रबन्ध मिलाउन विद्यालयहरूलाई प्रोत्साहन गरिने छ।
- दिवा खाजा व्यवस्थापनमा स्थानीय उत्पादनलाई जोड्दै आगामी दिनमा थप व्यवस्थित गरिने छ।
- विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त र स्वच्छ खानेपानी, साबुन तथा सरसफाई सहितको हातधुने ठाँउ र विद्यालय परिसर सरसफाईको प्रबन्ध मिलाईने छ।
- विद्यालयहरूमा प्राथमिक उपचार किटको व्यवस्थापन र बालबालिकाको आवधिक स्वास्थ्य जाँचलाई नियमित र प्रभावकारी बनाईने छ।
- किशोरिहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी शिक्षा दिन स्थानीय स्वास्थ्य संस्थाको समन्वय र सहयोगमा कार्यक्रम बनाइ कार्यान्वयन गरिने छ।
- दिवा खाजाको लागि चाहिने खाद्य समाग्रीका लागि स्थानीय स्तरमा उत्पादित समाग्रीलाई प्राथमिकता दिन प्रोत्साहन गरिने छ।
- कक्षा ६-१२ सम्म अध्ययन गर्ने छात्राहरूका लागि सेनिटरी प्याड र किशोरी अराम कक्षको व्यवस्थापन गरिने छ।
- विद्यालयहरूमा गठित आमा समूहहरूलाई पोषण तथा स्वच्छता सम्बन्धी तालिमको व्यवस्था गरिने छ।
- जङ्क फुडलाई पूर्णरुपमा निरूत्साहित गरिने छ।
- प्रत्येक विद्यालयमा वडा कार्यालय र स्वास्थ्य चौकीको प्रतिनिधि हुने गरी एक अनुगमन टोली गठन गरिने छ।
- आमा समूहको टोली बनाई पोषण तथा स्वच्छताको अवस्थाको अवलोकन गर्ने व्यवस्था मिलाईने छ।
- मापदण्ड अनुसार विद्यालयहरूमा खाजा आपुर्ति भए नभएको अनुगमन गरिने छ।
- स्थानीय सरकार एवं अभिभावकको साझेदारीमा दिवा खाजाको थप व्यवस्थापन गरिने छ।
- स्वास्थ्य तथा पोषण सम्बन्धी विद्यालय अभिवावक सचेतना कार्यक्रम सञ्चालन गरिने छ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**क. उपलब्धि**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार भई शिक्षामा पहुँच तथा सहभागिता सहित गुणस्तरीय सिकाइ सुनिश्चित हुनेछ।

**ख. नतिजा**

- विद्यालयमा दिवा खाजा सहित स्वास्थ्य तथा पोषण र स्वच्छता सम्बन्धी स्पष्ट जिम्मेवारी निर्धारण र कार्यान्वयन भएको हुनेछ।

- विद्यालयमा दिवा खाजा कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न सहयोग मिलेको हुनेछ ।
- दिवा खाजाको रकम वृद्धि भई विद्यालयमा पोषणयुक्त खाजाको उचित व्यवस्थापनमा टेवा पुगेको हुनेछ ।
- सामुदायिक विद्यालयमा पौष्टिक तथा स्वस्थकर र स्थानीय स्तरमा उत्पादित खाजाको व्यवस्थापनमा सहयोग मिलेको हुनेछ ।
- कक्षा ६-१२ सम्म अध्ययन गर्ने छात्राहरूका लागि सेनिटरी प्याड र किशोरी आराम कक्षको व्यवस्थापन भएको हुनेछ
- सामुदायिक विद्यालयहरूमा बालविकास देखि कक्षा ५ सम्मका सम्पुर्ण विद्यार्थीहरूले अभिभावकको सहभागितामा खाजा प्राप्त गरेका हुनेछन् ।
- दिवा खाजाको व्यवस्थापनमा वडा कार्यालय र गाउँपालिकाको साझेदारी एवं सहभागितामा वृद्धि भई अनुगमन समेत भएको हुनेछ ।
- विद्यालयमा पर्याप्त स्वच्छ खानेपानी, साबुन तथा सरसफाई सहितको हातधुने ठाँउ र विद्यालय परिसर सरसफाईको प्रबन्ध भएको हुनेछ ।
- विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्थापन तथा बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँचमा नियमितता भएको हुनेछ ।
- विद्यालयहरूमा गठित आमा समूहरूको पोषणयुक्त खाजा सम्बन्धी तालिमको व्यवस्थापन भएको हुनेछ ।
- विद्यालयहरूमा विद्यार्थी भर्ना दरमा बृद्धि, नियमिततामा बृद्धि र सिकाइ उपलब्धि दरमा सुधार आइ शिक्षाको पहुँचमा वृद्धि भएको हुनेछ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९१ |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | | | | | | | |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | १० | २० | ३० | ३५ | ३५ | ३५ | ३५ |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | १ | | १ | १ | १ | १ | ७ |

## ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | १० वर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | दिवा खाजा कार्यक्रम कार्यावयन सहजिकरण पुस्तिका विकास र वितरण | दस्तावेज सङ्ख्या | | १ | - | | - | १ | २ | |
| २ | स्थानीय तह र समुदायको साझेदारीमा आधारभूत तहमा दिवा खाजा कार्यक्रम सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | खाजा कार्यक्रम तथा स्वास्थ्य कार्यक्रम सम्बन्धी अभिमुखिकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | स्वास्थ्य पोषण सम्बन्धित सचेतनामूलक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | दिवा खाजा वितरण तथा स्वास्थ्य सम्बन्धी अनुगमन संयन्त्रको विकास र परिचालन | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | एक विद्यालय एक स्वास्थ्य किट व्यवस्थापन | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | दिवा खाजाका लागि आवश्यक सामग्रीको प्रबन्ध | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ९ | दिवा खाजाका आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | विद्यालय | १५ | २५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | |
| ११ | छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १२ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन फोलिक एसिड आदि) प्रदान | पटक | आवस्यकता अनुसार | आवस्यकता अनुसार | आवस्यकता अनुसार | आवस्यकता अनुसार | आवस्यकता अनुसार | आवस्यकता अनुसार | आवस्यकता अनुसार | |
| १३ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.५ विद्यालय सुरक्षा बिपद् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

बालबालिकालाई शारीरिक तथा मानसिक सजाय र उत्पपिडन, यौन दुराचारबाट मुक्त सिकाइ व्यवस्था गर्न **भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७,** विद्यालयमा सशस्त्र गतिविधि, हिंसा, राजनैतिक प्रभाव, भेदभाव, शोषण तथा दुर्व्यबहारवाट मुक्त सिकाइ व्यवस्था गर्न **विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा २०६८, बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७, समावेशी शिक्षा नीति २०७३** को व्यवस्था केन्द्रीय स्तरमा भई कार्यान्वयनमा रहनुले यो अरुण गाउँपालिका भित्रका विद्यालयहरू समेत समेटिएका छन् । यो बिपद् वा संकटपूर्ण अवस्थामा सिकाइ सञ्चालन गर्नमा नीतिगत अवस्था पर्याप्त रहेको छ। त्यसैगरी राष्ट्रिय शिक्षा नीति २०७६ मा पनि सुरक्षित सिकाइ वातावरणका लागि विद्यालयमा भौतिक तथा मानवीय पक्षको उचित व्यवस्थापन तथा कार्यान्वयन गर्नुपर्ने कुरा उल्लेख गरेको छ।

२०७२ सालमा आएको विनाशकारी भुकम्प तथा २०७७ सालबाट सुरु भएको कोभिड-१९ को प्रकोप बाट अरुण गाउँपालिका पनि प्रभावित भयो। २०७२ सालको बिनासकारी भूकम्पले केहि विद्यालयहरूमा आंशिक तथा पूर्ण रुपमा क्षति पुगेको भएता पनि पुनर्निर्माण प्राधिकरणबाट केहि विद्यालयहरू निर्माण तथा सवलिकरण भई सकेका छन्। त्यसैगरी कोभिड-१९ को प्रभावले करीब दुइ शैक्षिक शत्र विद्यालयहरू अधिकांश समय बन्द रहे। त्यस अवस्थामा प्रभावकारी तथा सुरक्षित शिक्षाको बैकल्पिक माध्यम प्रयोग गर्न नसक्दा विद्यालय तहका बालबालिकाहरू प्रत्यक्ष सिकाइबाट वन्चित रहे। विद्यालय तहको पाठ्यक्रमलाई आधार मानी केन्द्रिय स्तरमा बिभिन्न विषयमा अनलाईन तथा अफलाईन सिकाइ सामग्रीहरू तयार गरी वेबसाईमा राखिएको छ। नेपाल सरकारले मिति २०७७ जेठ १८ गते वैकल्पिक प्रणालीबाट सिकाइ सहजीकरण निर्देशिका जारी गर्यो र २०७७ असार १ गते बाट वैकल्पिक माध्यम बाट कक्षा सञ्चालनका लागि सार्बजनिक रुपमा आव्हान गरिएकोमा गाउँपालिका स्तरमा प्रभावकारी रुपमा सिकाइ सञ्चालन गर्न सकिएन। विभिन्न विद्यालयमा फरक-फरक अभ्यास गरेको पाईयो। गाउँपालिकाले यस सम्बन्धमा कुनै ठोस आधार तयार गरी सम्बन्धित पक्षलाई निर्देशन गर्न सकेन।

उल्लेखित अवस्थाहरूले आगामी दिनहरूका लागि शिक्षाको संरचना, भौतिक पूर्वाधार, सिकाइ वातावरण, सिकाइका लागि आवश्यक पर्ने स्रोत साधन, आपतकालीन अवस्थामा सिकाइ निरन्तरताका लागि आवश्यक हुने व्यवस्थापकीय तथा पेसागत क्षमता र आपतकालीन अवस्थाको तयारी, प्रतिकार्य र पुनरुत्थानको भरपर्दो प्रणाली विकास गर्नुपर्ने आवश्यकता समेत देखिएको छ। कोभिड १९ ले पारेको प्रभावलाई न्युनीकरण गर्ने उद्देश्यले अहिले पालिकाअन्तर्गतका सबै सामुदायिक विद्यालयमा सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनका भइरहेको छ।

### ४.५.२ उद्देश्य

- संकटको संभावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्व साबधानी र तयारीको वातावरण तयार गर्नु।
- संभावित संकटको सामना गर्न उत्थानशिल प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्नु।
- संकटको प्रतिकार्यको संयन्त्र र कार्यढाँचा तयार गर्नु।
- सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयन गर्नु।

### ४.५.३ रणनीति

- संघीय सरकारले कार्यान्वयनमा ल्याएका बिभिन्न नीति नियम तथा ऐन कानुनहरूको पूर्ण पालना गरिने छ।
- संकटासन्नताको बिश्लेषण तथा मूल्याङ्कन गरिने छ।

- संकटासन्नताको मूल्याङ्कनको आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना र विद्यालयहरूले आ-आफ्ना रणनीतिक योजना तयार पार्नेछन् ।
- बिपद्को समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन पूर्व तयारि, व्यवस्थापन प्रतिकार्य र पून:स्थापना सम्बन्धी आवस्यक कार्यविधि तयार गरिने छ ।
- बिपद् प्रतिरोधि भौतिक पूर्वाधारको निर्माण तथा पूनःस्थापना गरिने छ ।
- शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र, उपकरण, औषधि , खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरिने छ ।
- विद्यार्थी ,शिक्षक अभिभावक तथा अन्य सरोकारवालाहरूको तयारी,रोकथाम, प्रतिकार्य र पुनःस्थापनाका लागि क्षमता विकास गरिने छ ।
- बिपद् व्यवस्थापनका लागि परम्परागत ज्ञान सीपको समेत खोजी तथा संरक्षण सम्बर्धन गरिने छ ।
- सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनका लागि आवस्यक क्रियाकलाप सञ्चालन गरिने छ ।
- विद्यालय शान्ति क्षेत्रको अवधारणालाई सार्थकता दिन स्थानीय राजनैतिक दल, पेसागत संगठनहरू, विद्यार्थी संगठन तथा क्लबहरू सामाजिक सांस्कृतिक समूह तथा समाजहरूसंग समन्वय र सहकार्य गरी यसप्रति सबैलाई जिम्मेवार बनाईने छ ।
- अभिभावकहरूले आफ्नो बच्चाहरूलाई सिकाइ सहजीकरण गर्न सकिने सामग्री छपाइ तथा वितरण गरिने छ ।
- प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणका लागि हरीत विद्यालय अभियान,जलबायू परिवर्तन शिक्षा तथा दिगो विकासका अवधारणा समेतलाई कार्यान्वयनमा ल्याईने छ ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**क. उपलब्धि**

आपतकालिन तथा संकटपूर्ण अवस्थामा पनि बालबालिकाहरूको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकार सूनिश्चित हुने ।

**ख. नतिजा**

- गाउँपालिका भित्रका विद्यालयहरूमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्उत्थानको योजना निर्माण तथा क्षमता विकास भएको हुनेछ ।
- संकट व्याबस्थापनकालागी आवश्यक भौतिक, मानविय र आर्थिक स्रोतको व्यवस्थापन सहित विद्यालय सक्षम भएको हुनेछ ।
- संकटपूर्ण अवस्थामा समेत विभिन्न माध्यमको प्रयोग गरी शिक्षण सिकाइ निरन्तर सञ्चालन भएको हुनेछ ।

### प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र सं | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९१ |
|---|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित बिपद् तथा जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने विद्यालय | ७ | १० | १५ | २० | २५ | २८ | ३० |
| २ | हरित विद्यालय सङ्ख्या | ० | ७ | १२ | १५ | २० | २३ | ३७ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ० | ७ | ७ | ७ | ७ | ७ | ७ |
| ४ | आपद्कालीन कोषको स्थापना भएका विद्यालय सङ्ख्या | ० | ७ | ७ | ७ | ७ | ७ | ७ |

### ४.५.५ प्रमुख क्रियापलाप र परिमाणात्मक लक्ष्य

| क्र .स. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य-५वर्षे | | | | | | १० वर्ष को लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | मनोसामाजिक परामर्श तालिम सञ्चालन | पटक | | १ | १ | १ | १ | ५ | १० | |
| २ | बिपद् सम्बन्धी विद्यालय बिपद् योजना निर्माण तथा परिमार्जन | पटक | | १ | | | | | २ | |
| ३ | पालिकास्तरिय विद्यालय शिक्षा सहयोग विपद् कोष कार्यक्रम | पटक | | १ | | | | | १ | |
| ४ | विद्यालयको भौगोलिक अवस्था र परिस्थिति अनुसार वैकल्पिक सिकाईको व्यवस्थापन कार्यक्रम | पटक | | | | | | | | आवश्यकता अनुसार |
| ५ | उद्दार कार्यक्रममा खटिने संवयंसेवकका लागि तालिम सञ्चालन | पटक | | | १ | | १ | | २ | |
| ६ | प्रतिकार्य कार्यदलको गठन र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | आपतकालिन तथा संकटपूर्ण सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | अभिभावकले आफ्ना बच्चाहरूलाई सिकाइ सहजीकरण गर्न सकिने सामग्रीको छपाइ तथा वितरण | पटक | | | | | | | | आवश्यकता अनुसार |
| १० | विपद्का बेला सिकाइ निरन्तरताका लागि सिकाइ सहजीकरण सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | हरित विद्यालय कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४. ६ विद्यालयको भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

**बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सरसफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधारहरू विद्यालयका आधारभूत पक्षहरू हुन् । विद्यार्थीका लागि सुविधाजनक रुपमा पठनपाठनमा सहभागि बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षा (१–५) का लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत तह (६–८) तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर, जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगाएत सम्पूर्ण भौतिक पूर्वाधार बिपद् जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रुपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरिएको छ ।**

**वर्तमान अवस्था**

अरुण गाउँपालिकामा हाल ३५ ओटा सामुदायिक विद्यालय रहेका छन् भने २ वटा संस्थागत विद्यालय सञ्चालित छन् । विद्यालयहरू मध्ये श्री शारदा मा.वि.नमुना विद्यालयको कार्यक्रम चलिरहेको छ । सामुदायिक विद्यालयहरूमा पक्की भवनको सुविधा आंशिक रुपमा मात्रै छन् । बालबालिकाहरूले *खोजेर होइन रोजेर* विद्यालय शिक्षा पाउनु पर्ने अवस्थामा पनि हाम्रा अधिकांस विद्यालयहरू अझै पनि ट्रस छाना भएका कच्ची र पुराना भवनमा नै छन् । अधिकांस विद्यालयहरूमा फर्निचर, खेल मैदान, घेराबारा, शौचालय, खानेपानी, चमेनागृह, विद्यालय भवन, बिद्युत जस्ता भौतिक पूर्वाधारको अभाव रहेक छन् । कक्षा १–३ सम्मका कक्षाकोठाहरू अझै पनि छापायुक्त कक्षाकोठामा व्यवस्थापन गर्न सकिएको छैन । अरुण गाउँपालिकाका माध्यमिक तहका केही विद्यलयहरूमा सिसिटिभि क्यामेरा जडान गरी सकिएको छ । संघीय तथा प्रदेश सरकारको शसर्त बजेटबाट पालिकाका केही विद्यालयमा विज्ञान प्रयोगशाला तथा कम्प्युटर ल्याबहरू निर्माण भएका छन् । अपाङ्गतामैत्री भौतिक संरचनाको अभाव रहेको र यसको लागि पालिकाको आफ्नै स्रोतबाट लगानी गर्न नसकिएको अवस्था देखिन्छ । यस पालिकाको नियमित कार्यक्रम बमोजिम अन्य विविध भौतिक निर्माणका कार्यक्रमहरू सम्पन्न हुँदै आएको भएता पनि ती पर्याप्त हुनसकेका छैनन् । गाउँपालिकाले प्रत्येक वर्ष योजना मुताविक भौतिक निर्माणका योजना तथा कार्यक्रम सम्पन्न गरीदै आए पनि विद्यालयहरूमा व्यवस्थित शौचालय, प्रयोगशाला, खानेपानी जस्ता आधारभूत मापदण्डहरूको अभाव भने खड्केकै छ । विद्यालयहरूको भौतिक पुर्वाधार विकासमा अन्य सरोकारवाला संस्थाहरूसँग आपसि समन्वय गरीदै कार्यक्रमहरू सम्पन्न भइरहेका छन् । यस पालिकाका केही विद्यालयहरूमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ४ कोठे तथा २ कोठे पक्की भवन साथै खानेपानी र शौचालय निर्माणको कार्य भएता पनि आवश्यकता बमोजिम पूर्वाधारको सम्बोधन हुन सकिरहेको छैन ।

### ४.६.२ उद्देश्य

- सुरक्षित विद्यालय र भरपर्दो भौतिक पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा प्रदानमा सहयोग गर्नु ।
- विद्यालयहरूमा निर्माण हुने सबै पुर्वाधारहरूलाई अपाङ्गमैत्री, बालमैत्री, वातावरणमैत्री र लैङ्गिकमैत्री बनाउनु ।
- सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार निर्माण, मर्मत संभार तथा सबलीकरण गर्नु ।

### ४.६.३ रणनीति

- गाउँपालिकामा सञ्चालित विद्यालय तह र विद्यार्थी सङ्ख्याका आधारमा पूर्वाधारको वितरण गरिने छ ।
- विद्यालय पूर्वाधार विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरिने छ ।
- पूर्वाधार विकासका लागि वार्षिक रुपमा तोकिएका ससर्त अनुदान वापतका योजना तथा कार्यक्रमहरू माग र आवश्यकताका आधारमा वितरण गरिने छ ।
- पालिकाका विद्यालयहरूमा निर्माण हुने सबै पुर्वाधारका कार्यहरूलाई अपाङ्गमैत्री, बालमैत्री, वातावरणमैत्री / लैङ्गिकमैत्री बनाइने छ ।
- भूकम्प प्रतिरोधी स्मार्ट कक्षाकोठाको ब्यवस्था गर्दै लगिने छ ।
- कक्षा १ देखी ३ सम्मका कक्षाकोठालाई बालमैत्री तथा छापामय बनाइने छ ।
- विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न संघ संस्था एवं निकायसँग लागत साझेदारी गरिने छ ।
- पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवं वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिने छ ।
- रमाइलो वातावरणमा शिक्षण सिकाइ सञ्चालन गर्न प्रशस्त मात्रामा शैक्षिक सामग्रीका साथै खेल सामग्रीयुक्त वालउद्यान तथा हरित विद्यालय निर्माणको कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।
- कक्षाकोठाहरूलाई प्रयोगशालाको रुपमा परिणत गर्न मापदण्ड अनुसारको आवश्यक सामग्रीहरूको व्यवस्थापन गर्न प्रोत्साहन गरिने छ ।
- विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुननिर्माण एवम् घेरा वारा गरिने छ ।
- भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणाली अपनाइने छ ।
- विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण गरिने छ ।
- विद्यालय भौतिक पूर्वाधार निर्माण मापदण्ड २०८० पूर्ण रुपमा कार्यान्वयनमा आउनेछ ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**क. उपलब्धि**

सवै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक सुविधा युक्त विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुनेछ ।

**ख. नतिजा**

- भौतिक पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी सहित कार्यन्वयन भएको हुनेछ ।
- पूर्वाधार विकासको आवश्यकता पहिचान र वितरणको मापदण्ड तयार भएको हुनेछ ।
- विद्यालयहरूमा अपाङ्गमैत्री, बालमैत्री एवं लैङ्गिकमैत्री र भूकम्प प्रतिरोधी संरचनाको व्यवस्था भएका हुनेछन् ।
- विद्यार्थीहरूलाई रमाइलो वातावरणमा शिक्षण गर्न प्रयोगशालाहरूको निर्माण भएका हुनेछन् ।
- कक्षाकोठाहरू शैक्षिक सामग्रीले युक्त भएका हुनेछन् ।
- प्रत्येक बिद्यालायमा कम्तिमा सिकाइ सन्दर्भ सामग्री सहितको पुस्तकालयको व्यवस्था हुनेछ ।
- स्वच्छ वातावरण, सुविधायुक्त शौचालय तथा सफा खानेपानीको प्रवन्ध भएको हुनेछ ।
- विद्यालय तथा कक्षाकोठाहरूको समय समयमा मर्मत सम्भार गरिएको हुनेछ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९१ |
|---|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | १४ | १ | १ | १ | १ | १ | २५ |
| २ | नयाँ निर्माण गर्नुपर्ने विद्यालय सङ्ख्या | | १ | १ | १ | १ | १ | १० |
| ३ | सबलीकरण गर्नुपर्ने विद्यालय सङ्ख्या | | २ | २ | २ | २ | २ | २० |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | | २ | २ | २ | २ | २ | २० |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | | २ | २ | २ | २ | २ | २० |
| ६ | घेरा वारा गर्नु पर्ने विद्यालय | | २ | २ | २ | २ | २ | २० |
| ७ | वाल उद्यान भएको विद्यालय | | २ | २ | २ | २ | २ | २० |
| ८ | खाने पानी भएको विद्यालय | | २ | २ | २ | २ | २ | २० |
| ९ | खेलमैदान भएको विद्यालय | | १ | १ | १ | १ | १ | १० |
| १० | उपयुक्त फर्निचर भएका विद्यालय | | २ | २ | २ | २ | २ | २० |

## ४.६.५ प्रमुख क्रियापलाप तथा लक्ष्य

| क्र सं. | प्रमुख क्रियाकलापहरू | | भौतिकलक्ष्य (पहिलो५वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाई | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | भौतिक पूर्वाधार विकास योजना निर्माण | पटक | | १ | - | | - | १ | | |
| २ | विद्यालयमा अपाङ्गमैत्री, प्रविधिमैत्री, बिपद् प्रतिरोधी, बालमैत्री एवं लैङ्गिकमैत्री कक्षाकोठा व्यवस्थापन। | विद्यालय | ० | २ | २ | २ | २ | ८ | १५ | |
| ३ | निर्माणभएका संरचनाहरूको सम्बर्द्धन तथा मर्मत(आवश्यकता अनुसार निरन्तर ) | विद्यालय | | | | | | | | |
| ४ | विनियोजित रकमको शिर्षक अनुसार कार्यान्वयन, अनुगमन तथा मूल्याङकन (आवश्यकता अनुसार निरन्तर ) | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | कक्षा १ देखी ३ सम्मका कक्षाकोठामा बालमैत्री तथा छापामय वातावरण निर्माण गर्ने | विद्यालय | ० | ७ | ७ | ७ | ७ | २८ | ३५ | |
| ६ | विद्यालय हाता हरियाली कार्यक्रम (निरन्तर ) | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | शौचालय व्यवस्थापन | ओटा | २ | ३ | ३ | ३ | ३ | १४ | ३५ | |
| ८ | खानेपानी व्यवस्थापन | विद्यालय | २ | ३ | ३ | ३ | ३ | १४ | ३५ | |
| ९ | घेरावारा | विद्यालय | २ | ३ | ३ | ३ | ३ | १४ | ३५ | |
| १० | उपयुक्त फर्निचर व्यवस्थापन | विद्यालय | २ | ३ | ३ | ३ | ३ | १४ | ३५ | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### वर्तमान अवस्था

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापनमा सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ यसको प्रयोगमा भएको विभेद (डिजिटल डिभाइड) कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइमा सुधार गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सहयोग पुर्याउँछ ।

नेपालमा विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले विद्यालय तहमा सूचना तथा प्रविधिलाई विषय र शिक्षण सिकाइको माध्यामका रुपमा विकास गर्ने निति अगाडि सार्यो। राष्ट्रिय शिक्षा निति २०७६ ले सूचना तथा प्रविधिलाई शिक्षा प्रणालीको अंगको रुपमा एकिकृत गर्दै प्रविधिको पूर्वाधार विकास गर्ने नीति लिएको छ। सूचना प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका पहूँच पुर्याउने नीति निर्धारण गरेको छ। डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालय तहमा सूचना तथा प्रविधि शिक्षा प्रदान गर्ने उल्लेख गरेको छ। वैकल्पिक प्रणालीमा विद्यार्थीको सिकाइ सहजिकरण निर्देशिका २०७७ ले कोभिड १९ वा यस्तै प्रकारका बिपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफ एम रेडियो, टेलिभिजन, अनलाईन अफलाईन परियोजना पाठहरू, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षा लगायतका माध्यामवाट अध्ययन अध्यापन सुचारु राख्न सूचना प्रविधिलाई विशेष जोड दिइएको छ। शिक्षक पेसागत विकास प्रारुप २०७२ पहिलो संस्करण २०८० ले शिक्षक तालिममा सिकाइमा नवप्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा जोड दिएको छ।

अरुण गाउँपालिकाको माध्यमिक तहका केही विद्यलयहरूले आफ्नै, गाउँपालिका तथा अन्य निकायको व्यवस्थापनमा सिसिटिभि क्यामेरा जडान गरिएको छ। गाउँपालिकाका सबै विद्यलयहरूमा इन्टरनेट सेवा विस्तार गरिएको छ। संघीय तथा प्रदेशबाट विभिन्न सशर्त बजेटबाट गाउँपालिकाका केही विद्यालयमा विज्ञान प्रयोगशाला तथा कम्प्युटर ल्याबहरू, स्मार्ट बोर्ड खरिद तथा जडान भएका छन्। केहि विद्यालयको इसिडि कक्षामा डिजिटल सिकाइका सामग्री मार्फत शिक्षण सिकाइ भइरहेको छ। पालिकाको आफ्नै स्रोतबाट सूचना तथा सञ्चार क्षेत्रमा लगानी गर्न सकिएको अवस्था न्यून मात्रामा भए पनि शिक्षक तथा विद्यालय कर्मचारीहरूका लागि प्रविधि सम्बन्धी तालिम समय समयमा सञ्चालन गरीएका छन्। IEMIS बाट विद्यालयका अधाकांश कामहरू गर्न सकिने भएकाले सहजता हुदै गएको छ।

सबै विद्यालयहरूमा सूचना तथा प्रविधिका न्यूनतम उपकरणहरू पनि नहुनु, भएका सामग्रीको प्रयोग गर्ने दक्ष जनशक्तिको अभाव हुनु, नियमित मर्मत सम्भार गर्न जनशक्ति र आर्थिक श्रोतको अभाव हुनु, त्यसैगरी शिक्षकका आठ ओटा सक्षमता मध्ये एउटा सूचना तथा प्रविधिको ज्ञान शिक्षकमा हुनपर्ने व्यवस्था गरेको भएता पनि सबै शिक्षकहरूमा शिक्षण कार्यमा सूचना प्रविधिको प्रयोग सम्बन्धी ज्ञान पर्याप्त नहुनु, विद्यालयले प्रबाह गर्ने बिभिन्न सेवाक्षेत्रमा प्रविधिको प्रयोग न्यून हुनका साथै प्रभावकारी नहुनु, सवै विद्यार्थीका अभिभावका घरमा इन्टरनेट सुविधा नहुनु, स्मार्ट मोवाइल फोन नहुनु, टेलिभिजन नहुनु , विद्यार्थी तथा अभिभावकमा सूचना तथा प्रविधिको उचित प्रयोग सम्बन्धी ज्ञानको अभाव हुनु, स्थानीय स्तरमा एफ एम रेडियो नहुनु मुख्य समस्या तथा चुनौती रहेका छन् ।

### ४.७.२ उद्देश्य

- शिक्षण सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्नु।
- बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न शिक्षा सम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोगको वद्धि गरी सहज, छिटोछरितो र सर्वसुलभ बनाउनु
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सबै लक्षीत समूह सम्म विस्तार गर्नु।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षाको समग्र व्यवस्थापनलाई प्रभावकारी, कार्यकुशल र पारदर्शी बनाउनु।

### ४.७.३ रणनीति

- सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचनाहरू तथा उपकरणको व्यवस्था गरी भौतिक तथा व्याबस्थापकीय पक्षहरूलाई प्राविधिमैत्री बनाइने छ।
- संघ, प्रदेश तथा अन्तरपालिका समन्वयमा कार्यरत सबै र नवप्रवेशी शिक्षकहरूको तालिम तथा कार्यशालाको माध्यमबाट सूचना तथा सञ्चार प्रविधि सम्बन्धी क्षमता विकास गरिने छ । नवप्रवेशी शिक्षकहरूका लागि प्रविधि प्रयोगको सीप आवश्यक सर्त हुने छ।
- पालिका स्तरमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी प्राविधिक सहायताका लागि सक्षम शिक्षकहरूको छनौट गरी विषयगत समिति बनाइने छ। सो समितिलाई आवश्यकता अनुसार डिजीटल सामग्री निर्माणमा जिम्मेबार बनाइने छ।
- शिक्षण सिकाइमा कृतिम वौद्धिकताको प्रभावकारि प्रयोगमा जोड दिइने छ।
- शिक्षक सहायता तथा पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रणालीको प्रयोग गरिने छ।
- विश्वव्यापी रुपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा विद्यालय, शिक्षक एवम् विद्यार्थीको पहुँचमा पुऱ्याईने छ।
- IEMIS को प्रयोगलाई थप विस्तार तथा व्यवस्थित गराईने छ।
- विभिन्न माध्यम (Virtual/In-person) सिकाइ आदानप्रदानका लागि सिकाइ समूह निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ।
- सबै विद्यालयहरूमा प्रभावकारी इन्टरनेट सेवा सुनिस्चित गरिने छ।
- गाउँपालिका भित्र रहेका सामुदायिक सिकाइ केन्द्र तथा सामुदायिक पुस्तकालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सेवालाई सहज र प्रभावकारी बनाईने छ।
- एक शिक्षक एक ल्यापटप कार्यक्रम कार्यान्वयनमा ल्याइने छ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**क. उपलब्धि**

शिक्षक तथा विद्यार्थीहरूका लागि सूचना तथा सञ्चार प्रविधिको सहज पहुँच सहित शिक्षण सिकाइमा
ब्यापक प्रयोग भइ विद्यार्थीहरूको सिकाइ प्रभावकारीतामा बृद्धि एवं विद्यालय सुशासन कायम भएको हुने छ।

**ख. नतिजा**

- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि पालिका स्तरमा सूचना तथा सञ्चार प्रविधि स्रोतकेन्द्रको स्थापना भएको हुनेछ ।
- विद्यालयहरू सूचना तथा सञ्चार प्रविधिमार्फत प्रविधिमा आधारित शिक्षण सिकाइ सञ्चालन गर्न सक्षम भएको हुने तथा शिक्षक र विद्यार्थीहरूले प्रविधिको अधिकतम प्रयोग गरेका हुनेछन्।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको पहुँच तथा प्रयोगमा बृद्धि भई शैक्षिक योजना, व्यवस्थापन तथा सुशासनको गुणस्तर र कुशलतामा सधुार भएको हुनेछ।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नाका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार भइ सुशासन कायम हुनेछ।
- गाउँपालिका स्तरमा सूचना तथा सञ्चार शिक्षक सहायता प्रणालीको विकास भएको हुनेछ।
- गाउँपालिका स्तरमा रहेका सामुदायिक सिकाई केन्द्र तथा पुस्तकालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भएको हुनेछ।
- एक शिक्षक एक ल्यापटप कार्यक्रम कार्यान्वयन भएको हुनेछ।
- गाउँपालिकामा सिकाइ आदानप्रदानका लागि सिकाइ समूह निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ।
- अनुगमन,मूल्याङ्कन तथा प्रतिबेदन प्रणालीमा सुधार भई लागत,जनशक्ति र समयको बचत भएको हुनेछ।

## प्रमुख नतिजा  तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९१ |
|---|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान  भएका विद्यालयको प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा प्रविधिको उपयोग भएका विद्यालय प्रतिशत | १५ | २० | ३० | ४० | ५० | ६० | १०० |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय प्रतिशत | १५ | २० | ३० | ४० | ५० | ६० | १०० |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय प्रतिशत | १५ | २० | ३० | ४० | ५० | ६० | १०० |
| ५ | विद्युत्को पहुँच पुगेका विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ६ | एक शिक्षक एक ल्यापटप भएको विद्यालय प्रतिशत | ५ | १० | १५ | २० | २५ | ३० | ५० |
| ७ | IEMIS  को प्रयोग गर्ने विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |

## ४. ७ .५.प्रमुख क्रियापलाप र परिमाणात्मक लक्ष्य

| क.सं. | क्रियाकलाप | एकाइ | पहिलो ५ वर्षको लक्ष १ | २ | ३ | ४ | ५ | जम्मा | १० वर्ष को लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा ICT  LAB बिस्तार | विद्यालय | | १ | २ | २ | २ | ७ | १४ | |
| २ | सबै विद्यालयमा  गुणस्तरीय इन्टरनेट सेवा विस्तार | विद्यालय | ० | | ४ | ४ | ४ | १२ | ३५ | |
| ३ | सबै शिक्षकहरूलाई ICT को आधारभूत तालिम कार्यक्रम | जना | ४४ | ४४ | | ४४ | ४४ | १७६ | २५० | |
| ४ | IEMIS सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | विद्यालयमा ई लाईब्रेरी सञ्चालन | विद्यालय | ० | ५ | ५ | ५ | ५ | २० | | |
| ६ | पलिका स्तरमा नमुना  ICT LAB स्थापना | वटा | | | | | १ | १ | २ | |
| ७ | पालिकामा विभिन्न समूहहरूका विभिन्न माध्यम (Virtual/In-person) सिकाइ आदानप्रदानका लागि सिकाइ समूह  निर्माण | पटक | | १ | | १ | | १ | २ | |
| ८ | सञ्चालनमा रहेका सामूदायिक  अधययन केन्द्र तथा पुस्तकालयहरूमा ICT बिस्तार | केन्द्र | | १ | | १ | | १ | २ | |
| ९ | विद्यालय सुशासनमा ICT को प्रयोग | विद्यालय | | १० | १० | १० | ५ | ३५ | ३५ | |

# परिच्छेद ५: अन्य उपक्षेत्रहरू

## ५.१ छात्रवृत्ति

### ५.१.१ वर्तमान अवस्था

नेपाल सरकारले विद्यालय तहका लक्षित समुदायका बालबालिकाहरूका लागि नीति नियमानुसार वार्षिक रुपमा तपशिलको शिर्षकमा विद्यालय मार्फत छात्रवृत्ति वितरण गरी रहेको छ :

१) आधारभूत तह छात्रा छात्रवृत्ति प्रति विद्यार्थी - रु ४००/-
२) आधारभूत तह दलित छात्रवृत्ति प्रति विद्यार्थी - रु ४००/-
३) अपाङ्ग छात्रवृत्ति प्रति विद्यार्थी
   आवासिय छात्रवृत्ति – वार्षिक रु ५०,०००/-
   सहयोगी सहायता छात्रवृत्ति – वार्षिक रू ५,०००/-
   यातायात सेवा छात्रवृत्ति – वार्षिक रू ३,०००/-
   शैक्षिक सामग्री छात्रवृत्ति – वार्षिक रू १,०००/-
४) सीमान्तकृत छात्रवृत्ती - वार्षिक रु ५००/-
५) विपन्न लक्षित छात्रवृत्ति – वार्षिक रू ६,०००/- देखि २४,०००/- सम्म
६) वैदेशिक रोजगार सन्तति छात्रवृत्ति
७) सहिद तथा द्वन्द पिडित परिवार छात्रवृत्ति

यस गाउँपालिकाबाट कक्षा १२ उत्तीर्ण गरेका लक्षित समूहका छात्राहरू मध्येबाट छनौटमा परेका विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययन गर्न छात्रवृत्ति प्रदान गरीदै आएको छ। अधिकांस विद्यालयमा विभिन्न दाताहरूले अक्षयकोषको स्थापना गरी विभिन्न शिर्षकमा बार्षिक रुपमा विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गरीदै आएको छ।

### ५.१.२ उद्देश्य

- आर्थिक रुपले विपन्न, सुविधाविहिन, अपाङ्गता र कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालयमा पहुँच अभिवृद्धि गरी उनीहरूको सहभागिता र सिकाई उपलब्धि वृद्धि गर्नु।
- विद्यालय शिक्षामा विद्यार्थी टिकाउ दर वृद्धि गर्नु।
- सवै बालबालिकाका लागि सिकाइ सुनिश्चित गरी शैक्षिक गुणस्तर वृद्धि गर्नु।

### ५.१.३ रणनिति

- छात्रवृत्ति उद्देश्यमूलक वनाउन छात्रवृत्ति छनौट तथा वितरण निर्देशिकाको निर्माण गरिने छ।
- छात्रवृत्तिका लागि मुलत: आर्थिक रुपले विपन्न, सुविधाविहिन, कठिन परिस्थितमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने व्यवस्था मिलाईने छ।
- छात्रवृत्ति छनौटका लागि मुख्य आधार सहित एकमुष्ठ अनुदान रकम विद्यालयमा पठाईनेछ र वि.व्य.स.लाई समेत जिम्मेवार बनाईने छ।
- छात्रवृत्ति रकम पुनरावलोकन गरी उद्देश्य अनुरूप पर्याप्त हुने गरी व्यवस्था गरिने छ।
- स्थानीय तह एवं विद्यालय स्वयमले आवश्यक स्रोतको व्यवस्था गरी थप विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिने छ।

- दाताहरूलाई अक्षयकोष स्थापनाका लागि प्रेरित गर्न 'मेरो विद्यालय-मेरो छात्रवृत्ति' कार्यक्रम सञ्चालन गरिने छ।
- अक्षयकोषबाट वितरण गरिने छात्रवृत्तिलाई थप व्यवस्थित र प्रभावकारी बनाइने छ।
- संस्थागत विद्यालयद्वारा प्रदान गरिने छात्रवृत्तिलाई नियमन गरी व्यवस्थित गरिने छ।
- छात्रवृत्ति वितरणमा एकरुपता कायम गर्न गाउँपालिका भित्रका विद्यालयहरूमा एकैदिन छात्रवृत्ति वितरण गर्ने गरी ***छात्रवृत्ति दिवस***कै रुपमा मनाइने छ।

### ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

#### क. उपलब्धि

छात्रवृत्ति वितरणमा मापदण्डको आधारमा पारदर्शिता कायम भई विद्यालय तहको शिक्षामा सवैको पहुँच सुनिश्चित हुन गइ सिकाइमा गुणस्तर अभिवृद्धि भएको हुनेछ।

#### ख. नतिजा

- जेहेन्दार, गरीब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिका लक्षित गरी एकीकृत छात्रवृत्ति प्रणालीको विकास र कार्यन्वयन भएको हुनेछ।
- उद्देश्य र आवश्यकतामा आधारित छात्रवृत्ति वितरण गरिएको हुनेछ।
- लक्षित समूहका विद्यार्थीले विद्यालयमा भर्ना हुने, टिकिरहने र सिकाइ सहभागिता दरमा वृद्धि भई सिकाइमा सुधार भएको हुनेछ।
- विद्यालयमा छात्रवृत्ति छनौट तथा वितरण निर्देशिकाको बृद्दी भएको हुनेछ।
- विद्यालयमा स्थापना भएका अक्षयकोषहरू थप व्यवस्थित र प्रभावकारी भएको हुनेछ।
- गाउँपालिकाबाट उच्च शिक्षाका लागि प्रदान गरिने छात्रवृत्ति ब्यापक र थप प्रभावकारी भएको हुनेछ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९१ |
|---|---|---|---|---|---|---|---|---|
| १ | नियमानुसार छात्रवृत्ति वितरण गर्ने विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | उच्च शिक्षा अध्ययन छात्रवृत्ति सङ्ख्या | | | | | | | १० |
| ३ | प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति सङ्ख्या | | | | | | | १० |
| ४ | छात्रवृत्ति छनौट तथा वितरण निर्देशिका निर्माण | | | १ | | | | १ |

### ५.१.५ प्रमुख क्रियापलाप तथा लक्ष्यहरू

| क्र.स. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य-५वर्षे | | | | | | लक्ष्य-१० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | छात्रावृत्ति दिवश कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | माध्यमिक तथा उच्च शिक्षामा विज्ञान प्रविधि जस्ता प्राविधिक विषय अध्ययनको लागि छात्रवृति कार्यक्रम | जना | | १० | १० | १० | १० | ४० | ९० | |
| ३ | विद्यालय तहका वालवालिकाहरूको सिकाईका लागि प्रोत्साहन कार्यक्रमको पहिचान तथा कार्यक्रम कार्यान्वयन | पटक | | १ | १ | १ | १ | ४ | ९ | |
| ४ | अक्षयकोषदाता सम्मान कार्यक्रम | पटक | | १ | १ | १ | १ | ४ | ९ | |

## ५· २ उच्च शिक्षा

### ५·२·१ वर्तमान अवस्था

यस गाउँपालिका क्षेत्र भित्रका ११ –१२ सञ्चालित ६ ओटा माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरू मध्ये झण्डै ८९ प्रतिशत विद्यार्थीहरूले कक्षा १२ उत्तिर्ण गरेको विगतको तथ्याङ्कले देखाउदछ । शिक्षा, मानविकी, व्यवस्थापन र कम्प्युटर इन्जिनियरीङ विषयमा उच्च शिक्षा अध्ययन गर्नका लागि भोजपुर, धनकुटा,खाँदवारी, इटहरी, विराटनगर वा काठमाण्डौ लगायतका ठाँउहरूमा डेरा गरी वस्न वाध्य छन् । यस अवस्थाको अन्त्य गर्न शिक्षाशास्त्र र व्यवस्थापन संकायको अध्ययन अध्यापन गर्न गराउन **सार्वजनिक –निजी – सामुदायिक** सहभागितामा लगानिको सुनिश्चिततामा श्री शारदा माध्यमिक विद्यालय अरुण ३ प्याउलीमा अरुण वहुमुखी क्याम्पसको स्थापनार्थ पूर्वान्चल विश्वविद्यालयवाट सम्वन्धन लिइ सामुदायिक क्याम्पसको रुपमा सञ्चालन गर्न आवस्यक तयारी गर्दै आएको अवस्था छ ।

यस क्याम्पसको सेवा क्षेत्रभित्र ११ –१२ सञ्चालित ६ ओटा माध्यमिक विद्यालयहरू हुनु,अभिभावकहरूको क्याम्पस स्थापनामा सक्रिय सहभागिता हुनु, नजिकको स्थानीय तहमा उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्था नहुनु, योग्यता पुगेका विषयगत शिक्षकहरू पर्याप्त हुनु, अर्को ब्यवस्था नहुन्जेल अध्ययन अध्यापन गर्न गराउन श्री शारदा माध्यमिक विद्यालयले विहानि शत्रका लागि भौतिक संरचना उपलव्ध गराउनु,संघीय र प्रदेश सरकारवाट पर्याप्त लगानि नहुदासम्म स्थानीय तहवाट वजेटको व्यवस्था गर्ने सुनिश्चितता हुनु सकारात्मक पक्षहरू हुन् ।

### ५·२·२ उद्देश्य

- माध्यमिक तह पुरा गरेका विद्यार्थिहरूका लागि उच्च शिक्षाको अवसर स्थानीयस्तरमा नै प्रदान गर्नु ।
- उच्च शिक्षामा अभिभावकहरूको हुने ठुलो लगानीलाई वचत गर्नु ।
- उच्च शिक्षा अध्ययन गर्ने विद्यर्थीहरवाट प्राप्त खोज अनुसन्धानलाई स्थानीयस्तरमा प्रयोग गर्नु ।

### ५·२·३ रणनीति

- उच्च शिक्षाको प्रवन्धको लागि योजना तयार गर्ने
- उच्च शिक्षा अध्ययन गर्न आउने सम्भाववित विद्यार्थिहरूको सेवा क्षेत्र पहिचान गर्ने
- शिक्षण गर्न सक्षम जनशक्तीको आँकलन गरी जनशक्ती योजना तयार गर्ने
- स्थानीयस्तरमा सञ्चालित हुने उच्च शिक्षा प्रदायक संस्थाको भौतिक, आर्थिक र मानविय श्रोतहरूको दिगो व्यवस्थापन गर्ने
- उत्कृष्ट सिकाई क्षमता भएका विद्यार्थिहरूका लागि **आफ्नो जनशक्ती आफ्नै लागि** भन्ने कार्यक्रम सञ्चालन गर्ने
- विद्यार्थिहरू आकर्षण गर्न विभिन्न प्रकारका छात्रवृत्तिको व्यवस्था गर्ने

## ५.२.४ प्रमुख उपलब्धि र नतिजा

**क. उपलब्धि**

माध्ययमिक तह पुरा गरेका विद्यार्थिहरूको उच्च शिक्षामा सहज पहुँचको अभिवृद्धि भएको हुनेछ ।

ख. **नतिजा**

- सामुदायिक क्याम्पसको स्थापना भएको हुनेछ ।
- माध्यमिक तह पुरा गरेका विद्यार्थिहरूको उच्च शिक्षामा सहज पहुँच भएको हुनेछ ।
- उच्च शिक्षामा अभिभावकहरूको उच्च आर्थिक व्ययभारमा कमि हुनेछ ।
- उच्च शिक्षा उध्ययन गर्ने विद्यर्थीहरवाट प्राप्त खोज अनुसन्धानलाई स्थानीय आवस्यकताको आधारमा प्रयोग भएको हुनेछ ।
- उच्च शिक्षामा सार्वजनिक निजी तथा सामुदायिक सहभागितामा लगानि अभिवृद्धि हुनेछ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९१ |
|---|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक क्याम्पस | ० | १ | | | | | १ |
| २ | सेवा क्षेत्र भित्रका स्नातक तह पढ्न योग्य विद्यार्थि भर्ना (%) | ० | ५० | ५५ | ५५ | ६० | ६० | ७० |

## ५.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य | | | | | | १०वर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | योजना तयार | केन्द्र | | १ | | | १ | २ | ३ | |
| २ | सम्भाववित विद्यार्थिहरूको सेवा क्षेत्र पहिचान | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | जनशक्ती योजना तयार | | | | | १ | | १ | २ | |
| ४ | श्रोतहरूको दिगो व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | पढ्दै कमाउदै कार्यक्रम सञ्चालन | | | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ६ | छात्रवृत्तिको व्यवस्था | % | | १० | १० | १० | १० | १० | १० | |
| ७ | प्रतिभा व्यवस्थापन | % | | | | | ५ | ५ | १० | |

# परिच्छेद ६: सुशासन तथा व्यवस्थापन

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ वर्तमान अवस्था

हालको संघीय संरचना अनुसार शिक्षा क्षेत्रको विकासका लागि संघ, प्रदेश, स्थानीय तह तथा स्वायत्त निकायमा विभिन्न सरकारी संस्थाहरू रहेका छन् । संघमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र यसका मातहतमा पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा मानवस्रोत विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन । शिक्षक सेवा आयोग र राष्ट्रिय परीक्षा बोर्ड स्वायत्त निकायका रूपमा रहेका छन् । प्रदेश स्तरमा सामाजिक विकास मन्त्रालय अन्तर्गत प्रदेश शिक्षा निर्देशनालय र शिक्षा तालिम केन्द्र रहेका छन् भने राष्ट्रिय परीक्षा बोर्डको प्रदेश परीक्षा व्यवस्थाप कार्यालय रहेको छ । त्यसै गरी जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाई रहेको छ । स्थानीय तहमा गाउँ शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा युवा तथा खेलकुद शाखा एवं वडा शिक्षा समितिको व्यवस्था गरिएको छ । विद्यालय तहमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति र प्रधानाध्यापकको व्यवस्था गरिएको छ ।

यस गाउँपालिकामा विद्यालय शिक्षामा सुशासन कायम गर्न अरुण गाउँपालिकाको शिक्षा ऐन २०८०, आधारभूत तह उत्तीर्ण परीक्षा समिति, बिज्ञ समूह निर्माण, विद्यालय तहमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायतको गठन, सामाजिक परीक्षण, लेखा परीक्षण, निरन्तर विद्यालय अनुगमन मूल्याङ्कन र प्रतिवेदन नियमानुसार समयमै हुने गरेको छ । तथापी देश सङ्घीयतामा गए पछी सरकारका विभिन्न तहहरू बिच समन्वय हुन नसक्नु, ऐन कानुन निर्माणमा भएको ढिलासुस्ती, प्राधानाध्यपकको नियुक्ति नियम अनुसार हुन नसक्नु,विद्यालय व्यवस्थापन समिति गठनमा राजनीतिक हस्तक्षेप, सुशासन तथा नेतृत्व क्षमता विकास सम्बन्धी तालिम नहुनु जस्ता कारणले विद्यालयमा सुशासनमा चुनौतीहरू रहेका छन ।

### ६.१.२ उद्देश्य

- शिक्षामा सुशासनका लागि उत्तरदायीपूर्ण कार्य सम्पादन, जवाफदेही नतिजा र पारदर्शीता कायम गर्नु ।
- गाउँपालिका भित्रका विद्यालय तथा शिक्षा क्षेत्रमा काम गर्ने संघ सस्था तथा जनशक्तिको क्षमता विकास गर्नु ।
- कार्य सम्पादनको आधारमा उचित पुरस्कार र दण्डको व्यवस्था गर्नु ।
- गाउँपालिका भित्रका विद्यालयहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नु ।

### ६.१.३ रणनीति

- सङ्घ तथा प्रदेशको ऐन तथा नियमवाली भित्र रहि स्थानीय तहको शिक्षा व्यवस्था गर्न आवस्यक कानुनको प्रबन्ध गरिने छ ।
- गाउँ शिक्षा समिति तथा वडा शिक्षा समिति लाई थप प्रभावकारी र जिम्मेवार बनाइने छ ।
- स्थानीय स्तरको शिक्षा शाखालाई सम्बद्ध निकायसंग समन्वयात्मक सम्बन्ध स्थापना गराइने छ ।
- गाउँपालिकाका रोष्टर प्रशिक्षकको क्षमता विकास गराइने छ ।
- प्रधानाध्यापकलाई क्षमता अभिवृद्धि गरी थप जिम्मेवार र जवाफदेहि बनाउने ।

- गाउँपालिकाभित्रका शैक्षिक संस्था तथा त्यससँग सम्बन्धित कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने ।
- स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना तथा सञ्चालन गर्ने ।
- प्रत्येक विद्यालयमा सूचना अधिकारी, गुनासो पेटिका, सूचना पाटी, गुनासो सुन्ने अधिकारी, लैङ्गिक फोकल पर्सन, विद्युतीय हाजिरी, विद्यालय वडापत्रको प्रभावकारी व्यवस्थापन गर्ने ।
- शिक्षक, विद्यार्थी र अभिभावकको आचारसंहिता निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।
- गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अविभावक संघ, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरूको क्षमता अभिबृद्धिका लागि आवस्यक तालिमको व्यवस्था गर्ने ।
- IEMIS लाई चुस्तदुरुस्त बनाइने ।
- योग्यता पुरा गरेका शिक्षकहरू मध्येबाट नियामानुसार प्रधानाध्यापकको नियुक्तिको व्यवस्था गर्ने l
- प्रधानाध्यापक बैठकलाई नियमित र प्रभावकारी गराइने ।
- विद्यालयका शिक्षक र कर्मचारीहरूलाई राजनैतिक दल बिशेषको सदस्य भएर सार्वजनिक पदमा एवं सेवामा रहेर काम गर्न नपाउने गरी बनेको कानुनलाई कार्यन्वयनमा ल्याइने छ ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन प्रक्रिया लगायतका विद्यालयका सम्पूर्ण गतिबिधिमा राजनैतिक आग्रह र पूर्वाग्रहलाई पूर्ण रुपमा निषेध गरिने छ ।
- गाउँपालिकाक्षेत्रमा सञ्चालित शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूको अनुगमन, मूल्याङ्कन गर्दै उचित पुरस्कार र दण्डको व्यवस्था गर्ने ।

### ६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

**क. उपलब्धि**

गाउँपालिका भित्रको शिक्षा विकासमा उत्तरदायीपूर्ण कार्य सम्पादन, जवाफदेही नतिजा र पारदर्शीता कायम हुन गई सुशासन प्रबर्द्धन भएको हुनेछ ।

**ख. नतिजा**

- गाउँपालिका शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यको लागि आवश्यक पर्ने पद्धतिको विकास भई दक्ष जनशक्ति तथा संरचना तयार भएका हुने ।
- गाउँपालिकाभित्र शिक्षा प्रवाह गर्ने संस्थाहरूमा आवद्ध हुने सबैको आ-आफ्नो दायित्व, जिम्मेवारी, अधिकार क्षेत्रको बारेमा स्पष्ट भएको हुने ।
- प्रत्येक विद्यालयमा सूचना अधिकारी, सूचना पाटी, गुनासो पेटिका, गुनासो सुन्ने अधिकारी, लैङ्गिक फोकल पर्सन, विद्युतीय हाजिरी, विद्यालय वडापत्र व्यवस्था भएको हुने ।
- सुशासनको लागि शिक्षक, विद्यार्थी र अभिभावकको आचारसंहिता निर्माण गरी प्रभावकारी कार्यान्वयन भएको हुने ।
- विद्यालयमा नियामानुसार प्रधानाध्यापकको नियुक्ति भएको हुनेछ ।
- विद्यालयमा हुने सम्पूर्ण गतिविधिहरूमा राजनैतिक संलग्नता र हस्तक्षेप पूर्ण रुपमा निषेध हुनेछ ।
- प्रधानाध्यापक बैठक नियमित र प्रभावकारी भएको हुने छ
- IEMIS चुस्तदुरुस्त भएको हुनेछ ।

## मुख्य नतिजा  तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०९१ |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | २ | १ | १ | १ | १ | १ | ७ |
| २ | आधारभूत विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | | १ | १ | १ | १ | १ | १५ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम विद्यालय व्यवस्थापन समिति भएका विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक नियुक्त गर्ने  विद्यालय सङ्ख्या | २८ | ३० | ३२ | ३५ | ३५ | ३५ | ३५ |
| ६ | शिक्षक अभिभावक संघ गठन भएका विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |

## ६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरू | एकाइ | ५ वर्षको भौतिक लक्ष्य | | | | | | १० वर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | सबै विद्यालयमा गुनासो सुन्ने अधिकारी र गुनासो पेटिकाको व्यवस्थापन | नियमित | | | | | | | | |
| २ | सबै विद्यालयहरूमा सूचना अधिकारीको व्यवस्था | नियमित | | | | | | | | |
| ३ | सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रम | नियमित | | | | | | | | |
| ४ | वार्षिक रूपमा लेखा परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रम | नियमित | | | | | | | | |
| ५ | प्रधानाध्यापक सँग कार्य सम्पादन करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | सबै प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापनमा संलग्न जनशक्तिलाई व्यवस्थापकीय तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | सबै विद्यालयहरूले सम्पादन गरेका कार्यलाई नियमित रुपमा सार्वजनिक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | लेखा व्यवस्थापनमा विद्युतीय प्रणालीको विस्तार | विद्यालय | | | | | | | | नियमित |
| ९ | विद्यालय सँग सरोकार राख्ने पदाधिकारीहरूको आचार संहितामा परिमार्जन र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | सबै विद्यालयहरूमा आमा समूह गठन गरी विद्यालयको नियमित अनुगमन | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | ३५ | |
| ११ | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनको लागि पूर्व विद्यार्थी समाज गठन सवै विद्यालयमा | पटक | | १ | | | १ | २ | ३ | |
| १२ | वार्षिक विद्यालय कार्य सम्पादन परीक्षण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | सार्वजनिक विद्यालयको जग्गा जमिनलाई दिगो उपयोग गर्ने कार्यविधि निर्माण | पटक | | | १ | | १ | २ | ४ | |
| १४ | समावेशी बाल क्लब गठन र परिचालन | नियमित | | | | | | | | |
| १५ | गाउँपालिका भित्र सञ्चालित शैक्षिक क्रियाकलापहरूको पुस्तिका प्रकाशन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १६ | नतिजामा आधारित प्रभावकारी अनुगमन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ वर्तमान अवस्था

कुनै पनि क्षेत्रको योजना निर्माण मात्र गरेर त्यसको विकास हुन सक्दैन । योजनले लिएका उद्देश्य प्राप्तिका लागि पर्याप्त श्रोत साधनको व्यवस्था गर्नुपर्दछ । योजनाको प्रभावकारी कार्यान्वयनमा लागत – प्रक्रिया – परिणाम – उपलब्धि – प्रभाव समेतको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन आवस्यक हुन्छ । यो १० बर्षे शिक्षा योजनाको पूर्ण कार्यान्वयन गर्न निकै चुनौती रहेको भएता पनि यस गाउँपालिकाले आफ्नो आवधिक योजन निर्माण गरी नीति तथा कार्यक्रम र बजेटको व्यवस्था मार्फत धेरै कार्यक्रमहरूलाई कार्यान्वयन गर्न सकिन्छ ।

यस १० बर्से शिक्षा योजना कार्यान्वयनका लागि आफ्नै आँगनमा आफ्नै सरकार हुनु, स्थानीय सरकारले केहि ऐन, नियम, निर्देशिका, कार्यविधि एवं संरचनाहरूको व्यवस्था गरेको भएता पनि पर्याप्त भौतिक तथा वित्तीय स्रोत साधन र दक्ष जनशक्तिको अभाव रहेको छ ।

### ६.२.२ उद्देश्य

- बार्षिक रुपमा शिक्षा नीति तथा कार्यक्रम र बजेट तयार गरी कार्यन्वयन गर्नु ।
- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।
- योजना कार्यान्वयनका लागि सरकारी तथा गैरसरकारी संघ सस्था एवं निकायहरू र निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्नु ।
- आवस्यकता अनुसार कानुन, निर्देशिका र मापदण्ड तयार गरी प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्नु ।

### ६.२.३ रणनीति

- सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक रुपमा शिक्षा नीति तथा कार्यक्रम र बजेट तयार गर्ने ।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
- विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्न लगाउने ।
- विद्यालय व्यवस्थापनलाई सशक्त र सुदृढ गर्न निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने ।
- अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
- स्थानीय स्रोत र साधनको पहिचान गरी प्रभावकारी रुपमा परिचालन गर्ने ।
- योजना कार्यान्वयन गर्न आवस्यक स्रोत व्यवस्थापनका लागि सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गर्ने ।

### ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**क. उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन भई यसका उद्देश्य प्राप्तिको सुनिश्चितता भएको हुनेछ।

**ख. नतिजा**

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।
- वार्षिक रुपमा शिक्षा नीति तथा कार्यक्रम र बजेट तयार भएको हुनेछ।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि मापदण्ड तथा निर्देशिका विकास भएका हुनेछन।
- तथ्यमा आधारित विद्यालय सुधार योजना निर्माण हुन गई प्रभावकारी कार्यान्वयन भएको हुनेछ।
- स्थानीय स्रोत र साधनको पहिचान गरी प्रभावकारी रुपमा परिचालन भएको हुनेछ ।
- योजना कार्यान्वयन गर्न आवस्यक स्रोत व्यवस्थापनका लागि सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य भएको हुनेछ ।
- योजना कार्यान्वयनको लागि प्राभावकारी अनुगमन र नियन्त्रण संयन्त्रको विकास भएको हुनेछ ।
- कार्यक्रमको आवधिक रुपमा समिक्षा भएको हुनेछ।

### ६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | १० वर्षको लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक शिक्षा नीति तथा बजेट एवं कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | विद्यालय, स्थानीय तह |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | पटक | | १ | | | १ | २ | ४ | शिक्षा शाखा |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | समय | | १ | | | १ | २ | ४ | शिक्षा शाखा, |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | विद्यालय |
| ५ | एकीकृत शैक्षिक सुचना प्रणाली सृदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानीय तह |
| ६ | शैक्षिक गुणस्तर सुधारसम्बन्धी अन्तरक्रिया | पटक | | | १ | | १ | २ | ४ | संघ , स्थानीय तह |
| ७ | विद्यालयको कार्य सम्पादन परीक्षण | पटक | | १ | | १ | | २ | ४ | शिक्षा शाखा |
| ८ | सामाजिक परीक्षण प्रतिवेदनका आधारमा विद्यालयहरूलाई थप सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | गाउँपालिका |

# परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन

## ७.१ वर्तमान अवस्था

शिक्षामा गरिने लगानीले ब्यक्ति, समाज र राष्ट्रको दिर्घकालिन विकासका लागि महत्वपूर्ण भूमिका खेल्दछ। यसका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनगुमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदन सम्बन्धी व्यवस्था गर्नु आवश्यक छ। संवैधानिक ब्यवस्था वमोजिम विद्यालय सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भएतापनि शिक्षा साझा सूचिको विषय भएकाले शिक्षाको वित्तिय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तह साथै सामुदायिक तथा निजी र सरकारी संघ सस्था तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ सस्थाहरूको समेत साझेदारी आवस्यकता पर्दछ। संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ। नेपालको संविधान अनुसार स्थानीय तहको वित्तीय स्रोतका लागि सङ्घीय स्रोतबाट सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ। समानीकरण अनुदान, विशेष अनुदान र समपुरक अनुदान सङ्घीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ भने सशर्त अनुदान सम्बन्धित सङ्घीय विषयगत मन्त्रालयले तयार गरेका मापदन्डका आधारमा निर्धारित उद्देश्य वा कार्यक्रमको प्रयोजनका लागि खर्च गर्ने गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ।

नेपालले दिगो विकास लक्ष्यको लक्ष्य नम्वर ४ मा उल्लेख गरेको *सवै बालबालिकालाई समावेशी समन्यायिक गुणस्तरीय शिक्षा र सबै वयस्कलाई जीवनपर्यन्त शिक्षाको अवसर उपलब्ध गराउन*का लागि अन्तर्राष्ट्रि मन्चमा वार्षिक राष्ट्रिय वजेटको १५ देखि २० प्रतिशत र कुल ग्राह्यस्थ उत्पादनको करिव ४ देखि ६ प्रतिशत शिक्षामा लगानी गर्ने प्रतिवद्धता गरेको छ। शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजना अन्तर्गतको वजेट विनियोजन भएको छ। शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रुपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ। सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी बृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ । तर सङ्घीय सरकारको वार्षीक बजेटलाई हेर्दा शिक्षा तर्फ करिव १० प्रतिशत र कुल गार्हस्थ उत्पादनको करिव ४ प्रतिशत मात्र शिक्षामा लगानि रहेको छ।।

विश्व परिवेश यति द्रुत गतिमा परिवर्तन भइरहेको छ जुन भोलि हुने कुराको आज पूर्वानुमान गर्न सकिदैन। यस्तो अवस्थामा दश वर्षका लागि विद्यालय शिक्षा क्षेत्रका कार्यक्रमहरूको प्रस्ताव गर्नु चुनौतिपूर्ण रहेको छ। योजनामा उल्लेख गरीएका कतिपय कार्यक्रमहरू महत्वकांक्षि भएता पनि परिवर्तित विश्व परिवेश अनुसारको जनशक्ति उत्पादन गर्नु आजको मूख्य समस्या रहेको छ। यस योजनामा उल्लेख गरीएका कार्यक्रमहरू कार्यान्यन गर्न आवस्यक बजेट संघ, प्रदेश, स्थानीय तह तथा संघ सस्था र चन्दादाताहरू वाट प्राप्त हुनसक्ने अनुमान गरिएको छ। प्रारम्भिक बालविकास र शिक्षा को सुधार, प्रत्येक वडामा कम्तिमा एक नमुना आधारभूत विद्यालयको स्थापना, प्रत्येक आधारभूत तथा माध्यमिक विद्यालयको भौतिक सुधार, थप एक प्राविधिक तथा व्यावसायिक शिक्षालयको स्थापना र उच्च शिक्षाका लागि क्याम्पस स्थापना र व्यवस्थापन जस्ता मुख्य कार्यक्रमहरूका कारणले बजेटको आकार केहि ठुलो हुन गएको छ।

### ७.२ उद्देश्य

- शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु।
- शिक्षा सम्बन्धी पहिचान गरीएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।
- उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत वजेट निर्धारण एवं कार्यान्वयन गर्नु।
- खर्च प्रक्रियमा संघ, प्रदेश र स्थानीय तिनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु।
- लगानीको उपयोगको अवस्था जानकारी लिने र दिने विधि र प्रक्रिया (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु।

### ७.३ रणनीति

- शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तिनै तहका सरकारहरू विचको लागत साझेदारीमा हुने भएकोले श्रोत सुनिश्चितताका लागि संघ र प्रदेशमा आवश्यक समन्वय गरिने छ।
- शिक्षा विकासका लागि सामुदायीक तथा निजी र सरकारी संघ सस्था तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ सस्थाहरूसंग साझेदारी गर्ने।
- शिक्षामा पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारिता बढाउने।
- शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले स्थानीय सरकारलाई थप जवाफदेहीता वन्ने प्रणालिको विकास गर्ने।
- गाउपालिकाको वार्षिक बजेटमा शिक्षातर्फको वजेट आवश्यकता र औचित्यको आधारमा उल्लेख्य वृद्धि गरिने छ।
- गुणस्तर सुनिश्चित गर्न विद्यालयलाई जवाफदेहि वनाइने छ ।
- शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरिने छ ।
- अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, शसर्त र विशेष अनुदानको उपयोग गरिने छ।
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने छ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइने छ।
- वार्षिक कुल वजेटको कम्तिमा २० प्रतिशत वजेट शिक्षा क्षेत्रमा विनियोजन गर्ने व्यवस्था गरिने छ।

### ७ ४.प्रमुख उपलब्धि तथा नतिजा

**क. उपलब्धि**

शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ।

**ख. नतिजा**

- शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कुल वजेटको वार्षिक रुपमा २० प्रतिशत पुगेको हुनेछ।
- शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीमा उल्लेख्य वृद्धि भएको हुनेछ ।
- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वमा थप वृद्धि भएको हुनेछ।
- शिक्षा सुधारको लागि श्रोतको दिगो व्यवस्थापन भएको हुनेछ।

## ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

**क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (रु हजारमा)**

| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १५००० | १५००० | १६००० | १६००० | १६००० | ७८००० | १८०००० |
| २ | आधारभूत शिक्षा | १००००० | १०५००० | ११०००० | ११०००० | १२०००० | ५४५००० | ११००००० |
| ३ | माध्यमिकशिक्षा/प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ३५००० | ३७००० | ३७००० | ३८००० | ४०००० | १८७००० | ४००००० |
| ४ | अनौपचारिक एवं निरन्तर शिक्षा | ८०० | १००० | १००० | १००० | १००० | ४८०० | १०००० |
| ५ | पाठ्यक्रम पाठ्यपुस्तक तथा मूल्याङ्कन | २२०० | २३०० | २३०० | २४०० | २४०० | ११६०० | २१००० |
| ६ | शिक्षक व्यवस्थापन तथा विकास | २५०० | ३००० | ३५०० | ४००० | ४५०० | १७५०० | ३५००० |
| ७ | शिक्षामा समता र समावेशीकरण | २१०० | २२०० | २५०० | २७०० | २९०० | १२४०० | २५००० |
| ८ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ५८०० | ६००० | ६१०० | ६२०० | ६४०० | ३०५०० | ६२००० |
| ९ | विद्यालय सुरक्षा बिपद् न्युनीकरण तथा उत्थानशीलता | ५०० | ५०० | ५०० | ६०० | ६०० | २७०० | ५००० |
| १० | विद्यालय भौतिक पूर्वाधार विकास | १०००० | १५००० | १०००० | १०००० | २०००० | ६५००० | १००००० |
| ११ | सुचना तथा प्रविधि | १००० | १००० | १००० | २००० | २००० | ७००० | १५००० |
| १२ | छात्रवृत्ती | १००० | ११०० | १२०० | १३०० | १४०० | ६००० | १२००० |
| १३ | उच्च शिक्षा | | १००० | १००० | २००० | २००० | ६००० | १०००० |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ३००० | ३००० | ३५०० | ३५०० | ४००० | १७००० | ३५००० |
| १५ | अनुगमन तथा मूल्याङ्कन | १०० | १०० | १०० | २०० | २०० | ७०० | १५०० |
| १६ | | | | | | | | |
| | जम्मा | १७९००० | १९३२०० | १९५७०० | १९९९०० | २२३४०० | ९९१२०० | २०११५०० |

**ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट ( रु हजारमा )**

| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ५०० | ५०० | १००० | १००० | १००० | ४००० | ८००० |
| २ | आधारभूत शिक्षा | ५००० | ६००० | ८००० | ८००० | १०००० | ३७००० | ५०००० |
| ३ | माध्यमिक शिक्षा | ५००० | ७००० | ८००० | ८००० | १०००० | ३८००० | ६०००० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १००० | १००० | २००० | २००० | २००० | ८००० | २०००० |
| ५ | अनौपचारिक एवं निरन्तर शिक्षा | ५०० | १००० | १००० | १००० | १५०० | ५००० | १०००० |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक तथा मूल्याङ्कन | ५०० | १००० | १००० | १००० | १५०० | ५००० | १०००० |
| ७ | शिक्षक व्यवस्थापन तथा विकास | ५०० | १००० | १००० | १००० | २००० | ५५०० | १०००० |
| ८ | शिक्षामा समता र समावेशीकरण | | ५०० | ५०० | १००० | १००० | ३००० | ५००० |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | १००० | १००० | १००० | १००० | १००० | ५००० | १०००० |
| १० | विद्यालय सुरक्षा बिपद् न्युनीकरण तथा उत्थानशीलता | ५०० | १००० | १००० | १००० | १००० | ४५०० | १०००० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ५००० | ७००० | ८००० | ८००० | १०००० | ३८००० | ५०००० |
| १२ | सुचना तथा प्रविधि | १००० | १००० | २००० | २००० | २००० | ८००० | १५००० |
| १३ | छात्रवृत्ती | | | | | | | |
| १४ | उच्च शिक्षा | १००० | १००० | २००० | २००० | २००० | ८००० | २०००० |
| १५ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ५०० | १००० | १००० | १५०० | १५०० | ५५०० | १०००० |
| १६ | अनुगमन तथा मूल्याङ्कन | ५०० | ५०० | १००० | १००० | १००० | ४००० | १०००० |
| | **जम्मा** | २२५०० | ३०५०० | ३८५०० | ३९५०० | ४७००० | १७८५०० | २८८००० |

**ग) स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गतका कृयाकलापका लागि प्राप्त हुने अनुमानित बजेट ( रु हजारमा )**

| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ११२६० | १२२०० | १२५०० | १२८०० | १३००० | ६१७६० | १२५००० |
| २ | आधारभूत शिक्षा | १०००० | १०००० | १५००० | १५००० | २०००० | ७०००० | १५०००० |
| ३ | माध्यमिक शिक्षा | ५००० | ५००० | १०००० | १०००० | १०००० | ४०००० | १००००० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १०० | २००० | २००० | २००० | ३००० | ९१०० | २०००० |
| ५ | अनौपचारिक एवं निरन्तर शिक्षा | २०० | १००० | १००० | १००० | १५०० | ४७०० | १०००० |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक तथा मूल्याङ्कन | १००० | २००० | २००० | २००० | २५०० | ९५०० | २०००० |
| ७ | शिक्षक व्यवस्थापन तथा विकास | ५०० | १००० | १००० | २००० | २००० | ६५०० | १०००० |
| ८ | शिक्षामा समता र समावेशीकरण | २०० | ५०० | ५०० | ५०० | ६०० | २३०० | ५००० |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | १००० | १००० | १००० | १२०० | १२०० | ५४०० | १२००० |
| १० | विद्यालय सुरक्षा बिपद् न्युनीकरण तथा उत्थानशीलता | १०० | २०० | २०० | ३०० | ३०० | ११०० | २००० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | १०००० | १५००० | १५००० | २०००० | २०००० | ८०००० | १५०००० |
| १२ | सुचना तथा प्रविधि | १००० | १००० | २००० | ३००० | २००० | ९००० | १५००० |
| १३ | छात्रवृत्ती | २०० | ४०० | ६०० | ८०० | ८०० | २८०० | ५००० |
| १४ | उच्च शिक्षा | २७०० | ३००० | ४००० | ४००० | ४००० | १७७०० | ३०५०० |
| १५ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | २००० | २५०० | २५०० | ३००० | ३००० | १३००० | २५००० |
| १६ | अनुगमन तथा मूल्याङ्कन | २०० | ३०० | ४०० | ४०० | ५०० | १८०० | ५००० |
| १७ | युवा तथा खेलकुद | २५०० | २८०० | ३१०० | ३३०० | ३५०० | १५२०० | ३०५०० |
| | जम्मा | ४५४६० | ५७१०० | ७९७०० | ७८००० | ८४४०० | ३३४६६० | ६८९५०० |

**घ) अन्य सङ्घसंस्थाबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (रु हजारमा)**

| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | ५०० | ५०० | ७०० | १००० | २७०० | ५००० |
| २ | आधारभूत शिक्षा | १००० | १००० | २००० | २००० | २००० | ८००० | १५००० |
| ३ | माध्यमिक शिक्षा | १००० | १००० | २००० | २००० | २००० | ८००० | २०००० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | | ५०० | ५०० | १००० | १००० | ३००० | ५००० |
| ५ | अनौपचारिक एवं निरन्तर शिक्षा | | ५०० | ५०० | ५०० | १००० | २५०० | ५००० |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक तथा मूल्याङ्कन | | १०० | २०० | ३०० | ३०० | ९०० | १५०० |
| ७ | शिक्षक व्यवस्थापन तथा विकास | ५०० | ५०० | १००० | १००० | १००० | ४००० | ५००० |
| ८ | शिक्षामा समता र समावेशीकरण | | | १०० | २०० | २०० | ५०० | १००० |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | | २०० | २०० | २०० | ३०० | ९०० | १५०० |
| १० | विद्यालय सुरक्षा बिपद् न्युनीकरण तथा उत्थानशीलता | १०० | १०० | १०० | १०० | १०० | ५०० | ८०० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | १००० | १०००० | १००० | १००० | १००० | १४००० | ३०००० |
| १२ | सुचना तथा प्रविधि | | १००० | | १००० | | २००० | ४००० |
| १३ | छात्रवृत्ती | १०० | १०० | २०० | २०० | २०० | ८०० | १५०० |
| १४ | उच्च शिक्षा | ५०० | ५०० | १००० | ५०० | ५०० | ३००० | ५००० |
| १५ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | | १०० | १०० | २०० | २०० | ६०० | १००० |
| १६ | अनुगमन तथा मूल्याङ्कन | १०० | १०० | २०० | २०० | २०० | ८०० | १५०० |
| | जम्मा | ४३०० | १६२०० | ९६०० | ११९०० | ११००० | ५२२०० | १०२८०० |

## ७.६ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया (रु हजारमा)

| क्र. सं. | उपक्षेत्र / विषय | आर्थिक वर्षगत रूपमा बजेट अनुमान (आ.व.) | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | २६७६० | २८२०० | ३०००० | ३०५०० | ३१००० | १४६४६० | ३१८००० |
| २ | आधारभूत शिक्षा | ११६००० | १२२००० | १३५००० | १३५००० | १५२००० | ६६०००० | १३१५००० |
| ३ | माध्यमिक शिक्षा | ४६००० | ५०००० | ५७००० | ५८००० | ६२००० | २७३००० | ५८०००० |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ११०० | ३५०० | ४५०० | ५००० | ६००० | २०१०० | ४५००० |
| ५ | अनौपचारिक एवं निरन्तर शिक्षा | १५०० | ३५०० | ३५०० | ३५०० | ५००० | १७००० | ३५००० |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक तथा मूल्याङ्कन | ३७०० | ५४०० | ५५०० | ५७०० | ६७०० | २७००० | ५२५०० |
| ७ | शिक्षक व्यवस्थापन तथा विकास | ४००० | ५५०० | ६५०० | ८००० | ९५०० | ३३५०० | ६५००० |
| ८ | शिक्षामा समता र समावेशीकरण | २३०० | ३२०० | ३६०० | ४४०० | ४७०० | १८२०० | ३६००० |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ७८०० | ८२०० | ८३०० | ८६०० | ८९०० | ४१८०० | ८५५०० |
| १० | विद्यालय सुरक्षा बिपद् न्युनीकरण तथा उत्थानशीलता | १२०० | १८०० | १८०० | २००० | २००० | ८८०० | १७८०० |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | २६००० | ४७००० | ३४००० | ३९००० | ५१००० | १९७००० | ३३०००० |
| १२ | सुचना तथा प्रविधि | ३००० | ४००० | ५००० | ८००० | ६००० | २६००० | ४९००० |
| १३ | छात्रवृत्ती | १३०० | १६०० | २००० | २३०० | २४०० | ९६०० | १८५०० |
| १४ | उच्च शिक्षा | ४२०० | ५५०० | ८००० | ८५०० | ८५०० | ३४७०० | ६५५०० |
| १५ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ५५०० | ६६०० | ७१०० | ८२०० | ८७०० | ३६१०० | ७१००० |
| १६ | अनुगमन तथा मूल्याङ्कन | ९०० | १००० | १७०० | १८०० | १९०० | ७३०० | १८००० |
| | **कुल जम्मा** | २५१२६० | २९७००० | ३१३५०० | ३२८५०० | ३६६३०० | १५५६५६० | ३१०१८०० |

## ७.७ योजना कार्यान्वयनका लागि वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

योजना कार्यान्वयन गर्दा वार्षिक रूपमा तय भएका योजना तथा कार्यक्रमलाई वार्षिक रूपमा रूपमा सङ्घ प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रमका आधारमा वार्षिकरूपमा स्रोत सुनिश्तितताका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गर्नुपर्छ। यसमा योजनाका रणनीति तथा कार्यक्रमलाई अद्यावधिक गरी कार्यान्वयन हुने र स्रोत सुनिश्चित भएका सो आर्थिक वर्षमा कार्यान्वयन हुने कार्यक्रमलाई समावेश गर्नुपर्छ। योजना निर्माण गर्दा स्थानीय तहको  बजेटसहितको वार्षिक योजनामा उल्लिखित क्रियाकलापलाई केन्द्रीत भइ वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन रणनीति तयार गर्नुपर्छ। वार्षिक रणनीति कार्यान्वयन योजना निर्माण गर्दा योजनाको ढाँचालाई आधार मानी तयार गर्नुपर्ने छ।

अरुण गाउँपालिकाले विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रम अनुसार १० वर्षका लागि तयार गरेको शिक्षा योजना (२०८२-२०९१) को बजेट अनुमान गरिएको छ। बजेट अनुमान गर्दा सबैका लागि नि:शुल्क शिक्षा तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता सहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम सक्षमताका मापदण्ड पुरा गरी गुणस्तरीय शिक्षा प्राप्तिमा सुनिश्चित गर्न लगानी बढाईएको छ। वालविकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालयका सहयोगी कर्मचारीहरूलाई दिदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिईएकोछ। गाउँपालिका अन्तर्गतको विभिन्न विद्यालयहरू कक्षाकोठा, शौचालय, सपोर्ट वाल, लगायत अन्य भौतिक पुर्वधारहरूको संरचनागत सुधार गर्दै शैक्षिक गुणस्तरमा जोड दिईएको छ। माध्यमिक शिक्षालाई नि: शुल्क गर्न, सान्दर्भिकता  र गुणस्तर सुधार गर्न, भर्ना अभिवृद्धि दर बढाउन र व्यावसायिक सीप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न बजेटमा समावेश गरिएको छ।

# परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

योजना निर्माणमा Plan- Act- See गरी तीन चरणहरू हुन्छन् जसमा अनुगमन तथा मूल्याङ्कन अन्तिम र अति महत्वपूर्ण चरण हो। योजनामा राखिएका क्रियाकलापहरू निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भइ लक्षित उपलब्धि हासिल गर्न सफल भएका छन् वा छैनन भन्ने सुनिश्चितताको लागि तोकिएको संयन्त्रबाट कार्यक्रम कार्यान्वयनको लक्ष अनुसारको प्रगतिका बारेमा समय समयमा निरिक्षण, सुपरिबेक्षण, निगरानी, रेखदेख तथा जाँचबुझ गर्ने गराउने काम अनुगमनद्वारा गरीन्छ भने मूल्याङ्कनवाट शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता, उपयुक्तता, सान्दर्भिकता र दक्षताको लेखाजोखा तथा जाँचबुझ गरी उक्त कार्यक्रमहरूको प्रतिफल तथा प्रभावको बारेमा जानकारी प्राप्त गरीन्छ। शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई उत्तरदायीपूर्ण, जवाफदेही, पारदर्शी र नतिजामुखी बनाउनको लागि अनुगमन तथा मूल्याङ्कन अनिवार्य हुन्छ।

हालको विद्यमान अवस्थामा यस गाउँपालिकाको शिक्षा क्षेत्रको अनुगमन तथा मूल्याङ्कन गर्न लाई गाउँपालिका अध्यक्षको अध्यक्षतामा रहेको गाँउ शिक्षा समिति मुख्यरुपमा रहेको छ भने शिक्षा, युवा तथा खेलकुद शाखाबाट शैक्षिक गतिविधिहरूको सन्चाललन तथा पालिकाभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरूको अनुगमन र मूल्याङ्कन भइरहेको छ। अरुण गाँउपालिकाको शिक्षा ऐन २०८० ले आफ्नो वडा भित्रको शैक्षिक गतिविधिहरूको सन्चाललन तथा रेखदेख गर्न वडा शिक्षा समितिको समेतको व्यवस्था गरेको छ। विद्यालयस्तरमा विद्यालयको व्यवस्थापन, रेखदेख र अनुगमन गर्न मुख्यरुपमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, प्रधानाध्यापक र सामाजिक परीक्षण समितिको व्यवस्था गरेको छ। विद्यालयस्तरमा गठन भएको सामाजिक परीक्षण समितिले गरेको मूल्याङ्कनको आधारमा गाउँपालिकाले विद्यालयलाई पुरस्कृत गर्ने व्यवस्था गरेको छ। विद्यालय अनुगमनका क्रममा विद्यालयको शैक्षिक, प्रशासनिक, भौतिक लगायत समग्र रुपमा अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन गरे पश्चात सरोकारवालाहरूसँग समिक्षा तथा अन्तरक्रिया गरी राम्रा पक्षको निरन्तरता एवं सुधारात्मक पक्षका लागि कार्ययोजना वनाई कार्यान्वयन गर्न आवश्यक देखिन्छ।

## ८.२ उद्देश्य

- प्रभावकारी र विश्वसनीय अनुगमन प्रणालीको विकास गर्नु।
- नतिजामा आधारित अनुगमन र मूल्याङ्कन प्रणाली विकास गर्नु।
- कार्यक्रम कार्यान्वयनका क्रममा आएका समस्याहरूलाई समयमै पहिचान गरी समाधान गर्दै अपेक्षित उपलब्धि हासिल गर्नु
- शैक्षिक कार्यक्रमहरूको स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु
- योजनाको लगानी, प्रक्रिया र प्रतिफल तहसम्मको मूल्याङ्कन गर्नु।

## ८.३ रणनीति

- सहभागितामूलक एवं नतिजामा आधारित अनुगमन र मूल्याङ्कनलाई संस्थागत गरिने छ।
- सूचक तथा मापदण्डमा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालिको विकास गरिने छ।

- संघ प्रदेश तथा जिल्लाका अनुगमन तथा मूल्याङ्कनसँग सम्बद्ध निकायहरूसंग सहकार्य गरी अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाइने छ ।
- कार्ययोजनामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रक्रिया अवलम्बन गरिने छ ।
- अनुगमन तथा मूल्याङ्कनमा आधुनिक प्रविधि तथा प्रक्रिया अवलम्बन गरिने छ ।
- अनुगमन तथा मूल्याङ्कनको नतिजाको आधारमा कार्यक्रम कार्यान्वयन प्रक्रियामा आवश्यक सुधार गरिने छ ।
- गाउँपालिकामा कार्यरत जनशक्तिको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सक्षमता विकास गरिने छ ।
- गाउँपालिका भित्र कार्यरत विभिन्न सरकारी तथा गैर सरकारी निकायहरूबिच समन्वय गरी अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाइने छ ।
- विद्यालयमा गरिने सामाजिक परीक्षणलाई थप व्यवस्थित र वस्तुनिष्ठ बनाइने छ ।
- एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको प्रयोगमा थप सुदृढीकरण गरिने छ ।
- अनुगमन तथा मूल्याङ्कनलाई प्रतिवेदनमा आधारित बनाई पुरस्कार र दण्ड गर्ने प्रणाली विकास गरिने छ ।
- गाउँपालिका भित्र सञ्चालितत शैक्षिक कार्यक्रमहरूको वार्षिक रुपमा शैक्षिक बुलेटिन प्रकासन गरिने छ ।

## ८.४ प्रमुख उपलब्धि तथा नतिजा

### क. उपलब्धि

शैक्षिक योजनाको प्रभावकारी रुपमा कार्यान्वयन भई अपेक्षित उपलब्धि हासिल भएको हुनेछ ।

### ख. नतिजा

- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचनाको निर्माण एवं क्षमता विकास भएको हुनेछ ।
- अनुगमन तथा मूल्याङ्कनका लागि सूचक तथा मापदण्डहरूको विकास भएको हुनेछ ।
- नतिजामा आधारित अनुगमन प्रणालीको विकास भएको हुनेछ ।
- अनुगमन तथा मूल्याङ्कनका लागि आधुनिक प्रविधिको प्रयोग भएको हुनेछ ।
- अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाउन गाउँपालिका भित्र कार्यरत विभिन्न सरकारी तथा गैर सरकारी निकायहरूबिच समन्वय स्थापना भएको हुनेछ ।
- अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको आधारमा शैक्षिक कार्यक्रमहरूको वार्षिक रुपमा शैक्षिक वुलेटिन प्रकासन भएको हुनेछ ।
- अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको चौमासिक रुपमा समिक्षा भएको हुनेछ ।

## ८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा | | |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | गाउँ शिक्षा समितिवाट विद्यालय अनुगमन (आवस्यक अनुसार) | पटक | | | | | | | | नियमित |
| ४ | वडा शिक्षा समितिवाट विद्यालय अनुगमन (आवस्यक अनुसार) | | | | | | | | | नियमित |
| ५ | शिक्षा शाखावट विद्यालय अनुगमन | पटक | | | | | | | | |
| ६ | सामाजिक परीक्षण लाई वस्तुनिष्ठ वनाउन समितिको क्षमता अभिवृद्धि कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | वार्षिक रुपमा शैक्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका प्रकासन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## अनुसूची – १

### शिक्षा योजना निर्माण सम्बन्धी  विभिन्न कार्यक्रमहरूको फोटाहरू







# अनुसूची – २

## अरुण गाउँपालिकामा सन्चालित  विद्यालयहरूको नामावली

| क्र.सं. | विद्यालयको नाम | संचलित कक्षा |
|---|---|---|
| १ | कटका मा. वि. अरुण– १ | १– १२ |
| २ | रचना आ. वि. अरुण– १ | १– ५ |
| ३ | महंकाली आ. वि. अरुण– १ | १– ५ |
| ४ | जनसहयोगी आ. वि. अरुण– १ | १– ५ |
| ५ | जनप्रेमी आ. वि. अरुण– १ | १– ३ |
| ६ | जालपा आ. वि. अरुण– १ | १– ३ |
| ७ | कोशी आ. वि. अरुण– १ | १– ३ |
| ८ | चम्पे मा. वि. अरुण– २ | १– १२ |
| ९ | चण्डेश्वरी आ. वि. अरुण– २ | १– ५ |
| १० | हिमशिखर आ. वि. अरुण– २ | १– ५ |
| ११ | शिद्धकाली आ. वि. अरुण– २ | १– ५ |
| १२ | सूर्योदय आ. वि. अरुण– २ | १– ३ |
| १३ | शारदा मा. वि. अरुण– ३ | १– १२ |
| १४ | सरस्वती आ. वि. अरुण– ३ | १– ८ |
| १५ | विजयवास आ. वि. अरुण– ३ | १– ५ |
| १६ | रवेश्वर आ. वि. अरुण– ३ | १– ५ |
| १७ | पन्चकन्या आ. वि. अरुण– ३ | १– ५ |
| १८ | अरुणोदय मा. वि. अरुण– ४ | १– १२ |
| १९ | जालपा आ. वि. अरुण– ४ | १– ८ |
| २० | विजया आ. वि. अरुण– ४ | १– ५ |
| २१ | कौशिका आ. वि. अरुण– ४ | १– ३ |
| २२ | अरुण आ. वि. अरुण– ४ | १– ३ |
| २३ | विश्वप्रेमी मा. वि. अरुण– ५ | १– १२ |
| २४ | पन्चकन्या आ. वि. अरुण– ५ | १– ८ |
| २५ | श्रीखण्ड आ. वि. अरुण– ५ | १– ५ |
| २६ | विश्वविद्योदय आ. वि. अरुण– ५ | १– ५ |
| २७ | महेन्द्रोदय मा. वि. अरुण– ६ | १– १२ |
| २८ | मकालु आ. वि. अरुण– ६ | १– ५ |
| २९ | सुर्योदय आ. वि. अरुण– ६ | १– ५ |
| ३० | अरुण गङ्गा आ. वि. अरुण– ६ | १– ५ |
| ३१ | कोशी आ. वि. अरुण– ६ | १– ५ |
| ३२ | वालसंसारी आ. वि. अरुण– ६ | १– ३ |
| ३३ | सगरमाथा मा. वि. अरुण– ७ | १– १० |
| ३४ | जनश्रम वालकल्याण आ. वि. अरुण– ७ | १– ३ |
| ३५ | साकेवा आ. वि. अरुण– ७ | १– ३ |
| ३६ | सामुदायिक बालविकास केन्द्र – १ | |
| ३७ | सामुदायिक बालविकास केन्द्र – ४ | |
| ३८ | सामुदायिक बालविकास केन्द्र – ५ | |
| ३९ | सामुदायिक बालविकास केन्द्र – ६ | |
| ४० | प्याउली इङ्लिस बोर्डिङ – ४ | १– ५ |
| | न्यू भिजन इङ्लिस बोर्डिङ – ६ | १– ५ |